actionaid

# सार्वजनिक शिक्षा

## स्रोत पुस्तिका




एक्सनएड, २०२५

प्रकाशक : **एक्सनएड अन्तर्राष्ट्रिय नेपाल**
पोष्ट बक्स नं. ६२५७, काठमाडौं, नेपाल
फोन नं. ०१-४००२१७७
इमेल : mail.nepal@actionaid.org

**लेखन तथा सम्पादन** : देवेन्द्र सिंह, कार्यक्रम विकास प्रबन्धक, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल
**सल्लाहकार** : सरोज पोखरेल, प्रमुख, कार्यक्रम नीति तथा व्यवसाय विकास, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल
**भाषा सम्पादन** : पेन्टाग्राम प्रा. ली.
**प्रकाशित प्रति** : ३०० प्रति
**मिति** : पौष २०८२
**डिजाइन तथा मुद्रण** : पेन्टाग्राम प्रा. ली.

**सर्वाधिकार : एक्सनएड अन्तर्राष्ट्रिय नेपाल**
यस पुस्तकमा समावेश भएका सामग्रीहरूको स्वामित्व र अधिकार एक्सनएड अन्तर्राष्ट्रिय नेपालमा सुरक्षित रहने छ तर सबैले गैरनाफामूलक तथा सकारात्मक सामाजिक रूपान्तणसम्बन्धी काममा यसको प्रयोग गर्न सक्नेछन्। जोसुकै व्यक्ति वा संस्थाले माथि उल्लेख भएबमोजिम यसको प्रयोग वा सन्दर्भ उल्लेख गर्दा एक्सनएड अन्तर्राष्ट्रिय नेपालको नाम उल्लेख गरी त्यस्ता कागजात वा जानकारीको एकप्रति एक्सनएड अन्तर्राष्ट्रिय नेपाललाई उपलब्ध गराइ दिनहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।

## विषयवस्तु

१) नागरिक मञ्च :सामाजिक न्याय आन्दोलनको सारथी तथा सहजकर्ता ... १
(Civic Forum: Social Justice Movement- Change Facilitator)

२) आकर्षक विद्यालय : अवधारणा तथा प्रक्रिया ... ७
(Scenic School: Concept and Process)

३) सुरक्षित विद्यालय : संरचनागत र गैरसंरचनागत लेखाजोखा प्रक्रिया ... १७
(Safe School: Physical / Non-Physical Assessment Process)

४) विद्यालय शिक्षाका दश अधिकार : अनुगमन तथा प्रवर्धन ... ३१
(Promoting Rights in Schools: monitoring and promotion in school education)

५) नागरिक शिक्षा प्रतिवेदन :सहभागितात्मक कार्यमूलक अनुसन्धान ... ३७
(Citizen Education Report: a Participatory Action Research)

६) विद्यालय सूचनापाटी : स्वमूल्याङ्कन प्रक्रियाका सूचक ... ८७
(School Dashboard: Self-Assessment Process Indicators)

७) विद्यालय अङ्कतालिका :जवाफदेहिताको एक विधि ... ९७
(School Scorecard: An Accountability Tool)

८) कर न्याय तथा शिक्षामा लगानी :बजेट विश्लेषण ... १०७
(Education Financing: Budget Tracking)

९) सामाजिक परिचालन :अवधारणा र अभ्यास ... ११३
(Social Mobilisation : Approach and Practice)

१०) लैंगिक उत्तरदायी बजेट: बुझाइ, प्रतिबद्धता र नागरिक संस्थाको भूमिका ... १२१
(Gender Responsive Budget: Understanding, Commitment and Role of CSO)






# पुस्तिका बारे दुई शब्द



एक्सनएड अन्तर्राष्ट्रिय नेपाल गरिबीको चक्र मानव–सृजित परिणाम हो र यसलाई अन्त्य गर्न सम्भव छ भन्ने बलियो विश्वास गर्दछ। मानव अधिकारको उल्लङ्घन, संरचनागत सामाजिक अन्याय र असमान शक्ति सम्बन्धलाई न्यायपूर्ण बनाउने लोकतान्त्रिक विधि, प्रक्रिया र अभ्यासका लागि सार्वजनिक शिक्षाले महत्वपूर्ण आधार तय गर्दछ। सन् १९८२ देखि एक्सनएडले नेपालमा आफ्नो स्थापना कालदेखि नै औपचारिक रूपमा विकासका विभिन्न अवधारणा र कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ, जसमध्ये विद्यालय शिक्षा एक प्रमुख रणनीतिक क्षेत्र रहँदै आएको छ।

राज्यले प्रदान गर्ने विभिन्न सार्वजनिक सेवामध्ये विद्यालय शिक्षा पनि एक हो, जुन नागरिकलाई बिना विभेद सर्वसुलभ हुनुका साथै सबै बालबालिकाको सहज पहुँच सुनिश्चित हुनु अनिवार्य छ। नेपालको संविधान २०७२ अनुसार मुलुकको संघीय शासकीय संरचना अन्तर्गत तीन तहका निर्वाचित सरकारहरूमध्ये विद्यालय शिक्षाको मुख्य दायित्व स्थानीय तहमा निहित छ।

यसै सन्दर्भमा, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल तथा यसका साझेदार संस्थाहरू सार्वजनिक शिक्षाको समग्र रूपान्तरणको अभियानमार्फत गुणस्तरीय विद्यालय शिक्षाका लागि सुरक्षित सिकाइ वातावरण निर्माण, बालमैत्री शिक्षण–सिकाइ प्रवर्धन, विद्यालयका निर्णय तथा योजना निर्माण प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, आकर्षक विद्यालयको अवधारणा प्रवर्धन, लैङ्गिकमैत्री कक्षा कोठा तथा विद्यालय सुविधाको विकास, शिक्षकहरूको बालकेन्द्रित तथा प्रविधिमा आधारित शिक्षण–सिकाइसम्बन्धी क्षमता अभिवृद्धि, डिजिटल सामग्रीको प्रयोग, तथा बालबालिकाको नेतृत्वमा सह–सिकाइ र अतिरिक्त क्रियाकलाप जस्ता कार्यहरू निरन्तर गर्दै आएको छ।

साथै, स्थानीय तहसँगको सहकार्यमा शिक्षा सुशासन सुदृढीकरण, विद्यालय शासन संयन्त्रको जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्न सहभागितामूलक सामाजिक जवाफदेहिताका विधि तथा प्रक्रियाहरू (जस्तै विद्यालय अंकतालिका, ड्यासबोर्ड, गुनासो सुनुवाइ संयन्त्र, सामाजिक परीक्षण) को अभ्यास, साथै विद्यालय योजना निर्माणका लागि सहजीकरणसम्बन्धी पहलहरू पनि गरिँदै आइएको छ।

सार्वजनिक शिक्षामा वित्तीय अभाव (Financing Gap) को अवस्था पहिचान गर्न विद्यालय शिक्षामा हुने लगानी खर्चको विश्लेषण, शिक्षाका १० अधिकार (Promoting Rights in School -PRS) मा आधारित विद्यालयको समग्र अवस्थाको मूल्याङ्कन तथा नागरिक शिक्षा प्रतिवेदन तयारी, शिक्षामा लगानी वृद्धि गर्न प्रगतिशील र न्यायपूर्ण कर प्रणाली तथा आन्तरिक स्रोत परिचालनसम्बन्धी अध्ययन र वकालत, लैङ्गिक उत्तरदायी विद्यालय शिक्षाको कार्यढाँचामा आधारित विद्यालयको लेखाजोखा, वैदेशिक ऋण तथा अनुदानका शर्तहरूलाई न्यायपूर्ण बनाउने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वकालत, साथै स्थानीय तहमा नागरिक मञ्चको अगुवाइमा सार्वजनिक शिक्षा रूपान्तरणसम्बन्धी विभिन्न अध्ययन, प्रमाणमा आधारित बहस र सचेत पहलहरू निरन्तर रूपमा अघि बढाइँदै आइएको छ।

यसै सन्दर्भमा, प्रस्तुत स्रोत सामग्री सार्वजनिक शिक्षा रूपान्तरणको अभियानमा क्रियाशील सामाजिक अभियन्ताहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार गरिएको हो। यसमा समेटिएका विभिन्न सामग्रीहरू एक्सनएड अन्तर्राष्ट्रिय नेपाल तथा यसका साझेदार संस्थाहरूको विगतका अनुभव र सिकाइका आधारमा तयार गरिएका हुनाले विद्यालय शिक्षाको क्षेत्रमा कार्यरत सरोकारवालाहरूका लागि उपयोगी हुने विश्वास गरिएको छ।

सुजिता माथेमा
कार्यकारी निर्देशक
एक्सनएड अन्तर्राष्ट्रिय नेपाल
पौष २०८२



# १

## नागरिक मञ्च: सामाजिक न्याय आन्दोलनको सारथी तथा सहजकर्ता

(Civic Forum: Social Justice Movement- Change Facilitator)

# १ नागरिक मञ्च: सामाजिक न्याय आन्दोलनको सारथी तथा सहजकर्ता

## नागरिक मञ्चको औचित्य

सङ्घीय शासन व्यवस्था र शासकीय पद्धतिमा राज्यको नीति निर्माण र कार्यान्वयन तहमा हरेक नागरिकको विभेदरहित सहज पहुँच र सहभागिता लोकतन्त्रको अनिवार्य सर्त हो । संविधान प्रदत्त मौलिक हकको न्यायपूर्ण अनुभूति र हक सुनिश्चितताका लागि तीन तहका सरकारहरू नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही हुनुपर्छ । नेपालमा स्थानीय तह अग्रभागको सेवा प्रदायक निकाय हो जहाँ नागरिकले सेवा लिने, सेवाप्रति चित्त नबुझेमा प्रश्न गर्ने र शासकीय मामिलामा सक्रिय सहभागिताको सुनिश्चिता हुनुपर्दछ ।

सरकार नागरिकप्रति उत्तरदायी र जवाफदेही बन्न नसक्दा राज्यप्रति असन्तोष बढ्दै गएको छ । अधिकारको उपभोगबाट वञ्चित हुन पुगेका अनौपचारिक क्षेत्रका श्रमिक, महिला, साना किसान, युवा, तथा बालबालिकाका पक्षमा सङ्घर्ष गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । समानता र न्यायका पक्षधरहरू, स्थानीय नागरिक समाज सङ्घसंस्था तथा सञ्जालहरू अधिकारविहीनहरूको पक्षमा साझा सवालहरू निर्माण गर्नुपर्ने आवश्यकता छ । अधिकारग्राहीहरूको न्यायका लागि पहिचान गरिएका सवालहरूमा सार्थक संवाद र सहकार्यलाई प्रवर्धन गर्न यस नागरिक मञ्चको आवश्यकता देखिएको हो । यस मञ्चमार्फत समुदायका व्यक्तिहरू आपसमा जोडिने, अरूका विचार र समस्याहरूको समाधानका विकल्पमा बहस गर्ने तथा न्यायोचित विकासका लागि सामूहिक कदम चाल्न सार्वजनिक थलो उपलब्ध हुन्छ ।

मानव अधिकार प्रवर्धन, न्याय र समानताका लागि बृहत सामाजिक आन्दोलनको आवश्यकता हुन्छ । समुदायको सङ्घर्ष र भोगाइको जगबाट उठेका रूपान्तरणीय सामाजिक परिचालनका आन्दोलनहरूबाट नै न्यायपूर्ण समाजको पुर्नस्थापना सम्भव छ भन्नेमा एक्सनएड र यसका साझेदार संस्थाहरूले विश्वास गर्छन् । यस्ता न्यायिक आन्दोलनहरूलाई अधिकारग्राही समुदायले नै अगुवाइ गर्छन् र न्याय, समानता तथा मानवअधिकारका पक्षधर बृहत् नागरिक संस्था तथा व्यक्तिहरूले ती आन्दोलन तथा पहलहरूमा साथ, सहयोग तथा ऐक्यबद्धता प्रकट गर्छन् ।

गरिबीका मुख्य कारणहरूमा मानवअधिकारको उल्लङ्घन एउटा प्रमुख कारण हो । उपलब्ध स्रोत तथा अवसरको न्यायोचित वितरण नहुँदा, सामाजिक, आर्थिक तथा राजनीतिक पद्धति गरिबपक्षीय नहुँदा, अपारदर्शी तथा शासनमा भ्रष्टाचार हावी हुँदा, पितृसत्तात्मक सामाजिक प्रणालीले संरक्षण पाउँदा गरिबी र अन्यायबाट मुक्ति मिलेको छैन । अन्याय र गरिबीको चक्रबाट मुक्ति चाहने समुदाय तथा आफूले प्रत्यक्ष रूपमा यस्तो अन्याय र गरिबी भोग्नु नपरे पनि समानता र न्यायका पक्षमा क्रियाशील अभियन्ताहरू हाम्रो समुदायमा छन् । तर यस्ता न्यायपूर्ण शक्तिहरू असङ्गठित रूपमा रहेको हुँदा अपेक्षित शक्ति निर्माण गर्न सकिरहेका छैनन् । त्यसैले यस्ता न्यायपूर्ण शक्तिहरूलाई एकीकृत गर्न नागरिक मञ्चको अवधारणा ल्याइएको हो । यसबाट नागरिक समूहहरूको आपसी ऐक्यबद्धता निर्माण हुनेछ र उनीहरूको संयुक्त पहलमार्फत अधिकार, न्याय, समानता, सुशासन र गरिबपक्षीय विकासको अभियानलाई बल पुग्नेछ ।





## नागरिक मञ्चको उद्देश्य

### समग्र उद्देश्य

नागरिक मञ्च अधिकार, न्याय, सुशासन र गरिबपक्षीय दिगो विकासका सवालहरूमा सङ्गठित सामाजिक आन्दोलनलाई बढावा दिन पालिका तहमा सङ्गठित हुने नागरिकस्तरको साझा मञ्च हो । यस मञ्चको समग्र उद्देश्य समुदायस्तरमा उठेका अधिकार, न्याय, सुशासन तथा गरिबपक्षीय दिगो विकासका आवाज र मागहरूलाई बढावा दिने तथा पालिकास्तरमा उठेका आन्दोलनहरूलाई प्रदेश र राष्ट्रियस्तरमा पुऱ्याउने रहेको छ । मञ्चले मुख्यतया निम्न विशिष्ट उद्देश्यहरूमा आफ्नो ध्यान केन्द्रित गर्नेछ:

### विशिष्ट उद्देश्यहरू

- सार्वजनिक शिक्षाको गुणस्तर, विद्यालय शिक्षाको शासन-व्यवस्थापन, शिक्षामा सार्वजनिक लगानी लगायतका सवालहरूमा खबरदारी र पैरवी गर्दै सार्वजनिक सेवाको निजीकरणलाई चुनौती दिने ।
- अनौपचारिक क्षेत्रमा श्रमिकहरूको आन्दोलन लगायत आर्थिक अधिकार र न्यायका लागि सङ्गठित आन्दोलनमा ऐक्यबद्धता एवम् सहयोग प्रदान गर्ने तथा सरकारी एवम् सामुदायिक स्रोतको न्यायपूर्ण वितरण/पुनर्वितरणका सवालहरूको पैरवी गर्ने ।
- स्थानीय तहमा जलवायु परिवर्तनको प्रभाव र अन्यायका बारेमा जागरण ल्याउने तथा जलवायु न्यायका लागि महिला, युवा, साना किसानको अगुवाइमा सामाजिक आन्दोलनलाई बढावा दिने ।
- स्थानीय आवश्यकताका आधारमा मानवअधिकार तथा न्यायका अन्य सवाल तथा आन्दोलनहरूमा ऐक्यबद्धता प्रकट गर्ने ।

> “सन् २०२४ मा गठन भएको नागरिक शिक्षा सरोकार समूह यस **“नागरिक मञ्च”** मा स्वत: रूपान्तरण हुनेछ र आवश्यकताअनुसार पुनर्गठित हुनेछ ।

## नागरिक मञ्चको प्रारूप

सन् २०२४ मा गठन भएको नागरिक शिक्षा सरोकार समूह यस “नागरिक मञ्च” मा स्वत: रूपान्तरण हुनेछ र आवश्यकताअनुसार पुनर्गठित हुनेछ । साथै, समाजमा राज्यप्रति रहेको असन्तोष तथा जनउत्तरदायी र जवाफदेही सरकारको अभावमा अधिकार उपभोगबाट वञ्चित व्यक्तिहरूसँगै तिनका पक्षमा पैरवी गर्ने स्थानीय नागरिक समाजका समूह-सङ्घसंस्था, अधिकार र न्यायका पक्षमा सचेत पहल गर्ने अधिकारकर्मीहरूका समूह, सङ्गठन तथा सञ्जालहरू यस मञ्चमा आबद्ध रहनेछन् ।

त्यस्तै, नागरिक, आर्थिक, सामाजिक अधिकार तथा जलवायु न्यायका क्षेत्रमा क्रियाशील सामाजिक अभियन्ता, स्थानीय अभियानकर्मी, अधिकार र न्यायका पक्षधर तथा विभिन्न विषय क्षेत्रका जानकारहरू नागरिक मञ्चमा आबद्ध हुन सक्नेछन् ।

यस नागरिक मञ्चको साङ्गठनिक स्वरूप मुख्यतया पालिका तहमा हुनेछ, तर आवश्यकताअनुसार अन्य तहमा पनि गठन हुन सक्नेछ । यो मञ्चको गठनमा एक्सनएड तथा यसका साझेदार संस्थाहरूको पहल रहे पनि यो मञ्च स्वायत्त रूपमा क्रियाशील हुनेछ । स्थायी रूपमा क्रियाशील पालिका तहका कम्तीमा ७ जना र बढीमा आवश्यकताअनुसार सदस्यहरू रहेको नागरिक मञ्च गठन गर्न सकिनेछ । यो मञ्चको संरचना खुकुलो प्रकारको रहनेछ र यो मूलतः अधिकार, न्याय तथा समानताका पक्षधर व्यक्तिहरूको साझा मञ्चका रूपमा रहनेछ ।

## कार्य पद्धति

- नागरिक मञ्चले मुख्यतया यसमा संलग्न भएका वा नभएका समुदायका अधिकार र न्यायका विषयहरूलाई आफ्नो पैरवी तथा ऐक्यबद्धताको विषय बनाउनेछ । यसका लागि सम्बन्धित आन्दोलनका अगुवाहरूले नेतृत्व गर्नेछन्, जसले गर्दा सामूहिक नेतृत्वको कार्यशैलीमा नागरिक मञ्च सञ्चालन हुन सक्नेछ ।
- नागरिक मञ्चले आफ्ना उद्देश्य प्राप्तिका लागि अपनाउने कार्यशैली, पद्धति तथा तौरतरिकाहरू सार्वजनिक पैरवी र लोकतान्त्रिक आन्दोलन तथा अभियानमा आधारित हुनेछन् ।
- सामाजिक तथा आर्थिक अधिकार, न्याय र समानताका लागि महिला, अनौपचारिक क्षेत्रका श्रमिक, युवा र बालबालिका लगायतका अधिकारग्राही समुदायको सामूहिक अभियानलाई प्रमाणमा आधारित पैरवी र पहलकदलाई व्यापक बनाउन विभिन्न तौरतरिका अवलम्बन गरिने छ ।
- नागरिक मञ्चका पदाधिकारी तथा सदस्यहरूले सरोकारवाला निकायहरूसँग भेटघाट, संवाद, अपील, ज्ञापनपत्र र मागपत्र प्रस्तुत गर्ने लगायतका कार्यहरू गर्नेछन् । साथै, मञ्चले विभिन्न सवालहरूमा सार्वजनिक बहस, बैठक, सार्वजनिक सभा, सम्मेलन, सडक प्रदर्शन, धर्ना, हस्तक्षेप र खबरदारीजस्ता क्रियाकलापहरू सञ्चालन गर्नेछ ।
- मञ्चका सदस्यहरूले सामाजिक सवालहरूको व्यापकीकरण तथा दबाब सिर्जनाका लागि आमसञ्चार माध्यम र सामाजिक सञ्जालहरू (जस्तैः फेसबुक, ह्वाट्सएप, मेसेन्जर, टिकटक, भिडियो र अन्य उपलब्ध विद्युतीय माध्यम) को उपयोग गर्नेछन् । आमसञ्चार तथा सामाजिक सञ्जालमा प्रेषित सामग्रीले व्यक्तिगत लाञ्छाना लगाउने, महिला, बालबालिका तथा अधिकारग्राहीहरूलाई जोखिममा पार्ने वा हिंसाजस्ता गैरलोकतान्त्रिक कार्यलाई बढावा नदिने सुनिश्चितता मञ्चले गर्नेछ ।

> “ स्थायी रूपमा क्रियाशील पालिका तहका कम्तीमा ७ जना र बढीमा आवश्यकताअनुसार सदस्यहरू रहेको नागरिक मञ्च गठन गर्न सकिनेछ । यो मञ्चको संरचना खुकुलो प्रकारको रहनेछ र यो मूलतः **अधिकार, न्याय तथा समानताका** पक्षधर व्यक्तिहरूको साझा मञ्चका रूपमा रहनेछ ।



सार्वजनिक शिक्षाः स्रोत पुस्तिका

### क्रियाकलाप

- स्थानीय तहमा उठेका अधिकारग्राहीहरूको आन्दोलनको स्वरूपका आधारमा (जस्तैः अनौपचारिक श्रमिकको आन्दोलन, साना किसानको आन्दोलन, भूमिहीन तथा सुकुम्बासीको आन्दोलन, युवा अधिकारको आन्दोलन इत्यादि) नागरिक मञ्चको क्रियाकलाप तय गर्ने, बृहत नागरिक ऐक्यबद्धता जनाउने तथा आन्दोलनका पक्षमा संलग्न हुने ।
- गरिबपक्षीय नीति, सार्वजनिक स्रोतको पारदर्शिता र न्यायपूर्ण वितरण, विकास आयोजना लगायतका बारेमा पालिकाको नीति, कार्यक्रम तथा बजेटको समीक्षा र बहसको आयोजना गर्ने ।
- सार्वजनिक सेवाको निजीकरणमा खबरदारी गर्दै शिक्षा तथा स्वास्थ्य लगायतका मुख्य सार्वजनिक सेवाहरूको प्रभावकारिता र जवाफदेहिताको पक्षमा बहस तथा पैरवी गर्ने ।
- जलवायु न्याय, विपद् प्रतिकार्य र विपद् पूर्वतयारी जस्ता स्थानीय सवालमा सरकारलाई जवाफदेही बनाउन प्रमाणमा आधारित पैरवी तथा आवश्यक पहल गर्ने ।
- लोकतान्त्रिक शासन व्यवस्था तथा अधिकार र न्यायसँग सम्बन्धित समसामयिक सवालहरूमा सार्वजनिक बहस सञ्चालन गर्ने र जवाफदेहिताको माग तथा खबरदारी गर्ने ।
- स्थानीय समुदायको न्याय र अधिकारका आन्दोलनलाई समुदाय, वडा, पालिका, प्रदेश र सङ्घसम्म जोड्ने सेतुको रूपमा काम गर्ने ।

## मञ्चको गठन तथा पुर्नगठन

स्थानीय परिवेशका आधारमा विकसित सामाजिक आन्दोलनबाट मञ्चमा नयाँ अभियन्ताहरू जोडिँदै जानेछन् । समुदायबाट उठेका सवालहरू र ती सवालमा पैरवी गर्दै सामाजिक आन्दोलनलाई निष्कर्षमा पुऱ्याउने सन्दर्भमा मञ्चको गठन तथा पुर्नगठन गर्न सकिनेछ ।

## नागरिक मञ्च गठन गर्दा बिर्सन नहुने कुराहरू

- नागरिक मञ्चको यो पहल कुनै परियोजना होइन । यो बौद्धिक व्यक्तित्वहरूको मात्र वर्चस्व हुने थलो पनि होइन । बरु यो आफ्नो सामुदायिक अधिकार तथा न्यायको आन्दोलनमा संलग्न अधिकारग्राहीदेखि अधिकार, न्याय र समानताका सवालमा प्रतिबद्ध सचेत नागरिकहरूको साझा थलो हो ।
- नागरिक मञ्चले स्थानीय आवश्यकताअनुसार विभिन्न सवालहरूमा आफ्नो खबरदारी र पैरवीको काम अघि बढाउन र त्यसका लागि चाहिने स्रोतसाधन पनि विभिन्न पक्षबाट जुटाउन सक्नेछ ।
- अधिकारग्राहीका विभिन्न जनसङ्गठनहरूले उठाएका सवालहरूमा नागरिक मञ्चले बहस, पैरवी र ऐक्यबद्धताका साथै रूपान्तरणीय कार्यमा योगदान गर्नेछ ।




२

# आकर्षक विद्यालयः अवधारणा तथा प्रक्रिया

(Scenic School : Concept and Process)

# २ आकर्षक विद्यालय: अवधारणा तथा प्रक्रिया

## १) सार्वजनिक शिक्षाको रूपान्तरण

नेपालमा सार्वजनिक शिक्षा सुधार हाम्रो मुख्य प्राथमिकता हो । यसले सबै बालबालिका र युवा समूहका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ । आकर्षक विद्यालय पहलमार्फत विद्यालयलाई विद्यार्थीका लागि आकर्षक र सहभागितामूलक बनाउने प्रयास गरिन्छ । यसले पढाइमा मात्र नभई खेलकुद, सिर्जनात्मक क्रियाकलाप र विद्यार्थीकेन्द्रित शिक्षण-सिकाइ प्रक्रियामा ध्यान दिन्छ । यसरी विद्यालयमा सहभागिता बढ्छ र बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव परी अपेक्षित परिणाम हासिल गर्न सकिन्छ ।

साथै, नीतिगत सुधारमार्फत शिक्षा सुशासनको सबलीकरण अर्को महत्त्वपूर्ण विषय हो । यसमा शिक्षकहरूको क्षमता विकास, शिक्षा बजेटमा आवश्यक लगानी र खर्चको पारदर्शिता, स्थानीय शिक्षा नीति, विद्यालय व्यवस्थापन समितिको सक्रियता तथा निगरानी प्रणालीको सुधारमा केन्द्रित गरिन्छ । यस्ता नीतिगत सुधारका पहलहरूले विद्यालयदेखि पालिका तहसम्मको शिक्षा प्रणालीलाई विश्वसनीय, जिम्मेवार र जवाफदेही बनाउँछ ।

यस अवधारणाले समावेशी, गुणस्तरीय, आवश्यक लगानी र खर्चको पारदर्शिता रहेको शिक्षा प्रणाली निर्माणमा योगदान पुऱ्याउँछ । यसको मूल लक्ष्य भनेको समुदाय, विद्यार्थी, शिक्षक र स्थानीय तहबीच सहकार्य बढाएर शिक्षा प्रणालीलाई दिगो बनाउनु हो ।

## २) आकर्षक विद्यालयको औचित्य

नेपालमा सार्वजनिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्ने क्रम दिनप्रतिदिन बढ्दो छ । तथ्याङ्कअनुसार सन् २०१४ देखि २०२० सम्म करिब पाँच लाख २० हजार ७७१ विद्यार्थी घटेको देखिएको छ । यसको मुख्य कारणहरूमा विद्यार्थीको न्यून सिकाइ उपलब्धि, घट्दो जनसङ्ख्या दर, गरिबी, बालश्रम, बालविवाह तथा जनचेतनाको अभाव रहेका छन् । धेरै परिवारले आफ्ना बालबालिकालाई घरेलु तथा बाह्य काममा लगाउँदा वा अधिकांश अभिभावकको रोजाइ निजी विद्यालय पर्दा सार्वजनिक विद्यालयमा विद्यार्थी सङ्ख्या निरन्तर घटिरहेको छ ।

> “ तथ्याङ्कअनुसार सन् २०१४ देखि २०२० सम्म करिब **पाँच लाख २० हजार ७७१** विद्यार्थी घटेको देखिएको छ ।





त्यस्तै, विद्यार्थीको सिकाइ उपलब्धि अर्को मुख्य चुनौती हो । शिक्षण सामग्रीको अभाव, बाल तथा लैङ्गिकमैत्री विद्यालय सुविधाको कमी, शिक्षण-सिकाइ प्रक्रियामा नयाँ प्रविधि र सिर्जनात्मक तरिकाको अभ्यास नहुनु तथा योग्य र तालिमप्राप्त शिक्षकको अभावले सिकाइ कमजोर भएको देखिन्छ । यसले विद्यार्थीलाई पाठ्यक्रममा पूर्ण रूपले केन्द्रित र संलग्न हुने पर्याप्त वातावरण नदिँदा गुणस्तरीय शिक्षा प्राप्त गर्न कठिनाइ भएको छ ।

विद्यालय र अभिभावकको आपसी विश्वास तथा सम्बन्ध पनि महत्त्वपूर्ण छ । कतिपय विद्यालयको प्रवृत्ति आफ्नो स्रोत र अवसरको प्रयोग नगरी कमजोरी मात्र देखाउनु र सुधारको पहलको जिम्मेवारी अरूमा सार्नु रहेको पाइन्छ । यसैबीच, गुणस्तरीय शिक्षण-सिकाइ र पर्याप्त सुविधा भएका विद्यालयहरूले अभिभावक र विद्यार्थीलाई आकर्षित गरिरहेका छन् ।

तसर्थ, सुधारका लागि निरन्तर बहस आवश्यक छ । प्रधानाध्यापक, शिक्षक, अभिभावक, र विद्यार्थीलाई सबल बनाउँदै एक्सनएडले “आकर्षक विद्यालय” अवधारणासहित सार्वजनिक शिक्षालाई सबैको सहज पहुँचयुक्त, गुणस्तरीय, प्रभावकारी तथा व्यवहारिक बनाउने पहल थालेको हो ।

## ३) आकर्षक विद्यालयको अवधारणा

आकर्षक विद्यालयले गुणस्तरीय शिक्षा, नवप्रवर्तनयुक्त बालकेन्द्रित शिक्षण-सिकाइ प्रक्रिया, सुरक्षित भौतिक सुविधासहितको विद्यालय पूर्वाधार, सुदृढ, जवाफदेही तथा पारदर्शी विद्यालय सुशासन, सरसफाइ, हरियाली वातावरण, प्रविधियुक्त शिक्षण पद्धति र विद्यार्थीको सर्वाङ्गीण विकासमा केन्द्रित हुने विशेषता बोकेको हुन्छ । यस्तो विद्यालयले विद्यार्थीलाई ज्ञान मात्र नभई सिर्जना गर्ने क्षमता र सामाजिक दक्षता पनि प्रदान गर्दछ ।

नेपालजस्तो ग्रामीण र शहरी मिश्रित परिवेशमा आकर्षक विद्यालयले स्थानीय आवश्यकता र सन्दर्भअनुसार नवीन सिकाइ विधि र अनुकूल वातावरण प्रदान गरेर शिक्षालाई जीवनपयोगी बनाउँछ । यसले विद्यार्थी मात्र नभई अभिभावक, शिक्षक र समुदायका अन्य सरोकारवालाहरूलाई पनि आकर्षित गर्छ । विद्यालयको सुरक्षित व्यवस्थापन, सरसफाइ, हरियाली र प्रविधिको उचित प्रयोगले समुदायमा विश्वास र सहभागिता अभिवृद्धि गर्छ । परिणामस्वरूप, विद्यालय स्थानीय विकासको केन्द्रबिन्दुका रूपमा स्थापित भई दीर्घकालीन रूपमा गुणस्तरीय शिक्षा प्रवर्धन तथा समग्र सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्षम हुन्छ ।

## ४) आकर्षक विद्यालयको सान्दर्भिकता

नेपालको संविधान २०७२ को धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क प्राप्त गर्ने हक छ । साथै, माध्यमिक तहसम्मको शिक्षा पनि नि:शुल्क हुने व्यवस्था गरिएको छ । यस प्रावधानले सबै नागरिकका लागि शिक्षामा सहज पहुँच सुनिश्चित गर्ने कानुनी आधार प्रदान गरेको छ ।

सङ्घीय संरचनापछि स्थानीय तहलाई आफ्ना कार्यक्षेत्रभित्र सार्वजनिक शिक्षा सुधारका लागि नयाँ अवधारणा तथा पद्धति अपनाउने र आवश्यक स्रोतसाधनमा लगानी गर्ने अवसर प्राप्त भएको छ । यसले विद्यालयहरूको गुणस्तर अभिवृद्धि, सुदृढ सुशासन र समावेशी पहुँचयुक्त वातावरण निर्माण गर्नका लागि मार्ग प्रशस्त गरेको छ ।

यस सन्दर्भका, एक्सनएड अन्तर्राष्ट्रिय  नेपाल तथा यसका साझेदार संस्थाहरूले समुदाय, अभिभावक र स्थानीय तहसँग सहकार्य गर्दै विद्यालयका सरोकारवालाहरूसँग संवाद गर्न र विद्यालयको समग्र रूपान्तरण योजनामा सहयोग पुऱ्याउन आकर्षक विद्यालयको अवधारणा अभ्यास गरिएको हो ।

## ५) आकर्षक विद्यालयको महत्त्व

विद्यालय बालबालिकाको सिकाइ तथा समग्र विकासको आधार हो । आकर्षक विद्यालय भन्नाले पारदर्शिता, जवाफदेहिता, सुशासन र बालमैत्री वातावरण भएको विद्यालयलाई जनाउँछ । यस्तो विद्यालयमा विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाहरू सहभागिता र विश्वास अभिवृद्धि हुन्छ । सुरक्षित, सफा, हरियाली र आकर्षक वातावरणले सिकाइलाई सहज र रमाइलो बनाउँछ ।

यो अवधारणाको उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि मात्र वृद्धि गर्नु नभई उनीहरूको मानसिक तथा शारीरिक स्वास्थ्यमा समेत सुधार ल्याउनु हो । सफा, व्यवस्थित र सुन्दर विद्यालय वातावरणले विद्यार्थीको ध्यान केन्द्रित गर्न र सिकाइमा रुचि बढाउन सहयोग पुऱ्याउँछ । यसले शिक्षकमा पनि सकारात्मक प्रभाव पार्दै शिक्षण पद्धति तथा सिकाइ प्रक्रियाको गुणस्तर सुधार गर्न मद्दत गर्छ ।

यसका लागि विद्यालयहरूले विभिन्न सरल तर प्रभावकारी उपायहरू अवलम्बन गर्न सक्छन्, जस्तै: नियमित सरसफाइ कार्यक्रम सञ्चालन, फूलबारी तथा हरियाली प्रवर्धन अभियान, विद्यालय परिसर सुरक्षित बनाउने पहल र बालबालिकाका सुझावलाई विद्यालयको निर्णय प्रक्रियामा प्राथमिकता दिनु । अभिभावक, शिक्षक र स्थानीय समुदायको संयुक्त प्रयासबिना यस्तो सुधार सम्भव हुदैन । सबै पक्षको सहकार्य र प्रतिबद्धताबाट मात्र गुणस्तरीय शिक्षा र बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न सकिन्छ ।

## ६) न्यूनतम मापदण्ड र प्रयोगकर्ता निर्देशिका

### न्यूनतम मापदण्ड

| क्र. सं. | मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क | आधार |
|---|---|---|---|---|
| | **संरचनागत मापदण्ड (Physical Standard)** | | | |
| १ | विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त, सुरक्षित तथा सफा कक्षाकोठा, स्वच्छ खानेपानी, सफा शौचालय र सफा तथा हरियालीयुक्त विद्यालय परिसर | ५ | | |
| २ | सुरक्षित खेलमैदान तथा अन्य खेल सामग्रीको उपलब्धता | ५ | | |
| ३ | सुरक्षित पर्खाल वा तारबार, फर्निचर तथा सिकाइ सामग्री | ५ | | |
| | **गैरसंरचनागत मापदण्ड (Non-physical Standard)** | | | |
| ४ | विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि सुधारको स्पष्ट योजना, शिक्षक बैठक तथा विद्यालय व्यवस्थापन समितिको बैठकमा सिकाइ अभिवृद्धिको नियमित समीक्षा तथा सुधार कार्ययोजना | ५ | | |
| ५ | क्रियाकलापमा आधारित शिक्षण-सिकाइको अभ्यास, माध्यमिक तहमा प्रयोगात्मक अभ्यास तथा नवप्रवर्तन क्रियाकलाप र ढिलो सिक्ने विद्यार्थीका लागि उपचारात्मक कक्षा | ५ | | |
| ६ | सक्रिय बालक्लब, बालक्लबको अगुवाइमा अतिरिक्त तथा सहसिकाइ क्रियाकलाप, विद्यालय व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधत्व | ५ | | |
| ७ | सबैखाले हिंसा विभेद तथा त्रासमुक्त सिकाइ वातावरण | ५ | | |
| ८ | वित्तीय लगानीको अवस्था, विद्यालयको शैक्षिक तथा आर्थिक क्रियाकलापमा पारदर्शिता तथा विद्यालय क्रियाकलापमा अभिभावक तथा समुदायको सहभागिता | ५ | | |
| | **जम्मा** | ४० | | |



सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

### प्रयोगकर्ता निर्देशिका

| क्र. स. | मूल्याङ्कन मापदण्ड | अङ्क प्रदान विधि (०–५) | मूल्याङ्कन विधि तथा सुझाव |
|---|---|---|---|
| | | **संरचनागत मापदण्ड (Physical Standard)** | |
| १ | विद्यार्थी सङ्ख्याको आधारमा पर्याप्त, सुरक्षित तथा सफा कक्षाकोठा, स्वच्छ खानेपानी, सफा शौचालय र सफा तथा हरियालीयुक्त विद्यालय परिसर | कक्षाकोठा, पानी र शौचालय विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पुग्ने, पिउनयोग्य पानीको उपलब्धता, छात्राका लागि छुट्टै शौचालय, परिसर सफा र हरियाली, व्यवस्थापन राम्रो । (५)<br>सामान्यतया पर्याप्त तर साना सुधार आवश्यक । (४)<br>आधारभूत सुविधा उपलब्ध तर आवधिक अभाव, मर्मत आवश्यक । (३)<br>पर्याप्ततामा अभाव (पानी, शौचालय, कक्षाकोठामा सधैं समस्या) । (२)<br>सुविधाहरू धेरै अपर्याप्त र असुरक्षित । (१)<br>सुविधा नभएको वा प्रयोगयोग्य नभएको । (०) | विद्यार्थी–कक्षाकोठा अनुपात गणना, पानीको अवस्था निरीक्षण, शौचालय सङ्ख्या र सरसफाइ हेर्ने, परिसर अवलोकन, विद्यार्थी–शिक्षक अनुपात जाँच्ने । |
| २ | सुरक्षित खेल मैदान तथा अन्य खेल सामग्रीको उपलब्धता | पर्याप्त र सुरक्षित खेलमैदान, खेल सामग्री गुणस्तरीय र पर्याप्त, नियमित मर्मत । (५)<br>सामान्य रूपमा उपलब्ध, अपुग खेल सामग्री वा मर्मत आवश्यक । (४)<br>सीमित ठाँउ/साधन उपलब्ध, सुरक्षा जोखिम न्यून । (३)<br>खेल मैदानमा आवश्यक सुविधा छैन वा खेल सामग्री कमजोर । (२)<br>खेलमैदान असुरक्षित/अव्यवस्थित । (१)<br>खेलमैदान र सामग्री उपलब्ध नभएको । (०) | खेलमैदान क्षेत्र निरीक्षण, खेल सामग्री सूची र अवस्थाको जाँच, लैङ्गिक विभेदरहित विद्यार्थीको सहभागिता अवलोकन/छलफल, सुरक्षाको दृष्टिकोणले खेलमैदान परीक्षण, मर्मतसम्भार तथा भण्डारण अभिलेख हेर्ने । |

| | | | |
|---|---|---|---|
| ३ | सुरक्षित पर्खाल वा तारबार, फर्निचर तथा सिकाइ सामग्री | विद्यालय परिसर पूर्ण सुरक्षित पर्खाल/गेट, पर्याप्त फर्निचर राम्रो अवस्थामा, शैक्षिक सामग्री पर्याप्त र नियमित प्रयोग । (५)<br>सामान्य सुरक्षा र सामग्री, केही सुधार आवश्यक । (४)<br>आधारभूत सुरक्षा र सीमित सामग्री उपलब्ध । (३)<br>पर्खाल/गेट क्षतिग्रस्त, जीर्ण फर्निचर । (२)<br>सुरक्षा र सामग्री दुवै अपर्याप्त । (१)<br>सुरक्षा र सामग्री दुवै नभएको । (०) | पर्खाल/गेट निरीक्षण, फर्निचर गणना र क्षतिको रेकर्ड, शैक्षिक सामग्री उपलब्धता सूचीको जाँच, विद्यार्थी-शिक्षकको सम्बन्धबारे छलफल, मर्मत र सुधारका लागि सुझाव । |
| **गैरसंरचनागत मापदण्ड (Non-physical Standard)** | | | |
| **क्र. स.** | **मूल्याङ्कन मापदण्ड** | **अङ्क प्रदान विधि (०–५)** | **मूल्याङ्कन विधि तथा सुझाव** |
| ४ | विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि सुधारको स्पष्ट योजना, शिक्षक बैठक तथा विद्यालय व्यवस्थापन समितिको बैठकमा सिकाइ अभिवृद्धिको नियमित समीक्षा तथा सुधार कार्ययोजना। | सुधार योजना स्पष्ट, सबैको उपस्थितिमा नियमित समीक्षा, निर्णय प्रक्रियामा बालक्लबको सहभागिता भएको, विद्यालय सुधार योजना पूर्णरूपले लागू भएको । (५)<br>स्पष्ट योजना, नियमित समीक्षा तर कार्यान्वयन सीमित रहेको । (४)<br>योजना आंशिक रूपमा छ, समीक्षा कमजोर र पारदर्शिताको कमी। (३)<br>योजना आंशिक स्पष्ट, प्रारम्भिक कार्यान्वयन। (२)<br>योजना प्रारम्भिकस्तरमा छ, स्पष्टता कम। (१)<br>योजना र निर्णय प्रक्रियामा बालक्लबको सहभागिता नभएको । (०) | योजना र बैठकको अभिलेख अध्ययन, अवलोकन, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक सङ्घ र बालक्लबसँग छलफल, अन्तर्वार्ता । |
| ५ | क्रियाकलापमा आधारित शिक्षण-सिकाइको अभ्यास, माध्यमिक तहमा प्रयोगात्मक अभ्यास तथा नवप्रर्वतन क्रियाकलाप र ढिलो सिक्ने विद्यार्थीका लागि उपचारात्मक कक्षा | पूर्ण समीक्षा, विद्यार्थीको सिकाइ सुधारको नियमित र प्रभावकारी पहल भएको, शिक्षण अभ्यास पूर्ण रूपमा नियमित, नवप्रवर्तनात्मक र प्रभावकारी डिजिटिल माध्यम मार्फत अध्यापन भएको । (५)<br>नियमित समीक्षा, अधिकांश सुधारात्मक कार्य । (४)<br>समय–समयमा समीक्षा, सुधार कार्य/पहल सीमित । (३)<br>कहिलेकाही समीक्षा, सुधारको पहल अपुरो । (२)<br>अत्यन्त फरक विषयवस्तुमा समीक्षा, प्रभावकारी नभएको । (१)<br>कुनै प्रयासको पहल नभएको । (०) | कक्षा अवलोकन, शिक्षक र विद्यार्थी अन्तर्वार्ता, विद्यालयको प्रतिवेदन अध्ययन तथा समीक्षा |
| ६ | सक्रिय बालक्लब, बालक्लबको अगुवाइमा अतिरिक्त तथा सहसिकाइ क्रियाकलाप, विद्यालय व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व | सबै विद्यार्थी सहभागी, बालक्लब सक्रिय र वार्षिक कार्ययोजनाअनुसार कार्य गरेको, निर्णय प्रक्रियामा नियमित र प्रभावकारी सहभागिता । (५)<br>बालक्लब सक्रिय र वार्षिक कार्ययोजनाअनुसार नियमित र पर्याप्त कार्य गरेको । (४)<br>बालक्लब सक्रिय तर नियमित नभएको । (३)<br>थोरै अभ्यास, धेरै परम्परागत रहेको । (२)<br>बालक्लब भएको तर कहिलेकाही क्रियाकलाप गरेको । (१)<br>बालक्लब नभएको । (०) | बालक्लबको बैठक र क्रियाकलापसम्बन्धी निर्णयहरू, बालक्लबको वार्षिक योजना, बालक्लब प्रतिनिधि र शिक्षकसँगको अन्तर्वार्ता । |
| ७ | सबैखाले हिंसा, विभेद तथा त्रासमुक्त सिकाइ वातावरण | पूर्ण सुरक्षित, हिंसा, विभेद, त्रासमुक्त विद्यालय वातावरण । (५)<br>धेरै सुरक्षित, न्यून जोखिम । (४)<br>सामान्य रूपमा सुरक्षित, कहिलेकाहीँ जोखिम । (३)<br>आंशिक सुरक्षित वातावरण । (२)<br>केही जोखिम, निगरानी कमजोर । (१)<br>उच्च जोखिम, हिंसा तथा विभेद निरन्तर । (०) | विद्यार्थी, शिक्षक, अभिभावक सर्वेक्षण, विद्यालय अवलोकन, घटना अभिलेख समीक्षा |



सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

| | | | |
|---|---|---|---|
| ८ | वित्तीय लगानीको अवस्था, विद्यालयको शैक्षिक तथा आर्थिक क्रियाकलापमा पारदर्शिता तथा विद्यालय क्रियाकलापमा अभिभावक तथा समुदायको सहभागिता | विद्यालयमा पर्याप्त लगानी, आन्तरिक स्रोतको राम्रो व्यवस्थापन, पूर्ण पारदर्शिता, जवाफदेहिताको अभ्यास (सामाजिक परीक्षण, विद्यालय ड्यासबोर्ड, सूचनापाटी), अभिभावक, समुदायको सहभागिता राम्रो भएको । (५)<br><br>आन्तरिक स्रोतको व्यवस्थापन भएको, पारदर्शिता र जवाफदेहिताको अभ्यास (सामाजिक परीक्षण, विद्यालय ड्यासबोर्ड, सूचनापाटी) ठिकै । (४)<br><br>आन्तरिक स्रोतको व्यवस्थापन सामान्य भएको, आंशिक पारदर्शिता र समय–समयमा सहभागिता । (३)<br><br>आंशिक पारदर्शिता र केही सहभागिता, आन्तरिक स्रोतको उचित व्यवस्थापन कमजोर रहेको । (२)<br><br>न्यून पारदर्शिता, सीमित सहभागिता । (१)<br><br>स्रोत व्यवस्थापन, पारदर्शिता र जवाफदेहिताको अभ्यास नभएको । (०) | वित्तीय अभिलेख, बैठकका निर्णयहरू, सामाजिक लेखापरीक्षण प्रतिवेदन अध्ययन, अभिभावक र शिक्षक अन्तर्वार्ता । |

## ७) सहजीकरणका लागि गर्नुपर्ने कार्यहरू

### क) योजना निर्माण चरण (Planning Step)

- पालिका, वडा, विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावक र समुदायको सहभागितामा प्रारम्भिक छलफल गरी साझा बुझाइ निर्माण गर्ने ।
- विद्यालयको वर्तमान अवस्थाको समग्र मूल्याङ्कन गरी आवश्यकता तथा प्राथमिकताको पहिचान गर्ने ।
- विद्यालयमा विद्यमान असल अभ्यासहरूलाई समेटेर कार्ययोजना तयार गरी वार्षिक योजनामा समावेश गर्ने ।
- आवश्यक स्रोत सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गर्ने ।
- सबै सरोकारवालाबीच भूमिका र जिम्मेवारीको स्पष्ट बाँडफाँड गर्ने ।

### ख) कार्यान्वयन चरण (Implementation Step)

- भौतिक पूर्वाधार संरचना र सुशासनसम्बन्धी बनेको योजनाअनुसार काम गर्ने ।
- वर्षमा दुईपटक (भाद्र र चैत्र) योजना तथा क्रियाकलापको स्वसमीक्षा गर्ने ।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक समूहको भूमिका र जिम्मेवारीको समीक्षा गर्ने र आवश्यकताअनुसार अभिमुखीकरण वा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।





### ग) अनुगमन तथा मूल्याङ्कन चरण (Monitoring and Evaluation Step)

- विद्यार्थी, शिक्षक, अभिभावक र समुदायको संयुक्त सहभागितामा योजना कार्यान्वयन, यसको प्रभाव र देखिएका परिवर्तनबारे नियमित अनुगमन तथा समीक्षा गर्ने ।
- सफल र नवप्रवर्तनयुक्त अभ्यासहरूलाई निरन्तरता दिने ।

## ८) आकर्षक विद्यालय अनुगमनका लागि जवाफदेहिताको विधि र अभ्यास

- विद्यालय अङ्कतालिका : जवाफदेहिताको एक विधि (School Scorecard: An Accountability Tool)
- विद्यालय स्वमूल्याङ्कन तालिकाको अभ्यास (School Dashboard: Self-Assessment Process Indicators)
- सुरक्षित विद्यालय : संरचना र गैरसंरचनागत लेखाजोखा प्रक्रिया (Safe School: Physical / Non-Physical Assessment Process)




# ३

## सुरक्षित विद्यालय: संरचनागत तथा गैरसंरचनागत लेखाजोखा प्रक्रिया

(Safe School: Physical / Non-Physical Assessment Process)

# ३ सुरक्षित विद्यालय: संरचनागत तथा गैरसंरचनागत लेखाजोखा प्रक्रिया

विश्व परिवेशमा ठूलो सङ्ख्यामा बालबालिकाहरू उच्च जोखिममा छन् । नेपालको सन्दर्भमा पनि धेरै बालबालिका जोखिममा रहेका पाइन्छन् । नेपालका विद्यालयहरू प्राकृतिक विपद्बाट हुन सक्ने जोखिमका दृष्टिले अत्यन्त सङ्कटासन्न अवस्थामा छन् । पछिल्लो समयमा निर्माण गरिएका विद्यालय भवन लगायतका संरचनाहरू पनि जोखिममुक्त छैनन् ।

विपद्का हिसाबले नेपाल अत्यधिक जोखिमयुक्त देश हो । विद्यालयमा अध्ययनरत देशको कुल जनसङ्ख्याको करिब एक चौथाइ बालबालिका तथा उनीहरूका करिब डेढ लाख शिक्षकहरू जोखिममा छन् । जोखिमयुक्त क्षेत्रमा विद्यालयहरू रहनु, विद्यालय संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधि नअपनाउनु, कक्षाकोठामा विद्यार्थीको चाप बढी हुनु, विद्यालयमा जोखिम पूर्वतयारीका योजना नहुनु तथा आपतलीन परिस्थितिमा स्थानीयस्तरमा खोज तथा उद्धारको व्यवस्थित सेवा नहुनु जस्ता कारणहरूले बाढी, भूकम्प र पहिरो लगायतका प्रकोपहरूले विद्यालयहरूलाई सङ्कटासन्न बनाएका छन् ।

नेपाल भूकम्पीय जोखिमका दृष्टिले विश्वकै उच्च जोखिमयुक्त राष्ट्रहरूमध्ये एक हो । नेपालमा हरेक ७५–१०० वर्षमा मध्यमस्तरको भूकम्प आउने गरेको पाइन्छ । काठमाण्डौ उपत्यकाका १०० वटा सामुदायिक विद्यालयमा गरिएको अध्ययनअनुसार ५८ प्रतिशत विद्यालय संरचनाहरू परम्परागत सामग्री प्रयोग गरेर निर्माण गरिएका छन्, जसले थप जोखिम निम्त्याउँछ । विद्यालयहरू सरकारी सेवाको पहुँचको केन्द्र भएकाले तिनलाई विपद् पूर्वतयारीको प्रभावकारी माध्यम बनाउन सकिन्छ । विद्यालयमार्फत विपद्सम्बन्धी जानकारी विद्यार्थी हुँदै समुदायसम्म फैलन सक्ने भएकाले यसलाई दीर्घकालीन शिक्षाको अभिन्न अङ्ग बनाउन सकिन्छ । विद्यालयले विपद्पछिको पुनर्स्थापनामा समेत महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

"ह्योगो कार्यसंरचना, २००५' र सन् २००७ मा बैंककमा आयोजित एसिया-प्रशान्त कार्यशालाले पनि विद्यालय शिक्षा र विपद् जोखिम न्यूनीकरणबीचको सम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । यसले सबै तहमा सुरक्षा संस्कृति विस्तार गर्न तथा विपद् सामना क्षमताको अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

सन् २००७ अक्टोबर ८ देखि १० सम्म बैंककमा आयोजित विद्यालय शिक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी एसिया–प्रशान्त कार्यशालामा सहभागी सबै सरोकारवालालाई सम्बोधन गर्दै निम्न क्षेत्रहरूलाई प्राथमिकतामा राखिएको छ:

- विद्यालय शिक्षामा एकीकृत विपद् जोखिम न्यूनीकरण लागू गर्ने ।
- समुदायको उत्थानशीलता वृद्धि गर्न विपद् जोखिम न्यूनीकरण शिक्षाको सुदृढीकरण गर्ने ।
- विद्यालयलाई सुरक्षित बनाउने ।
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी विषयमा बालबालिकाका क्षमता वृद्धि गर्ने ।





“ ह्योगो कार्यसंरचना, २००५' र सन् २००७ मा बैंककमा आयोजित एसिया-प्रशान्त कार्यशालाले पनि विद्यालय शिक्षा र विपद् जोखिम न्यूनीकरणबीचको सम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

## विद्यालय सुरक्षाको अवधारणा

जापानका शिक्षाविद् डा. दाइसाकु इकेदा (Dr. Daisaku Ikeda) ले प्रतिपादन गरेको “Learn, Reflect, Empower” सूत्रले दिगो विकासका लागि शिक्षालाई प्राथमिकता दिएको देखिन्छ । यो अवधारणा विद्यालयस्तरीय विपद् न्यूनीकरणका लागि पनि अत्यन्त उपयुक्त मानिन्छ ।

१. सिकौँ (Learn): विद्यार्थीले विपद्सम्बन्धी ज्ञान तथा जानकारीलाई गहिरोसँग बुझ्नेछन् ।

२. बाँडौँ (Reflect): विद्यार्थीले सिकेको ज्ञान र सीपलाई समाज तथा घरपरिवारसँग बाँड्नेछन् ।

३. सशक्त बनौँ (Empower): विद्यार्थीले विपद् न्यूनीकरणका लागि व्यवहारिक कदम चाल्नेछन् ।

विद्यार्थीहरूले कक्षाकोठा तथा विद्यालयमा गराइने विपद् न्यूनीकरण अभ्यासका आधारमा उनीहरूले स-साना व्यवहारिक प्रयास गर्ने गरेको पाइन्छ ।

यस अवधारणाअनुसार विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिले संयुक्त रूपमा विद्यालयस्तरीय विपद् व्यवस्थापन योजना बनाउने गर्छन् । यस प्रक्रियाअन्तर्गत उनीहरूले विद्यालयमा रहेका भौतिक संरचना तथा प्रणालीगत कमजोरी पहिचान गर्छन्, जसले विपद् न्यूनीकरणमा ठोस सहयोग पुऱ्याउँछ । शिक्षकहरूलाई सबै प्रकारका क्रियाकलापमा सक्रिय रूपमा संलग्न गरिनु आवश्यक हुन्छ ।

विद्यालय सुरक्षा अवधारणाअन्तर्गत विद्यार्थीलाई विद्यालयभित्र सम्भावित विपद्हरू पहिचान गर्ने तालिम दिइन्छ । त्यस्तै घर वरपर रहेका प्रकोप जोखिमहरू पहिचान गर्न गृहकार्य दिइन्छ, र विद्यालयभित्र तथा बाहिरका सङ्कटासन्न अवस्था पनि बुझ्न प्रेरित गरिन्छ । विपद् न्यूनीकरणका उपाय विद्यार्थीले आफ्ना साथीभाइ तथा परिवारका सदस्यसँग निरन्तर रूपमा आदान–प्रदान गर्ने गर्छन् ।

## सुरक्षित विद्यालय कसरी निर्माण गर्ने ?

विद्यालय सुरक्षा अवधारणाको प्रमुख उद्देश्य जोखिम न्यूनीकरण गर्नु हो । यसअन्तर्गत विद्यालयस्तरीय जोखिम अल्पीकरण, पूर्वतयारीका क्रियाकलाप, तथा विपद् व्यवस्थापन योजना निर्माण गरिन्छ । त्यसपछि तलका चरणहरूका आधारमा समुदायमा आधारित विपद् व्यवस्थापनको अवधारणा तयार गरिन्छ ।

१. विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक लगायत सबै सरोकारवालामा विपद्सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने ।

२. शिक्षक तथा विद्यार्थीका प्रतिनिधिलाई निम्न कार्यमा सहजीकरण गर्ने:

- विद्यालय वरपर रहेका सम्भावित विपद् सङ्कटासन्नता पहिचान गरी सूचीकृत गर्ने ।
- विद्यालयका संरचनामा रहेका कमजोरी तथा सङ्कटासन्नता पहिचान गर्ने ।
- पहिचान गरिएका जोखिम न्यूनीकरणका उपायहरू खोजी गर्ने ।
- विभिन्न सरोकारवालाको जिम्मेवारी स्पष्ट गर्ने ।

३. शिक्षक, विद्यार्थी तथा अभिभावकको प्राथमिक उपचार, सुरक्षित स्थानान्तरणको योजना निर्माण, खोज तथा उद्धार, पूर्वसूचना प्रणालीको व्यवस्थापन, आगलागी नियन्त्रण तथा विद्यालय विपद् व्यवस्थापन योजना निर्माणमा क्षमता अभिवृद्धि गर्ने ।

४. आपतकालीन व्यवस्थापनका लागि आवश्यक व्यक्ति तथा सङ्घ-संस्थाहरूको सम्पर्क नम्बर टिपेर राख्ने ।

५. विद्यार्थीले उद्धार, स्थानान्तरण, आगलागी नियन्त्रण र प्राथमिक उपचारका क्षेत्रमा प्राप्त गरेको ज्ञान तथा सीपलाई अभ्यास गर्न आपतकालीन अवस्थामा सुरक्षित ठाउँमा पुग्ने नमुना अभ्यास (ड्रिल) सञ्चालन गर्ने ।

६. दिगो रूपमा जोखिम न्यूनीकरणका लागि यससम्बन्धी उपायहरू बालक्लबका क्रियाकलाप, सहसिकाइ तथा अतिरिक्त क्रियाकलाप र सूचना सामग्रीमार्फत प्रवर्धन गर्ने ।

७. विद्यालय सुरक्षा योजनाले निम्न विषयवस्तुहरूलाई सम्बोधन गर्नुपर्दछ:

- विपद्को समयमा विद्यार्थीको मानसिक तथा सामाजिक सहयोग,
- अपाङ्गता भएका विद्यार्थीको क्षमता तथा आवश्यकता,
- आपतकालीन अवस्थामा पनि शिक्षाको निरन्तरता ।

८. विद्यालय सुरक्षाको तयारीका क्रममा विपद् व्यवस्थापनका विभिन्न चरणहरू अर्थात् विपद्पूर्वको समय, विपद्को समय र विपद्पछिको समयलाई ध्यान दिनु आवश्यक छ । विपद् अल्पीकरणका आवश्यक तयारी विपद्पूर्व नै गरिसक्नु पर्दछ र उपयुक्त कदमहरू चाल्नु पर्दछ । यसका लागि चेतनामूलक कार्यक्रम, नमुना अभ्यास तथा तालिम सञ्चालन गर्नुका साथै आपतकालमा चाहिने आवश्यक सामग्रीको जोहो गर्नुपर्दछ । विपद्को समयमा विद्यार्थीको उद्धारमा विशेष ध्यान दिनु जरुरी हुन्छ । त्यस्तै, विपद्पछिको समयमा विद्यार्थीको सुरक्षा तथा हेरचाह गरी उनीहरूलाई सुरक्षित रूपमा घरसम्म पुऱ्याउने व्यवस्था मिलाउनुपर्दछ ।

९. शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक सङ्घको सहभागितामा निर्माण गरिएको विपद् व्यवस्थापन योजनालाई अनिवार्य रूपमा विद्यालय सुधार योजनाको अनुसूचीमा समावेश गर्नु आवश्यक हुन्छ । यसो गर्दा हरेक वर्ष विद्यालय सुधार योजना अद्यावधिक गर्दा विपद् व्यवस्थापन योजना पनि सँगसँगै अद्यावधिक हुने सुनिश्चितता हुन्छ ।

## विद्यालय सुरक्षाका लागि विद्यालयले वार्षिक रूपमा गर्नुपर्ने क्रियाकलाप

### विपद्का घटनाबाट विद्यालयलाई सुरक्षित बनाउने विद्यालयले गर्नुपर्ने प्रमुख कामहरू निम्न छन्:

- विद्यालय विपद् व्यवस्थापन योजनाको पुनरावलोकन तथा अद्यावधिक गर्ने ।
- विद्यालयका संरचनागत तथा गैरसंरचनागत सुरक्षाको अवस्था परीक्षण तथा विश्लेषण गर्ने ।
- विपद् सुरक्षा सामग्रीहरूको अवस्था लेखाजोखा गरी मर्मत वा प्रतिस्थापन गर्ने ।
- कार्यदल तथा उपसमितिहरूका लागि विपद् सुरक्षा पुनर्ताजगी तालिम तथा नमुना अभ्यास सञ्चालन गर्ने ।
- आकस्मिक कोष अद्यावधिक गर्ने र कोष वृद्धिका लागि अतिरिक्त योजना बनाउने ।





**१. विद्यालय विपद् व्यवस्थापन योजनाको पुनरावलोकन तथा अद्यावधिक गर्ने — विद्यालयले हरेक वर्ष विद्यालय विपद् व्यवस्थापन योजना निर्माण नगरेको अवस्थामा निम्न विषयवस्तु समावेश गरी योजना तयार गर्नुपर्दछ:**

- विद्यालयको आधारभूत जानकारी र सम्पर्क ठेगाना (फोन नम्बरसहित) ।
- विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको नाम तथा सम्पर्क नम्बर ।
- प्रत्येक कक्षामा रहेका विद्यार्थीहरूको सङ्ख्या (छात्र तथा छात्रा छुट्याएर), अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या, अपाङ्गताको प्रकार, शिक्षकको सङ्ख्या आदि ।
- योजनाको उद्देश्य, योजना तयार गर्दा अपनाइएका विधि, तथा विद्यालय व्यवस्थापनका विभिन्न चरण ।
- विद्यालयलाई असर गर्न सक्ने सम्भावित विपद्को विवरण तथा न्यूनीकरणका उपायहरू ।
- पूर्वतयारीका योजनाहरू – मुख्य गरी विद्यालयबाहिरका स्रोतसाधन, स्रोत नक्सा, सुरक्षित बाटोबाट सुरक्षित ठाउँमा पुग्ने योजना तथा नक्सा, उपलब्ध स्रोतसाधन, चेतनामूलक सामग्री तथा क्षमता अभिवृद्धिसम्बन्धी विस्तृत योजना ।

वार्षिक रूपमा सङ्कटासन्नता तथा जोखिमको अवस्था विश्लेषण गर्दा विद्यालयले जोखिम न्यूनीकरणका लागि गरेको प्रगतिमा कस्तो सुधार आएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यसले आगामी वर्षका लागि थप पूर्वतयारी तथा आवश्यक क्रियाकलापहरूको योजना बनाउन सहज बनाउँछ । पुनरावलोकनका क्रममा विद्यालय तथा विद्यालय नजिकका उपलब्ध स्रोतहरूको सूचीकरण गर्नु आवश्यक हुन्छ, जसले आपत्कालीन अवस्थामा स्रोतसाधन छिटो परिचालन गर्न मद्दत पुऱ्याउँछ । विद्यालय तथा त्यस वरपरका क्षेत्रमा उपलब्ध स्रोतहरू, जस्तै स्थानीय तहको कार्यालय, दमकल सेवा, अस्पताल, प्रहरी चौकी र रेडक्रसजस्ता विद्यालयबाहिर रहेका स्रोत, साधन तथा सुविधाहरू विद्यालयबाट नजिक वा टाढा हुन सक्छन् । यी सुविधाहरूको उपयोगिता तिनीहरूको विद्यालयसँगको दूरीले पनि निर्धारण गर्छ । त्यसैगरी, विद्यालयभित्र रहेका सुविधाहरूको उपयोगिता पनि तिनीहरूको उपलब्धता र गुणस्तरले निर्धारण गर्छ । विद्यालयभित्रका यस्ता सुविधाहरू – जस्तै सुरक्षित स्थानान्तरण क्षेत्र, विपद् न्यूनीकरणका लागि आवश्यक सामग्री, दक्ष जनशक्ति तथा चेतनामूलक सामग्रीहरू – समेत सूचीकरण गर्नुपर्ने स्रोत हुन् ।

विद्यालय वरपर उपलब्ध सुविधाहरूको दूरीलाई आधार मानेर विद्यालयले सुविधा नक्सा तयार गर्न सक्छ । यसरी तयार गरिएको नक्साले स्थानीय तहको कार्यालय, प्रहरी चौकी, दमकल, अस्पताल लगायतका सेवाको स्थान स्पष्ट रूपमा देखाउँछ । त्यस्ता नक्सालाई विद्यालयको भित्तामा सबैले सहजै देख्न सक्ने गरी प्रस्ट रूपमा राखिनुपर्दछ । अद्यावधिक गरिएको विपद् व्यवस्थापन योजनालाई विद्यालय सुधार योजनामा समाहित गरी पूर्ण योजनालाई अनुसूचीमा राख्नु आवश्यक हुन्छ ।

२. विद्यालयका संरचनागत तथा गैरसंरचनागत सुरक्षाको अवस्था परीक्षण तथा विश्लेषण गर्ने : विपद्का घटनाबाट हुने सम्भावित असरको सामना गर्न सक्षम विद्यालय निर्माणका लागि वार्षिक रूपमा गरिनुपर्ने अर्को महत्वपूर्ण कार्य सुरक्षा परीक्षण हो । संरचनागत अवयवअन्तर्गत भवनको भार वहन गर्ने बीम, स्ल्याब तथा पर्खालहरूपर्दछन् भने गैरसंरचनागत अवयवअन्तर्गत झ्याल, ढोका, भऱ्याङ तथा फर्निचरलगायतका अन्य सामग्रीहरूपर्दछन् । यी संरचनागत तथा गैरसंरचनागत अवयवहरूको अवस्था कस्तो छ, तथा के–कस्ता उपाय अपनाउँदा विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित भई विद्यालय विपद् व्यवस्थापन समितिले एक कार्यटोली गठन गरी आवश्यकताअनुसार प्राविधिकको सहयोगसमेत लिएर सुरक्षा परीक्षण (safety audit) गर्नुपर्दछ ।

सुरक्षा परीक्षण गर्दा विद्यालयमा सबैभन्दा बढी जोखिम र असुरक्षित अवस्थामा रहने साना बालबालिका, अपाङ्गता भएका बालबालिका तथा शिक्षकहरूको विशेष आवश्यकतालाई ध्यानमा राख्नुपर्दछ । सुरक्षा परीक्षणबाट प्राप्त निष्कर्ष तथा सिफारिसका आधारमा आवश्यक जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरू विद्यालय सुधार योजना तथा विद्यालय विपद् व्यवस्थापन योजनामा समावेश गर्नुपर्दछ । साथै, सुरक्षा परीक्षणको संक्षिप्त प्रतिवेदन सामाजिक परीक्षण प्रतिवेदनमा समावेश गरी सबै सरोकारवालासम्म जानकारी पुऱ्याउनु आवश्यक हुन्छ ।

## सुरक्षित विद्यालयका १० सूचकहरू

- सुरक्षित स्थानमा अवस्थित विद्यालय ।
- भवन निर्माणसम्बन्धी आचारसंहिता पालना गरी निर्माण गरिएको विद्यालय ।
- बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक संरचना भएको विद्यालय ।
- विपद् जोखिम व्यवस्थापन समिति तथा आवश्यक सीपयुक्त जनशक्ति भएको विद्यालय ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको विद्यालय ।
- आकस्मिक कोष, प्राथमिक उपचार सामग्री तथा खोज तथा उद्धारका आवश्यक उपकरणहरू उपलब्ध भएको विद्यालय ।
- पूर्वसूचना प्रणालीको पहिचान तथा प्रभावकारी प्रयोग गरिएको विद्यालय ।
- सुरक्षित स्थानको पहिचानसहित नियमित नमुना अभ्यास (ड्रिल) सञ्चालन हुने विद्यालय ।
- आकस्मिक अवस्थामासमेत तत्काल पठन–पाठनको व्यवस्था गर्न सक्ने योजना भएको विद्यालय ।
- पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विषयवस्तु समावेश गरिएको विद्यालय ।

३. **विपद् सुरक्षा सामग्रीको अवस्थाको लेखाजोखा गरी मर्मतसम्भार वा प्रतिस्थापन गर्ने :** विपद् आइपर्दा खोज तथा उद्धार कार्य सञ्चालन गर्न, प्राथमिक उपचार प्रदान गर्न, सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा घाइतेको ओसारपसार गर्न स्ट्रेचर, माइक, डोरी, प्राथमिक उपचार सामग्री, लाइफ ज्याकेट, हेल्मेट, सिठ्ठी, त्रिपाललगायतका विभिन्न विपद् सुरक्षा सामरूको आवश्यकतापर्दछ । यस्ता सामग्रीहरूको जोहो सामान्य अवस्थामा नै गरिएको खण्डमा विपद्को समयमा सहज रूपमा प्रयोगमा ल्याउन सकिन्छ । प्रकोपको प्रकृति र प्रकारका आधारमा सुरक्षा सामग्रीको आवश्यकता फरक–फरक हुने भएकाले विद्यालय तथा समुदायमा सम्भावित विपद्हरूलाई ध्यानमा राखी उपयुक्त सुरक्षा सामग्रीको व्यवस्था गर्नुपर्दछ । व्यवस्था गरिएका सामग्रीहरू सजिलै पहुँच हुने सुरक्षित स्थानमा राख्नु आवश्यक हुन्छ । साथै, यस्ता सुरक्षा सामग्रीहरूको अवस्था वार्षिक रूपमा लेखाजोखा गरी आवश्यक मर्मतसम्भार गर्नुपर्दछ । यो कार्य सुरक्षा परीक्षणको समयमा नै सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

४. **कार्यदल तथा उपसमितिहरूका लागि विपद् सुरक्षा पुनर्ताजगी तालिम र नमुना अभ्यास सञ्चालन गर्ने :** विद्यालय विपद् व्यवस्थापन समितिअन्तर्गत आवश्यकताअनुसार प्राथमिक उपचार, खोज तथा उद्धार, पूर्वसूचना तथा आकस्मिक कोष परिचालन लगायतका कार्यदल तथा उपसमितिहरू गठन गरिएका हुन्छन् । यी कार्यदलमा संलग्न सदस्यहरूको ज्ञान र सीप अभिवृद्धि गर्न वार्षिक रूपमा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्दछ । यस्ता तालिम विद्यालय वा समुदायमा रहेका तालिमप्राप्त व्यक्तिहरूबाट सहज रूपमा सञ्चालन गर्न सकिन्छ । यस किसिमका तालिमले आपतकालीन अवस्थाको सामना गर्ने क्षमता विकास गर्नुका साथै विपद्को समयमा समन्वयात्मक प्रतिकार्यलाई प्रभावकारी बनाउँछ ।

पुनर्ताजगी तालिमसँगै वार्षिक रूपमा आपतकालीन अवस्थाको सामना गर्न कृत्रिम नमुना अभ्यास (ड्रिल) सञ्चालन गर्नुपर्दछ । यस्ता नमुना अभ्यास विद्यालयमा सम्भावित मुख्य विपद्हरूलाई ध्यानमा राखी गरिनुपर्दछ । उदाहरणका लागि, बाढीजन्य प्रकोपको बढी सम्भावना भएका विद्यालयहरूले बाढीको समयमा विभिन्न कार्यदलहरूले कसरी कार्य गर्ने भन्ने विषयमा नमुना अभ्यास गर्नु आवश्यक हुन्छ । विद्यालयले आवश्यकता र जोखिमको स्तरअनुसार एकभन्दा बढी प्रकारका प्रकोपको प्रभाव न्यूनीकरणका लागि पनि नमुना अभ्यास सञ्चालन गर्न सक्छन् ।





५. **आकस्मिक कोष अद्यावधिक गर्ने तथा कोषवृद्धिका लागि अतिरिक्त योजना बनाउने :** विपद्को अवस्थाको प्रभावकारी सामना गर्न आकस्मिक कोषको व्यवस्था गर्नु आवश्यक हुन्छ । विद्यालयले आकस्मिक कोषको सङ्कलन , सञ्चालन तथा व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न एक संक्षिप्त निर्देशिका तयार गर्नु उपयुक्त हुन्छ । कोषको दिगो व्यवस्थापनका लागि हरेक वर्ष आकस्मिक कोष अद्यावधिक गर्ने तथा स्पष्ट कोषवृद्धि योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । यो कार्य विभिन्न कार्यदलहरूको पुनर्गठन तथा पुनर्ताजगीका समयमा सम्पन्न गर्दा समग्र योजनासँग एकीकृत गर्न सहयोग पुग्छ ।

## राम्रा अभ्यासबाट सिकौँ

### क) विद्यालयमा गरिएको विपद् जोखिम न्यूनीकरणको प्रयासपछि छोटो अवधिमा देखिएको परिवर्तनको कथाको अध्ययन गरी दिइएका प्रश्नहरूमा छलफल गर्नुहोस् ।

**जोखिम न्यूनीकरणको पहल**

विद्यालयका भवन कमजोर अवस्थामा थिए । खेलमैदान सानो थियो र त्यसको बीचबाट गाउँको व्यस्त सडक गएको थियो । विद्यार्थीलाई सम्भावित दुर्घटनाबाट जोगाउन शिक्षकहरूले सधैँ निगरानी गर्नुपर्ने बाध्यता थियो । वि.सं. २०६८ सालमा आएको हुरीबतासले विद्यालयको छानो उडायो । साँझको समय र विद्यालय बन्द भइसकेको हुँदा मानवीय क्षति भने भएन, तर केही समयसम्म पठन–पाठन सञ्चालन गर्न कठिनाइ भयो ।

यो कैलाली जिल्लाको दुर्गौली गाउँपालिकाको बेलासपुरमा सञ्चालित कालिका आधारभूत विद्यालयको दुई वर्षअघिको अवस्था हो र यो घटना विद्यालयका प्रधानाध्यापक श्री कमानसिंह थामीले बताउनुभएको हो । गुणस्तरीय शिक्षा कार्यक्रम लागू भएपछि हाल उक्त विद्यालयको भौतिक संरचना तथा समग्र व्यवस्थापनमा उल्लेखनीय परिवर्तन आएको छ । उडेको छानो मर्मत भइसकेको छ, विद्यालय परिसरभित्र रहेको व्यस्त सडक करिब १५० मिटर पर सारिएको छ, तथा विद्यालय वरिपरि पक्की पर्खाल निर्माण गरिएको छ । अहिले विद्यालयमा अध्ययनरत बालबालिका पहिलेझैँ जोखिममा छैनन् ।

प्रधानाध्यापक थामीले परिवर्तनका कारण यसरी बताउनु भएको छ— कुनै पनि काममा सफलता पाउन पहिलो कुरा त स्पष्ट सूचना र योजना हुनुपर्दो रहेछ । सबैभन्दा पहिले गुणस्तरीय शिक्षा परियोजनाले विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरणसम्बन्धी दुईदिने तालिम दियो । यस विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक समितिका सदस्यहरू गरी जम्मा ३५ जनाले उक्त तालिममा सहभागिता जनाएका थियौँ ।

उहाँले तालिममा विपद् जोखिमका बारेमा धेरै जानकारी प्राप्त गरेको र तालिमकै क्रममा विद्यालय परिसरभित्र र बाहिरका जोखिमहरू छुट्याएर कार्ययोजना पनि बनाएको बताउनुभयो । त्यो कार्ययोजनामा के–के गर्ने, स्रोतहरू कहाँबाट सङ्कलन गर्ने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको थियो । त्यही कार्ययोजनाका आधारमा पहिलो कामको रूपमा विद्यालय परिसरभित्रको बाटो बन्द गरेर अलि परबाट घुमाएर लगिएको रहेछ । प्रधानाध्यापक कमानसिंह थामीका अनुसार बाटो सार्ने काम त्यति सजिलो थिएन । धेरै अघिदेखि प्रयोग हुँदै आएको हुनाले

तुरुन्त बन्द गरेर अन्यत्र सार्न निकै कठिन भएको थियो । तर समुदायसँग निरन्तर छलफल गरेपछि बाटो विद्यालय परिसरबाहिरबाट सञ्चालन गर्न सफल भएको उहाँले बताउनुभयो ।

प्रधानाध्यापक थामी भन्नुहुन्छ, “त्यतिले मात्र विद्यालय सुरक्षित हुँदैनथियो, त्यसैले घेरबारका लागि स्रोत खोज्नुपरेको थियो । हामीले विभिन्न सङ्घ–संस्थासँग सहयोग माग्यौं । अन्ततः जिल्ला शिक्षा कार्यालयबाट बजेट प्राप्त भयो र पर्खाल लगाइयो ।”

उहाँले त्यसैमा सुरक्षित कक्षाकोठा बनाउने योजना पनि रहेको र ती संरचनाका लागि निरन्तर आर्थिक सहयोग जुटाउन प्रयास गरिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार फाया नेपालले सञ्चालन गरेको गुणस्तरीय शिक्षा परियोजनाको सहयोगमा अहिले भवन निर्माण भएको छ ।

उहाँ भन्नुहुन्छ, “स्पष्ट योजना र निरन्तर प्रयासले नै सफलता प्राप्त भएको हो ।”

**चिन्तन तथा छलफलका प्रश्नहरू**

१. विद्यालय सुरक्षा भनेको के हो ?
२. विद्यालय सुरक्षाभित्र के-के पर्दछन् ?
३. विद्यालयलाई किन सुरक्षित राख्नु पर्दछ ?

## ख) अभ्यास कार्य

राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले विद्यालयमा विपद् जोखिम न्यूनीकरणका लागि अवलम्बन गरेका प्रक्रिया तथा त्यसबाट प्राप्त सुधार र परिवर्तनहरू निम्नानुसार प्रस्तुत गरिएका छन् । यी सूचकहरूको आधारमा आफ्नो विद्यालयको वर्तमान अवस्था आँकलन गर्नुहोस् र योजनामा समावेश गर्नुपर्ने विषयहरू पहिचान गर्नुहोस् ।

| विश्लेषणका सूचकहरू | आएको परिवर्तन | तपाईंको विद्यालयमा गरिएको भए चिन्ह (✓) लगाउनुहोस् | नगरेको तर गर्न सकिने तथा गर्नुपर्ने भए चिन्ह (✓) लगाउनुहोस् |
|---|---|---|---|
| ▪ विद्यालयमा मुख्य सरोकारवालाहरू (विद्यार्थी, शिक्षक तथा अभिभावक) को सहभागितामा सङ्कटासन्नता तथा जोखिम विश्लेषण गरिएको ।<br>▪ विपद् जोखिमसम्बन्धी विषयमा विद्यालयका मुख्य सरोकारवालाहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण सञ्चालन गरिएको । | ▪ विद्यालयका सरोकारवालाहरूमा विपद्को समयमा सुरक्षित रहने तथा विपद् जोखिम न्यूनीकरणका उपायबारे ज्ञान र सीप बढेको ।<br>▪ विद्यालयमा रहेका जोखिमहरू पहिचान गरी व्यवस्थापन गरिएको हुँदा बालबालिका तथा शिक्षकहरू सुरक्षित रहेका । | | |





| विश्लेषणका सूचकहरू | आएको परिवर्तन | तपाईंको विद्यालयमा गरिएको भए चिन्ह (✓) लगाउनुहोस् | नगरेको तर गर्न सकिने तथा गर्नुपर्ने भए चिन्ह (✓) लगाउनुहोस् |
|---|---|---|---|
| ▪ विपद् जोखिम न्यूनीकरणका लागि योजना तयार गरी कार्यान्वयन गरिएको तथा उक्त योजनालाई हरेक वर्ष अद्यावधिक गरिएको ।<br>▪ विद्यालयमा विपद् आइपर्दाको अवस्थाका लागि पूर्वतयारीस्वरूप उद्धार तथा सुरक्षा सामग्री (लाइफ ज्याकेट, स्ट्रेचर, डोरी आदि) को व्यवस्था गरिएको ।<br>▪ विद्यालयमा आकस्मिक अवस्थामा सहयोग पुऱ्याउन आकस्मिक कोष स्थापना गरी प्रयोगमा ल्याइएको ।<br>▪ प्राथमिक उपचारसम्बन्धी आधारभूत तालिमप्राप्त शिक्षक तथा विद्यार्थीहरू सम्मिलित प्राथमिक उपचार कार्यदल गठन गरी काम भइरहेको ।<br>▪ विद्यालयमा खोज तथा उद्धारसम्बन्धी तालिम सञ्चालन गरिएको तथा हरेक वर्ष सम्भावित प्रकोपको प्रकृति हेरी भूकम्प, बाढी, आगलागी जस्ता विपद् सामना गर्न नमुना अभ्यास (ड्रिल) सञ्चालन हुने गरेको ।<br>▪ बाल क्लबका गतिविधिहरूमार्फत समुदायमा विपद्बाट सुरक्षित रहने उपायहरूबारे जानकारी प्रवाह गरिएको ।<br>▪ विद्यालय सुधार योजनामा विपद् जोखिम व्यवस्थापन योजना समावेश गरिएको ।<br>▪ विद्यालय संरचना निर्माण तथा मर्मतका क्रममा भवन निर्माण आचारसंहिता पालना गरिएको ।<br>▪ हरेक वर्ष सुरक्षा परीक्षण (Safety Audit) सञ्चालन गरी जोखिम न्यूनीकरण योजनाको कार्यान्वयनको अनुगमन गरिएको । | ▪ जोखिम न्यूनीकरणका लागि भवनलगायतका संरचनाको समयमै मर्मतसम्भार गरिएको तथा नदी किनारका विद्यालय नजिक तटबन्ध निर्माण, वृक्षारोपण जस्ता काममा विद्यालयका सरोकारवालाहरू सक्रिय रहेका ।<br>▪ तालिमप्राप्त प्राथमिक उपचार टोलीमार्फत शिक्षक तथा विद्यार्थीहरू लाभान्वित भएका ।<br>▪ संरचनागत तथा गैरसंरचनागत जोखिम न्यूनीकरण गरिएको ।<br>▪ विपद्को समयमा सुरक्षा सामग्रीको प्रयोग गरी खोज तथा उद्धारका काम गर्ने गरिएको तथा आपतकालीन अवस्थामा प्रभावित व्यक्तिहरूलाई विद्यालय समुदायले सहयोग पुऱ्याएको ।<br>▪ विद्यालय समुदायमा विपद्को सामना गर्न सक्ने ज्ञान, सीप तथा क्षमता विकास भएको । | | |

विद्यालयको सुरक्षा समुदाय तथा विद्यालयको एउटा मुख्य सरोकारको विषय हो । प्राकृतिक प्रकोप र मानवीय कमजोरीबाट उत्पन्न हुने विपद्को असरलाई विद्यालयको योजनाबद्ध र क्रियाशील प्रयासद्वारा कम गर्न सकिन्छ । समुदायलाई सचेत गराउन विद्यालय तथा विद्यार्थीहरू महत्वपूर्ण माध्यम बन्न सक्छन् । विद्यालयलाई सुरक्षित बनाउन विद्यालयको शिक्षा र गतिविधिहरू नै महत्वपूर्ण हुन्छन् । आफ्नो परिवेशको जोखिम विश्लेषणका आधारमा विद्यालयका गतिविधिहरू सञ्चालन गर्दा सुरक्षित विद्यालय निर्माण गर्न सकिन्छ ।

## अनुसूची–१
## गैरसंरचनागत विद्यालय सुरक्षा लेखाजोखाका आधारहरू

**(क) कक्षाकोठा र विद्यालय भवनभित्र**

- टेबल, दराज, कम्प्युटर, पङ्खा, गमला, पानी ट्याङ्की, विषादीजस्ता जोखिमयुक्त वस्तुहरूलाई स्थिर र बलियोसँग बाँध्ने वा सुरक्षित बनाउने,
- कक्षाकोठाको ढोका नियमित मर्मतसम्भार गर्ने र प्रत्येक कोठाको ढोका सजिलैसँग बाहिरपट्टि खुल्ने सुनिश्चित गर्ने,
- डेस्क र बेन्च एकसाथ जोडिएका भए तिनलाई छुट्याउने तथा विद्यार्थीलाई सजिलै हिँड्न वा घुम्न मिल्ने गरी पुनर्व्यवस्थित गर्ने,
- गह्रौं वस्तुहरूलाई शिरभन्दा तल पर्ने गरी राख्ने र सकेसम्म भुइँतलामा राख्ने व्यवस्था मिलाउने,
- विद्युतीय वायरिङलाई व्यवस्थित गर्ने,
- ग्यास, मट्टीतेल, पेट्रोल वा रसायनजस्ता प्रज्वलनशील पदार्थहरूलाई कक्षाकोठा, अन्य भेला हुने क्षेत्र वा विद्यार्थीको पहुँचभन्दा अलग्गै वा छुट्टै ठाउँमा सुरक्षित रूपमा राख्ने,
- झ्याल, ढोका, छानो आदिलाई बलियो र सुरक्षित बनाउन आवश्यक हुक, कब्जा वा अन्य विधिले बाँध्ने,
- विद्यालय भवन र अन्य संरचनाको नियमित मर्मतसम्भार गर्ने ।

**(ख) विद्यालय परिसरमा**

- पुराना रुखहरू हटाउने, सुकेका र भाँच्चिएका हाँगाहरू काट्ने तथा धुलो र फोहोरलाई विद्यालय परिसरबाट हटाउने,
- विद्यालय चौरको भुइँसतह समान र एकनासको बनाउने, खाल्डाखुल्डी पुर्ने तथा सर्प वा अन्य विषालु किराको जोखिम कम गर्न झाडी वा घाँस नियमित रूपमा काट्ने,
- विद्यालय र वनका बीचमा अग्नि नियन्त्रण रेखा बनाउने र कुलेसो बनाएर त्यसलाई नियमित रूपमा सफा गर्ने,
- आगो बाल्ने स्थान (जस्तै: चमेना गृहको चुलो) लाई प्रज्वलनशील पदार्थ, नरम वा तुरुन्तै बल्ने काठ वा त्यस्तो काठबाट बनेका संरचना र भण्डार गृहभन्दा टाढा बनाउने,
- विद्यालय आसपास र परिसरमा सचित्र चेतावनी सङ्केतहरू राख्ने, जस्तै: विद्यालय क्षेत्र / बालबालिका हिँड्डुल गर्ने क्षेत्र / बिस्तारै हाँक्नुहोस् / गति सीमित वा ५ किलोमिटर प्रतिघण्टा आदि,
- विद्यालयबाट निस्किने फोहोर (कुहिने र नकुहिने) को सुरक्षित व्यवस्थापन गर्ने,
- विद्यालय परिसर वरिपरि हरियाली बनाउन वृक्षारोपण गर्ने,
- पहिरो, बाढी र ढुङ्गा खस्ने क्षेत्रमा ग्याबिन पर्खाल तथा सुरक्षा तटबन्ध लगाउने,
- विद्यालय परिसरबाट पानी सहजै बग्ने गरी कुलो तथा ढल निकासको व्यवस्था गर्ने,
- विद्यालयको खानेपानी र सरसफाइ सुविधाको नियमित रूपमा मर्मतसम्भार गर्ने ।



**(ग) निम्नलिखित संरचनाको स्थायित्वका लागि गरिने अल्पीकरणका कार्यमा स्थानीय तहको प्राथमिकता हुनुपर्दछ**

- विद्यालय क्षेत्रलाई पर्खाल, घेरबार र गेट लगाएर सुरक्षित बनाउने,
- पहिरो र बाढीको जोखिम रहेका विद्यालयमा आवश्यकताअनुसार ग्याबिन पर्खाल वा संरक्षण बा लगाएर पहिरो र बाढी नियन्त्रण गर्ने,
- पानी निकासका लागि आवश्यक ढल वा निकासको व्यवस्था मिलाउने,
- विपद् जोखिम लेखाजोखा तथा जोखिम न्यूनीकरणका लागि शिक्षक, प्रधानाध्यापक, अभिभावक र विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने,
- शौचालय, खानेपानी, कक्षाकोठा र अन्य संरचनालाई बालबालिका तथा अपाङ्गतामैत्री बनाउने,
- बार्दली वा भऱ्याङमा रेलिङ लगाउने,
- बाढीको जोखिम भएको क्षेत्रमा खानेपानी, शौचालय र हात धुने सुविधालाई अग्लो बनाएर निर्माण गर्ने ।

## अनुसूची–२
## गैरसंरचनागत सङ्कटासन्नता लेखाजोखा फाराम

| क्र. सं. | इकाइको नाम | इकाइको अवस्था | | के कारणले सन्तोषजनक नरहेको | कुन बिन्दुमा यस्ता समस्या छन् ? | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सन्तोषजनक रहेको | सन्तोषजनक नरहेको | | | |
| १ | बेन्च डेस्क | | | | | |
| २ | बिजुलीका सामग्रीहरू | | | | | |
| ३ | झ्याल ढोकाका चुकुलहरू | | | | | |
| ४ | कार्यालय कोठाका फर्निचरहरू | | | | | |
| ५ | पुस्तकालयका दराजहरू | | | | | |
| ६ | प्रयोगशालामा रहेका फर्निचर तथा रासायनिक पदार्थ भण्डारण | | | | | |
| ७ | कालोपाटीको अवस्था | | | | | |
| ८ | नक्सा र अन्य तस्वीरहरू | | | | | |
| ९ | कम्प्युटर, टीभी, आदि | | | | | |
| १० | झ्यालका शिशाहरू | | | | | |
| ११ | गमलाको स्थिति | | | | | |
| १२ | खानेपानी ट्याङ्कीको स्थिति | | | | | |
| १३ | कक्षागत विद्यार्थी सङ्ख्या | | | | | |

## अनुसूची–३
## संरचनागत सङ्कटासन्नता लेखाजोखा फाराम

| क्र. सं. | इकाइको नाम | इकाइको अवस्था | | के कारणले सन्तोषजनक नरहेको | कुन बिन्दुमा यस्ता समस्या छन् ? | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सन्तोषजनक रहेको | सन्तोषजनक नरहेको | | | |
| १ | बेन्च डेस्क<br>घरको बनावट:<br>माटोको जोडाइ<br>सिमेन्टको जोडाइ | | | | | |
| २ | पुस्तकालयका दराजहरू<br>ढलानको छाना<br>जस्ताको छाना<br>खरको छाना<br>स्लेटको छाना | | | | | |
| ३ | झ्यालका शिशाहरू<br>जगको स्थिति:<br>गहिराइ<br>चौडाइ | | | | | |
| ४ | घरको:<br>लम्बाइ<br>चौडाइ<br>उचाइ<br>गाह्रोको मोटाइ | | | | | |
| ५ | भऱ्याङको चौडाइ | | | | | |
| | भऱ्याङको सङ्ख्या | | | | | |
| ६ | कोठा जाने बाटोको चौडाइ | | | | | |
| ७ | ढोकाको चौडाइ | | | | | |
| ८ | भवनको मूल ढोकाको चौडाइ | | | | | |
| ९ | कोठाको सङ्ख्या र नाप | | | | | |





## अनुसूची–४
## विद्यालय भवन हाताभित्रको सङ्कटासन्नता लेखाजोखा फाराम

| क्र. सं. | इकाइको नाम | इकाइको अवस्था | | के कारणले सन्तोषजनक नरहेको | कुन बिन्दुमा यस्ता समस्या छन् ? | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सन्तोषजनक रहेको | सन्तोषजनक नरहेको | | | |
| १ | ठूला-ठूला रुखहरू | | | | | |
| २ | बाढीको अवस्था | | | | | |
| ३ | पहिरोको सम्भावना | | | | | |
| ४ | जमिन भासिने अवस्था | | | | | |
| ५ | छिमेकी घरको अवस्था | | | | | |
| ६ | पर्खाल | | | | | |
| ७ | बिजुलीको तार | | | | | |
| ८ | बिजुलीको खम्बा | | | | | |
| ९ | टेलिफोनको तार | | | | | |
| १० | टेलिफोनको खम्बा | | | | | |
| ११ | खुला ठाउँको स्थिति | | | | | |



# ४

## विद्यालय शिक्षाका दश अधिकार: अनुगमन तथा प्रवर्धन

Promoting Rights in Schools: Monitoring and Promotion in School Education

# ४ विद्यालय शिक्षाका दश अधिकार: अनुगमन तथा प्रवर्धन

## भूमिका र परिचय

सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रपछि शिक्षा अधिकारलाई औपचारिक रूपमा पहिचान गरियो । त्यसपछि विभिन्न देशहरूले यस अधिकारलाई आफ्ना राष्ट्रिय कानुन, नीति र कार्यक्रममा समेटे । यसै क्रममा बालबालिका र शिक्षासम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय सहमति र घोषणापत्रहरू पनि जारी भए । बाल अधिकार घोषणापत्र र अन्य मानव अधिकारसम्बन्धी दस्तावेजहरूले शिक्षालाई विश्वव्यापी अधिकारका रूपमा स्थापित गरे । समयसँगै शिक्षा अधिकारको अर्थ थप स्पष्ट र परिष्कृत हुँदै आएको छ । पछिल्ला वर्षहरूमा दिगो विकास लक्ष्य तथा निःशुल्क र अनिवार्य विद्यालय शिक्षासम्बन्धी संवैधानिक प्रावधानहरूले शिक्षा अधिकारलाई स्पष्ट रूपमा परिभाषित र मापनयोग्य बनाएका छन् । वर्तमान सन्दर्भमा शिक्षा अधिकार भन्नाले सबै बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्दै विद्यालय तहसम्मको शिक्षा सबैको पहुँचमा ल्याउनु भन्ने बुझिन्छ ।

विद्यालय शिक्षाका दश अधिकार विद्यालय, अभिभावक र विद्यार्थीको नजिकको अनुभवका आधारमा परिभाषित गरिएका छन् । यी अधिकारहरूले गुणस्तरीय शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय कस्तो हुनुपर्दछ भन्ने स्पष्ट चित्र दिन्छन् । यस पहलले सामुदायिक शिक्षालाई सुदृढ गर्दै सबैका लागि निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि बहस र पैरवीलाई बल पुऱ्याउनेछ ।

शिक्षा अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने मुख्य जिम्मेवारी राज्यको हो । यी उद्देश्यहरू हासिल गर्न विद्यालयका सरोकारवाला निकायहरू—विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक सङ्घ र शिक्षकहरू—तथा जिल्ला शिक्षा समन्वय इकाइ, स्थानीय तह र त्यसअन्तर्गतको शिक्षा शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल सरकार जवाफदेही हुनुपर्दछ ।

विद्यालयहरूले प्राप्त गर्ने स्रोतहरू अर्थ मन्त्रालय, दातृ निकाय, अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरू (विश्व बैंक, एसियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष) तथा राष्ट्रिय र निजी दाताहरूबाट निर्देशित हुन्छन् । यस पहलले विद्यालय तहका कार्यक्रमहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा भएका नीतिगत तथा प्रचारात्मक प्रयासहरूसँग जोड्न र तुलना गर्न सहयोग पुऱ्याउँछ । विशेषगरी, यसले विद्यार्थी, बालबालिका, समुदाय र स्थानीय नागरिक समाजको गुणस्तरीय शिक्षा अधिकारका लागि वकालत गर्ने क्षमता मात्र नभई यी आवश्यकताबारे जनचेतना अभिवृद्धि गरी दीर्घकालीन रूपमा व्यवहारमा उतार्न सक्ने निर्णयात्मक क्षमताको विकास गर्ने लक्ष्य राखेको छ ।

यो पहल शिक्षा र मानव अधिकारका खाकासँगै युनिसेफको विश्वव्यापी 'बालमैत्री विद्यालय' अवधारणा तथा संयुक्त अधिराज्यले प्रस्तुत गरेका विद्यालयसम्बन्धी अधिकार (Rights Respecting Schools Award) प्रयासहरूबाट प्रेरित छ । नेपाल सरकारले पनि विद्यालय शान्ति क्षेत्र, भयरहित शिक्षा र बालमैत्री शिक्षण विधिजस्ता विषयमा प्रतिबद्धता जनाएको छ । सोही अनुसार विद्यालय





शान्ति क्षेत्र घोषणा गरिएको छ र बालमैत्री शिक्षणसम्बन्धी निर्देशिका तयार गरिएको छ । यी प्रयासहरूले विद्यालय शिक्षाका दश अधिकारको अवधारणालाई नेपालको सन्दर्भमा परिमार्जन गरी स्पष्ट खाका बनाउन प्रेरणा दिएका छन् ।

विद्यालय शिक्षाका दश अधिकारहरू अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि तथा महासन्धिहरूबाट लिइएका हुन् । यी सबै अधिकारहरू स्वर्गीय कैटरिना टोमासभ्स्कीले प्रतिपादन गरेको 'चार ए' (4A) खाका अन्तर्गतपर्दछन् । 'चार ए' खाकाभित्र निम्न सूचकहरूपर्दछन् :

**उपलब्धता (Availability):** शिक्षा निःशुल्क हुनुपर्दछ र सरकारले आवश्यक आर्थिक जिम्मेवारी लिएर पर्याप्त भौतिक पूर्वाधार र शिक्षकहरूको व्यवस्था गर्नुपर्दछ ।

**शिक्षामा पहुँच (Accessibility):** सरकारले कसैमाथि भेदभाव गर्नु हुँदैन र सबैभन्दा सीमान्तकृत समूहसम्म शिक्षाको पहुँच पुऱ्याउने सकारात्मक र आवश्यक कदम चाल्नुपर्दछ ।

**स्वीकार्य शिक्षा (Acceptability):** शिक्षाको विषयवस्तु सान्दर्भिक, सांस्कृतिक रूपमा उपयुक्त र गुणस्तरीय हुनु आवश्यक छ ।

**अनुकूल शिक्षा (Adaptability):** शिक्षाले समाज र विभिन्न पक्षका परिवर्तनशील आवश्यकताहरूलाई सम्बोधन गर्न सक्नुपर्दछ ।

विद्यालय शिक्षाका दश अधिकारहरूले नागरिकको शिक्षा अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्छन् र स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनुगमन र तुलनात्मक विश्लेषणका लागि स्पष्ट खाका प्रदान गर्दछन् । आवश्यकताअनुसार कुनै एक अधिकारमा मात्र जोड दिन सकिए पनि, यी अधिकारहरू एकअर्कासँग जोडिएर बलियो हुने भएकाले सम्पूर्ण अधिकारको प्रयोग गर्नु उचित हुन्छ । यहाँ हरेक अधिकारका सूचकहरू पहिचान गरिएका छन् र ती सूचकसम्बन्धी सूचना सङ्कलन गर्ने विधि तथा औजारहरू प्रष्ट पारिएका छन् । विद्यालयबाट सङ्कलित सूचना विद्यालय, पालिका र राष्ट्रियस्तरका 'नागरिक प्रतिवेदन'मा समावेश गरी नागरिक शिक्षा प्रतिवेदन तयार गर्न सकिन्छ । ती प्रतिवेदनहरू शिक्षा अधिकार सुनिश्चित गर्न अभियान थाल्ने, प्रचारप्रसार गर्ने र विभिन्न साझेदार संस्था तथा सरोकारवालाहरूलाई परिचालन गर्ने आधारका रूपमा प्रयोग गर्न सकिन्छ ।

विद्यालयमा सूचना सङ्कलनको प्रक्रिया नागरिक शिक्षा प्रतिवेदन जत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैले, तयारीदेखि तथ्याङ्क सङ्कलन, विश्लेषण र निष्कर्ष निकाल्ने सम्पूर्ण काममा बालबालिका, अभिभावक, नागरिक मञ्चका प्रतिनिधि, स्थानीय सङ्घसंस्था र शिक्षक सङ्गठन जस्ता सबै सरोकारवालाहरूलाई संलग्न गराई परिवर्तनको आवश्यकता पहिचान र सम्भाव्य विकल्प निर्माण गर्ने विषयमा सचेतना अभिवृद्धि गर्न सकिन्छ ।

नेपालको संविधान २०७२ अनुसार विद्यालय शिक्षा दुई तहमा वर्गीकरण गरिएको छ । आधारभूत तह (प्रारम्भिक बालविकासदेखि कक्षा ८) अनिवार्य र निःशुल्क छ भने माध्यमिक तह (कक्षा ९–१२) निःशुल्क छ । बालविकास र पूर्वप्राथमिक कक्षाहरू ३–४ वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको छ ।

## नेपालमा नागरिक शिक्षा प्रतिवेदनका अनुभवहरू

शिक्षामा नागरिकका सवालहरूलाई अघि ल्याई शिक्षा अधिकारको बहसलाई अघि बढाउन तथा सार्वजनिक शिक्षा रूपान्तरणका लागि नागरिकहरूको सक्रियता बढाउन एक्सनएड अन्तर्राष्ट्रिय  नेपालले सन् २००९ देखि विद्यालय, जिल्ला र राष्ट्रिय तहमा नागरिक शिक्षा प्रतिवेदन तयार गरी शिक्षा अधिकारको प्रवर्धनका लागि पैरवी गर्दै आएको छ । नागरिक शिक्षा अभियानले नागरिकको शिक्षाप्रतिको बुझाइ, स्थानीय परिवेश र शक्तिसम्बन्धको उजागर गर्ने, विभिन्न समुदाय, वर्ग, जाति र लिङ्गका दृष्टिकोणबाट शिक्षा अधिकारमा पहुँच र उपभोगमा आइपरेका बाधाहरूको मूल कारण पहिचान गर्ने तथा राज्यले अवलम्बन गरेका शैक्षिक नीतिनियम तथा प्रावधानहरूको प्रभावकारिताको लेखाजोखा गर्ने उद्देश्य राखेको छ ।

## शिक्षाका दश अधिकार र नागरिक शिक्षा प्रतिवेदन

सन् २०१० देखि निरन्तर सञ्चालन गरिएका नागरिक शिक्षा अभियानहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विद्यालय शिक्षाका दश अधिकारसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गर्दै आएका छन् । एक्सनएड अन्तर्राष्ट्रिय नेपालले आगामी दिनहरूमा विद्यालय शिक्षाका दश अधिकारसम्बन्धी अवधारणा र नागरिक शिक्षा प्रतिवेदनलाई एकीकृत गरी अगाडि लैजाने योजना बनाएको छ । यस अवधारणाले विद्यालय शिक्षा अधिकारसँग सम्बन्धित सूचना सङ्कलनका लागि आवश्यक विभिन्न सूचकहरू पहिचान गरेको छ र उपयुक्त विधि तथा औजारहरू उल्लेख गरेको छ । आगामी दिनमा नागरिक शिक्षा अभियानका क्रममा यस स्रोत कार्यविधिका आधारमा प्रक्रियागत रूपमा सूचना सङ्कलन गरी विद्यालय, स्थानीय तह र राष्ट्रिय तहका नागरिक प्रतिवेदन तथा नीति विश्लेषण तयार पारिनेछ ।

"सन् २०१० देखि निरन्तर सञ्चालन गरिएका नागरिक शिक्षा अभियानहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विद्यालय शिक्षाका दश अधिकारसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गर्दै आएका छन् ।

### विद्यालयमा अधिकारहरूको अभिवृद्धि सम्बन्धी घोषणापत्र

**सबै विद्यालयहरूले निम्नलिखित मौलिक अधिकारहरूको पालना गर्नुपर्दछ:**

१) **निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार:** विद्यालय जाने उमेरका सबै बालबालिकाले विद्यालयमा सर्वसुलभ पहुँच पाउनुपर्दछ । आधारभूत तहको शिक्षामा कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लगाउनु हुँदैन भने माध्यमिक तहको शिक्षा निःशुल्क हुनुपर्दछ ।

२) **भेदभावरहित/समताको अधिकार:** राज्यले गरेको विशेष नीतिगत सकारात्मक व्यवस्थाबाहेक विद्यालयले लिङ्ग, जातजाति, भाषाभाषी, धर्म, राजनीतिक आस्था, राष्ट्रियता, जातीयता, अपाङ्गता वा अन्य कुनै अवस्थाका आधारमा कोही कसैलाई भेदभाव गर्नु हुँदैन ।

३) **पर्याप्त भौतिक पूर्वाधारको अधिकार:** प्रत्येक कक्षाका लागि सबैलाई पहुँच हुने, स्थानीय परिवेशअनुकूल र विपद् जोखिमरहित कक्षाकोठाको व्यवस्था हुनुपर्दछ । पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, प्रयोगशाला, खानेपानी, छात्र–छात्राका लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाइको व्यवस्था हुनुपर्दछ ।

४) **तालिमप्राप्त शिक्षक पाउने अधिकार:** विद्यालयमा पर्याप्त तालिमप्राप्त शिक्षकको व्यवस्था हुनुपर्दछ । राज्यले तोकेको शिक्षक–विद्यार्थी अनुपात कायम गर्नुपर्दछ । शिक्षकहरूका लागि उचित सेवासुविधा, सेवापूर्व र सेवाकालीन गुणस्तरीय तालिमको व्यवस्था गर्नुपर्दछ ।

५) **सुरक्षित र हिंसारहित वातावरणको अधिकार:** विद्यार्थीले विद्यालय जाँदा–आउँदा, विद्यालयमा विपद् वा अन्य घटनाबाट सुरक्षित रहने वातावरण पाउनुपर्दछ । विद्यालयमा दण्ड, सजाय, हिंसा वा बालअधिकार हनन् हुने घटनामा पीडितको गोपनीयतालाई ध्यान दिँदै दोषीलाई कारवाही गर्नुपर्दछ ।





६) **सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार:** विद्यार्थीहरूको भाषा र संस्कृतिसँग मेल खाने, सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक सन्दर्भका अनुसार पाठ्यक्रम र शिक्षण विधि व्यवस्थापन गरिनुपर्दछ ।

७) **आफ्ना अधिकारहरूबारे सुसूचित हुन पाउने अधिकार:** प्रत्येक विद्यार्थीले मानव अधिकार, खासगरी बालअधिकारका बारेमा जान्ने अवसर पाउनुपर्दछ र उमेर अनुसारको यौन तथा प्रजनन स्वास्थ्य शिक्षासम्बन्धी जानकारी पाउने अधिकार पनि सुनिश्चित गरिनुपर्दछ ।

८) **सहभागिताको अधिकार:** छात्र तथा छात्राहरूले आफूलाई प्रभाव पार्ने कुनै पनि विषयमा स्वतन्त्रतापूर्वक बोल्न वा सहभागी हुन पाउनुपर्दछ र उनीहरूको विचारलाई निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्दछ ।

९) **पारदर्शी र जवाफदेहिताको अधिकार:** राज्यले गरेको नीतिगत व्यवस्थाअनुरूप विद्यालयका सरोकारवालाहरू (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक, अभिभावक, नागरिक मञ्च, विद्यालय निरीक्षक, स्थानीय शिक्षा समिति, स्थानीय तहको शिक्षा शाखा र सम्बन्धित निकाय) ले आ–आफ्नो काम, कर्तव्य र अधिकारबारे जानकारी लिनुपर्दछ र सोअनुसार पारदर्शी ढङ्गले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१०) **गुणस्तरीय सिकाइको अधिकार:** विद्यार्थीहरूको पूर्ण शारीरिक र मानसिक विकासका साथै बौद्धिक र व्यक्तित्व विकासका लागि गुणस्तरीय बालकेन्द्रित सिकाइ वातावरण र प्रभावकारी शिक्षण प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।




५

# नागरिक शिक्षा प्रतिवेदन: सहभागितामूलक तथा कार्यमूलक अनुसन्धान

**Citizen Education Report: A Participatory Action Research**

# ८ नागरिक शिक्षा प्रतिवेदन: सहभागितामूलक तथा कार्यमूलक अनुसन्धान

## नागरिक शिक्षा प्रतिवेदनको अभिप्राय

विद्यालय शिक्षामा दश अधिकारसम्बन्धी प्रारूप तयार गर्नुको अभिप्राय शिक्षाको गुणस्तर सुधारमा नागरिकहरूलाई सहभागी गराउनु हो । प्रारूप र यसका सूचकहरूले नागरिक सहभागिता बढाएर शिक्षाका अधिकारहरूको स्थितिबारे विद्यालय, स्थानीय र राष्ट्रिय स्तरमा नागरिक शिक्षाका प्रतिवेदनहरूको तयारीमा सहयोग पुऱ्याउँछन् । यस प्रयासले अनुसन्धानका आधारमा क्रियाकलाप गर्ने, तथ्यप्रमाणसहित प्रचारप्रसार गर्ने र विभिन्न सरोकारवालाको सहभागितामा अभियान सञ्चालन गर्ने कुरालाई बढावा दिन्छ । विद्यालय शिक्षाका दश अधिकारको प्रवर्धनले शिक्षा क्षेत्रमा दिगो परिवर्तन ल्याउने छ ।

### उद्देश्य

यस स्रोत पुस्तिकाको मुख्य उद्देश्य विद्यालयमा शिक्षाका दश आधारभूत अधिकारको प्रवर्धन तथा अनुगमनमा सहयोग पुऱ्याउनु हो । अन्य उद्देश्यहरू यसप्रकार छन् :

- दशवटा प्रमुख शैक्षिक अधिकारमध्ये एक वा एकभन्दा बढी अधिकारबारे तथ्यगत सूचना तथा प्रमाणहरू सङ्कलन गर्न सक्ने गरी अभिभावक, बालबालिका, शिक्षक र अन्य सरोकारावालाहरूको सहभागिता रहने सहभागितामूलक तथा कार्यमूलक अनुसन्धानमार्फत ज्ञान निर्माणको सशक्त प्रक्रिया विकास गर्ने,
- शिक्षा अधिकारहरूको प्रवर्धनका लागि विद्यालय तहमा गरिने अवस्था पहिचान तथा विश्लेषणले भविष्यमा गर्नुपर्ने कार्यलाई उत्प्रेरित गर्नका लागि विद्यालयस्तरका नागरिक शिक्षा प्रतिवेदनहरू तयार गर्ने,
- नागरिक केन्द्रित प्रचारप्रसार र अभियानका लागि स्थानीय र राष्ट्रियस्तरका प्रतिवेदनहरू सङ्ग्रह र छलफल गर्ने,
- दश अधिकारका आधारमा शिक्षा क्षेत्रमा भएका सकारात्मक प्रगति तथा देखिएका चुनौतीहरूलाई पहिचान गरी आवश्यक पैरवी गर्ने,
- शिक्षाका दश अधिकार, अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता र नेपालको संविधान तथा सम्बन्धित नीतिनियमबारे आम सरोकारवाला बीच जानकारी गराई छलफल गराउने ।





## नागरिक शिक्षा प्रतिवेदन तयारीको प्रक्रिया

- विद्यालय शिक्षामा अधिकारहरूको प्रवर्धनसम्बन्धी क्रियाकलापका लागि सहभागितामूलक प्रक्रिया अपनाउनुपर्दछ । यसको सुरुवात विद्यालय तहमा गरिने सर्वेक्षण प्रक्रियाबाट हुन्छ । दश अधिकारका सूचकहरूमा सहभागितामूलक प्रक्रिया र आपसी छलफलका माध्यमबाट तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । यस स्रोत पुस्तिकामा दिएका प्रश्नावलीको ढाँचाले अध्ययनकर्तालाई व्यवस्थित किसिमले आवश्यक सूचना सङ्कलन गर्न सहयोग पुग्ने छ । प्रत्येक विद्यालय र अध्ययन क्षेत्रमा सशक्तीकरण तथा विश्लेषणको एउटा बृहत् प्रक्रिया थाल्न यस्ता सहभागितामूलक औजारहरू प्रस्ताव गरिएको छ । यी प्रक्रियाबाट सङ्कलित तथ्याङ्कलाई अन्तरवार्ता, समूहकेन्द्रित छलफल र विद्यालयका अभिलेखको समीक्षाद्वारा थप रुजु तथा परिपूर्ति गर्न सकिन्छ । सफल प्रयासका उदाहरण, कथा र अन्य सूचना सामग्री पनि सङ्कलन गर्नुपर्दछ । यस प्रक्रियाको विभिन्न चरणमा तथ्याङ्क कसरी सङ्कलन गरिए र कति जना र कुन-कुन पृष्ठभूमिका व्यक्ति सहभागी भए भन्ने कुराको जानकारी समावेश गर्नुपर्दछ । सूचना सङ्कलन गर्न प्रयोग गरिएका फोटो तथा दृश्य औजारहरूका उदाहरण र तिनीहरूको निर्माण प्रक्रिया पनि समावेश गर्नुपर्दछ ।

यस प्रक्रियालाई विद्यालयहरूमा बृहत् रूपमा लैजानका लागि कम्तीमा तीन दिनको समय लाग्ने छ । विशेष परिवेशहरूमा समय कम वा बढी लाग्न सक्नेछ । सहभागितामूलक प्रक्रिया र तथ्याङ्कको व्यवस्थित अभिलेखन गर्दा भविष्यमा प्रमाणमा आधारित पैरवीको आधार तयार हुनेछ ।

> “ विद्यालय शिक्षामा अधिकारहरूको प्रवर्धनसम्बन्धी क्रियाकलापका लागि **सहभागितामूलक प्रक्रिया** अपनाउनुपर्दछ ।

## अध्ययनका प्रक्रियाविधि

- विद्यालय क्षेत्रको सामाजिक साक्षरता नक्साङ्कन – प्रत्येक घरपरिवारसँग सम्बन्धित जानकारी विवरण, विद्यालयमा र विद्यालयबाहिर रहेका बालबालिका, विभेद तथा वञ्चितीकरणमा परेका समुदायबारे सूचना (जस्तै, जाति, लैङ्गिक, जातीय अल्पसङ्ख्यक, अपाङ्गता, बालश्रम आदि), विद्यालयसम्मको दूरी र जान लाग्ने समय इत्यादिको अभिलेखन ।
- विद्यालय समयरेखा – सन् २०१५ (अथवा सम्भव भए अझ त्यस अगाडि) देखिका मुख्य विकासक्रमको अभिलेखन (जस्तै: भर्ना सङ्ख्यामा रहेका प्रवृत्ति, शिक्षकको सङ्ख्या तथा योग्यता, कक्षाकोठाको सङ्ख्या, विद्यालय व्यवस्थापन समिति इत्यादि ।
- मौसमी/मासिक पात्रो - मौसम र समयअनुसारको जोखिम, चुनौती र अवस्था देखाउने तालिका निर्माण गर्ने ।
- धरातलीय हिंडाइ – विद्यालयको भौतिक पूर्वाधार संरचना, विद्यालय परिसर र विद्यालय रहेको गाउँसमुदाय क्षेत्रको अवलोकन गर्ने ।
- प्रमुख सरोकारवालासँगको अन्तर्वार्ता – विद्यालय बाहिर रहेका बालबालिका, विद्यालय छोडेका बालबालिका र तिनका अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा अन्य पदाधिकारीहरू, स्थानीय शिक्षा शाखा प्रमुख, स्थानीय नागरिक समाज तथा बुद्धिजीवी लगायतक व्यक्तिहरूसँग गर्न सकिने ।
- समूहकेन्द्रित छलफल – विद्यार्थी समूह, आमा समूह, शिक्षकवर्ग, विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक सङ्घका प्रतिनिधिकहरूसँग गरिने छलफल ।
- विद्यालय अभिलेखको समीक्षा – विद्यालय अभिलेखका आधारमा विद्यालयमा भर्ना हुने बेला, विद्यार्थीको सिकाइ प्रक्रिया मूल्याङ्कन, सिकाइ उपलब्धिका साथै शैक्षिक सत्रहरूको सूचना अर्धवार्षिक र वार्षिक रूपमा समीक्षा गर्ने ।

- विद्यालयका सुशासनको अवस्था – विद्यालयमा शिक्षक पदपूर्ति (शिक्षक भर्नासम्बन्धी विज्ञापन समयमै गरिएको), सूचना पाटीको उपलब्धता तथा अभ्यास, सामाजिक परीक्षण, सार्वजनिक खर्चको पारदर्शिता, विद्यालय ड्यासबोर्ड स्थापना र अद्यावधिकजस्ता जवाफदेहिताका प्रक्रियाबारे छलफल अभिभावक, बालबालिका, सामुदायिक संस्था र अगुवाहरू आदिको सहभागिता र उपस्थितिमा सम्पन्न भएको नभएको अवस्थाबारे विस्तृत छलफल गर्ने ।
- तथ्यङ्क सङ्कलन टोली परिचालन गरी विद्यालयको विस्तृत विवरण ल्याउने ।

माथि उल्लेखित औजारहरू प्रयोग गरी प्रत्येक विद्यालयबाट सङ्कलन गरिएका तथ्याङ्कलाई स्थानीय तह तथा राष्ट्रियस्तरको शिक्षाको अवस्था झल्काउन एकीकृत ढाँचामा प्रतिवेदन तयार गर्न सकिन्छ । सबै सरोकारवालाको सहभागितामा सूचनाको विश्लेषण र ती सूचनाको आधारमा आगामी योजनाहरूका बारेमा छलफल गर्ने काम निरन्तर गर्नुपर्दछ । मुख्यतः स्थानीय, प्रदेश तथा राष्ट्रिय तहका सार्वजनिक शिक्षाका सरोकारवालहरूले सङ्कलित तथ्याङ्कको विश्लेषण र प्रयोग गर्नेछन् । यस स्रोत पुस्तिकालाई विद्यालय शिक्षा क्षेत्र योजना बनाउनका लागि प्रयोग गर्न सहजीकरण गर्नुपर्दछ । यस प्रक्रियाबाट विद्यालयहरूले १० अधिकारका सम्बन्धमा आफ्नो विद्यालयको अवस्थाबारे पत्ता लगाई विद्यालयका सबल पक्ष र सुधार गर्नुपर्ने क्षेत्रहरूका बारेमा थाहा पाउँछन् । विद्यालयले यो प्रक्रिया अवलम्बन गरी यसबाट आएका तथ्यप्रमाणको विश्लेषण गर्न सकेमा विद्यालय शिक्षा क्षेत्र योजना बनाउन र विद्यालयको समग्र विकासका अन्य पक्षहरूमा सुधार गर्न सहयोगी हुन्छ । पहिलो चरणको अभियान सञ्चालन गरेपछि विद्यालयमा परिवर्तनहरू आइरहेका छन् कि छैनन् भन्ने कुरा देखाउने विद्यालय ड्यासबोर्डको अध्यावधिकताबारे छलफल गरी त्यसमा सुझाव दिनु एकदमै महत्त्वपूर्ण हुन्छ।

## नेपालका सन्दर्भमा शिक्षा अधिकारहरूको प्रवर्धन, प्रयोग तथा फाइदाहरू

नेपालको शिक्षा क्षेत्रमा क्षमता अभिवृद्धि र सचेतना क्रियाकलापहरूका लागि यो प्रक्रिया उपयोगी देखिएको छ । यस स्रोत पुस्तिकालाई एक्सनएड, साझेदार संस्था, सार्वजनिक शिक्षामा रुचि भएका व्यक्ति, अध्ययन अनुसन्धानकर्मी, विशेषज्ञ, शिक्षाविद्, शिक्षा अधिकारकर्मी, विद्यार्थी, स्थानीय तहका नीति निर्माता तथा कर्मचारी र विद्यालयका सरोकारवालाहरूद्वारा प्रयोग गर्न सकिनेछ । नेपाल सरकारको शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा विभागको हकमा सामुदायिक विद्यालयहरूको गुणस्तर मापन र अभिवृद्धिका लागि यो प्रक्रिया एकदमै महत्त्वपूर्ण रहन्छ ।

### नागरिक शिक्षा प्रतिवेदन तयारीका लागि ध्यान दिनुपर्ने कुराहरू

१) विद्यालय शिक्षा अधिकारको प्रवर्धनका लागि सरोकारवालाहरूमध्येबाट प्रमुख साझेदारहरूको पहिचान गर्नुहोस् । बालबालिका, अभिभावक, आमा समूह, शिक्षक, समुदायका अगुवालगायत विद्यालय तहका सरोकारवालाहरू तथा अधिकारकर्मी, पत्रकार, शिक्षक सङ्गठन, महिला र युवा सङ्गठन तथा स्थानीय गैरसरकारी संस्थाहरूको सहभागिता सुनिश्चित गर्नुहोस् ।

२) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी सन्दर्भहरूका आधारमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अन्य आवश्यक स्थानीय कानूनहरू वा राज्यका नीति तथा कार्यक्रमहरूमा परिमार्जन गर्न साझेदारहरूसँग बहस तथा पैरवी गर्नुहोस् ।

३) दशवटा अधिकारहरूमा आधारित सूचना सामग्री जस्तै पोष्टर, पर्चा र पम्पलेटहरू तयार गर्नुहोस् र ती सामग्रीलाई सरकार, गैरसरकारी संस्था, विद्यालय र समुदायको सचेतना अभिवद्धि गर्न गराउन प्रयोग गर्नुहोस् ।

४) विद्यालय, स्थानीय तह, प्रदेश तथा राष्ट्रियस्तरमा तथ्याङ्क सङकलनका लागि सहज रूपमा प्रयोग गर्न सकिने अध्ययन ढाँचा तयार गर्नुहोस् । आवश्यकताअनुसार ढाँचा परिमार्जनका लागि सहभागितामूलक प्रक्रिया अपनाउनुहोस् ।

५) कार्यविधिका बारेमा स्थानीय सहजकर्ताहरूलाई अभिमुखीकरण/प्रशिक्षण गर्नुहोस् र यस प्रक्रियालाई स्थानीय सन्दर्भअनुकूल तथा दूरगामी बनाउन स्थानीय साझेदार तथा सरोकारवालाहरूलाई अनिवार्य रूपमा सहभागी गराउनुहोस् ।

६) स्थानीय शिक्षा शाखा तथा सरोकारवालाहरूसँग समन्वय गरी सहभागितामूलक विधिद्वारा अध्ययन गरिने विद्यालयहरू छनोट गर्नुहोस् तथा विद्यालयहरूको सहभागितामूलक अध्ययन सञ्चालन गर्नुहोस् ।

७) सङ्कलित सूचनाहरूलाई आधार बनाई विभिन्न तहमा छायाँ प्रतिवेदनको रूपमा नागरिक शिक्षा प्रतिवेदन तयार गर्नुहोस् । सरकारले गरेका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौताहरूको कार्यान्वयनका आवधिक समीक्षाअनुसार प्रगतिबारे तुलना र छलफल गर्नुहोस् ।

८) विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक सङ्घले प्रत्येक वर्ष अद्यावधिक विद्यालय शिक्षा क्षेत्र योजना तयार गर्ने तथा वार्षिक सामाजिक परीक्षण सञ्चालन गर्ने प्रक्रियासहित अन्य सम्बन्धित कार्यहरूमा सक्रिय सहभागिता जनाउनुहोस् । यी सम्पूर्ण क्रियाकलापको प्रभावकारी सञ्चालनका लागि स्थानीय तहबाट नियमित अनुगमन सुनिश्चित गर्नुहोस् । साथै, जनचेतना अभिवृद्धि गर्न र आवश्यक सुधारका मुद्दाहरूलाई उजागर गर्न स्थानीय पत्रकार तथा समुदायसँग निरन्तर सहकार्य गर्नुहोस् ।

९) नागरिक शिक्षा प्रतिवेदन विद्यालयमा अनिवार्य रूपमा प्रेषित गर्नुहोस् र प्रतिवेदनमा समावेश तथ्य, तथ्याङ्क तथा सिफारिसहरूको समुचित समीक्षा गर्न आवश्यक सहजीकरण प्रदान गर्नुहोस् ।

१०) अध्ययन प्रक्रियामा संलग्न सबै सङ्घसंस्था तथा सरोकारवालालाई विद्यालयको प्रगति र परिवर्तनको अनुगमन गर्न, र सोही आधारमा विद्यालय तहमा योजना निर्माण, कार्यान्वयन तथा निरन्तर अनुगमन प्रक्रियामा सहभागी हुन प्रोत्साहित गर्नुहोस् ।

११) सार्वजनिक शिक्षा रूपान्तरणका सरोकारवालाहरू (जस्तै सरकारी निकाय, नीति निर्माता, नागरिक समाज, पत्रकार, विकास साझेदार, शिक्षा समूह तथा मानव अधिकारकर्मी) बीच प्रभावकारी सहयोग र समन्वय प्रवर्धन गर्न स्थानीय तथा राष्ट्रिय दुवै तहमा पैरवी र सहजीकरण सञ्चालन गर्नुहोस् ।

***नोटः*** *केही स्थानमा तपाईँले १० वटै अधिकारमा तथ्याङ्क सङ्कलन गर्नुको सट्टा कुनै विशेष अधिकारहरूमा जोड दिन/छान्न सक्नु हुनेछ ।*

# नागरिक शिक्षा प्रतिवेदनका लागि सन्दर्भ सामग्री, प्रश्नावली र सूचकहरू

**नागरिक शिक्षा प्रतिवेदनको खाका**

**विद्यालयको नाम:**

**विद्यालयको ठेगाना:**

**अध्ययन टोलीको नाम:**

## १. अध्ययनको पृष्ठभूमि, उद्देश्य तथा विधि

यस अध्ययन किन गरिएको हो तथा यसको मूल उद्देश्य के हो ? विद्यालय छनौट कसरी (प्रयोग गरिएका मापदण्ड तथा प्रक्रिया) गरियो ? तथ्याङ्क सङ्कलनका लागि के कस्ता विधिहरू (जस्तै समूह छलफल, अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन, कागजात अध्ययन आदि) प्रयोग गरिए ? सङ्कलित तथ्याङ्क विश्लेषण कसरी गरियो (अपनाइएको विश्लेषणात्मक ढाँचा, औजार तथा प्रक्रियाको वर्णन) ?

## २. विद्यालयको पृष्ठभूमि

विद्यालय कुन भौगोलिक क्षेत्र र स्थानमा छ ? विद्यालय कहिले, कसरी र कसको पहलमा स्थापना भएको हो ? विद्यालयमा सञ्चालित तह तथा कक्षाहरू, तीमध्ये कुन–कुन तह/कक्षाले औपचारिक अनुमति तथा स्वीकृति पाएका छन् ? विद्यालयमा पढ्न आउने बालबालिका कहाँबाट आउँछन्, कस्तो सामाजिक पृष्ठभूमिका छन् (जातीय, आर्थिक, भाषिक, सांस्कृतिक आदि) ? विद्यालय सबैलाई सहज पहुँच हुने र पायक पर्ने स्थानमा छ कि छैन ?

## ३. नि:शुल्क तथा अनिवार्य शिक्षाको अवस्था

अभिभावक तथा विद्यार्थीहरूसँग गरिएको समूह छलफलका आधारमा विभिन्न सामाजिक पृष्ठभूमिका बालबालिकाले (विद्यालयबाहिर रहेका बालबालिकासमेत) विद्यालय जान, नियमित उपस्थित हुन के कस्ता समस्या भोगेका छन् वा विद्यालयमा भर्ना हुन सकेका छैनन् भने के कारणले ?

### क) विद्यालयमा भर्नादर

- **कक्षागत भर्नादर :** विगत पाँच वर्षको कक्षागत भर्नादरको अवस्था कस्तो छ ? भर्नादर घटेको छ कि बढेको छ र यसका कारण के हुन् ?
- **विद्यालयको सेवा :** विद्यालय सेवा क्षेत्रभित्र ५–१२ वर्ष उमेर समूहका कति बालबालिका छन्, तीमध्ये कति विद्यालयबाहिर छन् (कहिल्यै विद्यालय नगएका तथा पढाइ बीचमै छाडेका) ? विद्यालयबाहिर रहेका बालबालिका कुन सामाजिक समूहका हुन् र उनीहरू विद्यालय नजानु वा पढाइ छाड्नुका मुख्य कारणहरू (आर्थिक, पारिवारिक, सांस्कृतिक, पहुँच, अपाङ्गता, वैवाहिक उत्तरदायित्व आदि) के के हुन् ?

तालिका १ : ............... *विद्यालयमा उमेर समूहका विद्यार्थीको भर्ना अवस्था*

| पालिका | विद्यालय | जम्मा भर्ना | | | विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | ५–१२ वर्ष उमेर समूहका बालबालिका | जम्मा सङ्ख्या | भर्ना दर (प्रतिशत) | छात्रा | छात्र | जम्मा |
| | | | | | | | |

*स्रोत : नागरिक शिक्षा प्रतिवेदन अध्ययन ............. ।*



सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

- विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गराउन तथा नियमित उपस्थित गराउन विद्यालयले के-कस्ता कार्यक्रम चलाइरहेको छ ?
- विद्यालयबाहिर रहेका बालबालिकालाई भर्ना गराउन तथा नियमित उपस्थित गराउन स्थानीय तहले के-कस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ?
- विद्यालयको सेवा क्षेत्रमा कुनै गैरसरकारी वा सामुदायिक सङ्घसंस्था कार्यरत छन् ? यदि छन् भने विद्यालयबाहिर रहेका बालबालिकालाई भर्ना गराउन तथा नियमित उपस्थित गराउन के-कस्ता कार्यक्रम सञ्चालन गरिरहेका छन् ?

### ख) विद्यार्थीको नियमित उपस्थिति

- कक्षागत तथा तहगत औसत विद्यार्थी उपस्थितिको अवस्था कस्तो छ ? कुन कक्षा वा तहमा उपस्थित दर उच्च छ र कुनमा न्यून छ, र यसको मुख्य कारणहरू के हुन् ? के वर्षको कुनै विशेष समयमा (जस्तै खेतीपातीको व्यस्तता, चाडपर्व, वर्षा, गर्मी, जाडो आदि) उपस्थितिमा कम हुने गरेको छ ?
- अनियमित हुने विद्यार्थी नियमित विद्यालय आउन नसक्ने प्रमुख कारणहरू के हुन्, र ती विद्यार्थी कुन सामाजिक समूहका हुन् ? काम गर्दै पढ्ने विद्यार्थी कति छन्, र उनीहरू कुन सामाजिक पृष्ठभूमिमा पर्दछन् ?
- विद्यालयमा लिङ्ग, जाति, वर्ग आदि आधारमा कुनै शारीरिक दण्ड वा सजाय हुने गरेको छ ? यस्ता दण्ड-सजायले विद्यार्थीको नियमित उपस्थितिमा कस्तो प्रभाव पार्छ ?
- लक्षित समूहका विद्यार्थीले छात्रवृत्ति समयमै पाएका छन् ? छात्रवृत्तिले विद्यार्थी भर्ना र नियमित उपस्थितिमा के-कस्तो सहयोग गरेको छ ? लक्षित कक्षाका विद्यार्थीले दिवा खाजा समयमै पाएका छन् ? दिवा खाजाले विद्यार्थी भर्ना र नियमित पढाइमा के-कस्तो सहयोग गरेको छ ?

### ग) आधारभूत तहमा लाग्ने खर्च

- विद्यार्थी तथा अभिभावकले कुन–कुन शीर्षकमा कति शुल्क तिर्नुपर्दछ ? फरक–फरक तह वा कक्षामा के–कस्ता शुल्क लाग्छन्, र कति तिर्नुपर्दछ ?
- विद्यालयमा सहभागी हुन विद्यार्थीलाई लाग्ने अन्य खर्चहरू (जस्तै कापीकलम, पुस्तक, झोला, पोशाक, टाइ–बेल्ट, खाजा, यातायात, पुस्तकालय, प्रयोगशाला आदि) के–के हुन्, र ती खर्चले आर्थिक रूपमा विपन्न परिवारलाई कस्तो असर गर्छ ?
- विद्यालयमा शिक्षा कुन तह/कक्षासम्म नि:शुल्क छ ? यदि शिक्षा पूर्ण रूपमा नि:शुल्क छ भने त्यो कसरी सम्भव भएको हो ? यदि पूर्ण रूपमा नि:शुल्क छैन भने त्यसका मुख्य कारणहरू के हुन् ?
- विद्यालयले विभिन्न कक्षा तथा तहमा कुन–कुन शीर्षकमा शुल्क उठाउँछ ? यस्तो शुल्क उठाउनुका कारणहरू के हुन्, र उठाइएको रकम कहाँ–कहाँ खर्च गरिन्छ ? विद्यालयको कुल आम्दानीमध्ये शुल्कबाट आउने हिस्साको प्रतिशत कति छ ?

तालिका २ : *विद्यालयमा लिइने शुल्कका प्रकार*

| क्र. सं. | कक्षा १–५ | कक्षा ६–८ | कक्षा ९–१० |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## ४. विद्यालयको शैक्षिक वातावरण र भौतिक सुविधा

*(अध्ययनका क्रममा गरिएको अवलोकनका आधारमा विद्यालयको भौतिक तथा सामाजिक वातावरणलाई विश्लेषण गर्न प्रयोग हुने प्रश्नहरू)*

### क) पर्याप्त तथा सुरक्षित विद्यालय भौतिक सुविधा र कक्षाकोठा

- विद्यालयमा सञ्चालित सबै कक्षाका लागि कक्षाकोठा पर्याप्त छन् ?
- सबै कक्षाकोठामा सबै विद्यार्थीका लागि आवश्यक फर्निचर उपलब्ध छ ? फर्निचर सबै विद्यार्थीलाई पुग्ने रूपमा व्यवस्था गरिएको छ ?
- कक्षाकोठामा विद्यार्थीहरू सहज रूपमा बस्न सक्ने स्थिति छ ?
- कक्षाकोठाहरू वर्षभरि (१२ महिना) प्रयोग गर्न सकिने अवस्थाका छन् ?
- कक्षाकोठाहरू सफा र उज्यालो छन् ?
- सबै कक्षाकोठामा कालो/सेतो पाटीको व्यवस्था छ ?
- कक्षाकोठाका भित्तामा विद्यार्थी तथा शिक्षकले निर्माण गरेका शैक्षिक सामग्रीहरू टाँसिएका छन् ?
- बालविकासदेखि कक्षा ५ सम्मका कक्षाहरूमा पुस्तक राख्ने कुनाको (पुस्तक कुना) व्यवस्था छ ?
- कक्षाकोठाको सरसफाइ कसले गर्छ, र सरसफाइ कत्तिको नियमित हुन्छ ?
- कक्षाकोठाहरू जोखिमका दृष्टिले कत्तिको सुरक्षित छन् ?
- तल्लो तह/कक्षाका र माथिल्लो तह/कक्षाका कक्षाकोठाबीच भौतिक गुणस्तरमा कुनै उल्लेखनीय फरक छ ?
- विद्यालयका भौतिक, गैरभौतिक संरचना तथा कक्षाकोठाहरू अपाङ्ग–मैत्री छन् ?

### ख) शौचालय, पिउने पानी तथा सरसफाइको अवस्था

- विद्यालयमा छात्रा तथा छात्रका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था छ ?
- शौचालयहरूमा आवश्यक पानी, साबुन र प्रयोगयोग्य सुविधा उपलब्ध छन् ?
- शौचालयहरू सफा छन् ?
- विद्यार्थी सङ्ख्याको अनुपातमा शौचालयको सङ्ख्या पर्याप्त छ ?
- छात्रा शौचालयमा सेनेटरी प्याड सुरक्षित रूपमा फाल्ने व्यवस्था उपलब्ध छ ?
- शौचालयको सरसफाइ कसले गर्छ, र कत्तिको नियमित रूपमा गरिन्छ ?
- शौचालय प्रयोग गर्दा ढोकामा चुकुल लगाउन मिल्छ ?
- शौचालय जाने बाटो सफा र सुरक्षित छ ?
- विद्यालय हातामा पिउने पानीको व्यवस्था छ ?
- पिउने पानीको मुख्य स्रोत के हो ?
- सबै विद्यार्थीलाई पिउने पानीमा समान पहुँच छ, वा कुनै प्रकारको भेदभाव देखिन्छ ?
- उपलब्ध पानी सफा तथा पिउनयोग्य छ ?
- पिउने पानी भएको ठाउँको वातावरण सफा छ ?
- विद्यालयमा फोहोरको व्यवस्थापन कसरी गरिन्छ ?
- विद्यालय हाताको सरसफाइ कसले गर्छ, र सरसफाइ कत्तिको नियमित हुन्छ ?



सार्वजनिक शिक्षाः स्रोत पुस्तिका

### ग) विद्यालयमा भएका अन्य सुविधाहरू

- विद्यालयमा पुस्तकालय छ ? यदि छ भने, विद्यार्थीहरूले नियमित रूपमा प्रयोग गर्न सक्छन् ? पुस्तकालयमा कस्ता प्रकारका पुस्तकहरू उपलब्ध छन् ? सबै कक्षा तथा तहका विद्यार्थीहरूका लागि उपयुक्त र सान्दर्भिक पुस्तक तथा सामग्रीहरू छन् ?
- यदि विद्यालय माध्यमिक तहसम्म सञ्चालित छ भने, विज्ञान प्रयोगशाला छ ? यदि छैन भने प्रयोगशालाका सामग्री कहाँ राखिन्छ ? प्रयोगशाला छ भने विद्यार्थीहरूले नियमित रूपमा प्रयोग गर्न पाउँछन् ? प्रयोगशालाका सामग्रीहरूको व्यवस्था र व्यवस्थापन कसले गर्छ ?
- विद्यालयमा खेलमैदान छ ? यदि छ भने, विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त छ ? खेलमैदान सफा र सुरक्षित छ (ढुङ्गा, हिलो, खाल्डाखुल्डी आदि नभएको) ? खेलमैदानको मर्मतसम्भार तथा रेखदेख कसले गर्छ ?
- विद्यालय हातामा घेराबार वा पर्खाल छ ? सुरक्षा दृष्टिकोणले गेटको व्यवस्था छ ? विद्यालय परिसर हरियाली, सफा तथा आकर्षक छ ?

### घ) विद्यालयको सामाजिक वातावरण

- विद्यालयमा कुनै प्रकारको लैङ्गिक भेदभाव हुने गरेको छ ? यदि छ भने, त्यो कस्तो प्रकृतिको हो ? यस्तो भेदभाव कसबाट गरिन्छ (विद्यार्थी, शिक्षक, प्रशासनिक तथा अन्य कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक आदि) ?
- विद्यालयमा जातीय भेदभाव वा छुवाछुत हुने गरेको छ ? यदि छ भने, कस्तो प्रकार वा स्वरूपले हुने गर्छन् ? यस्तो विभेद कसले गर्छ (विद्यार्थी, शिक्षक, प्रशासनिक तथा अन्य कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक आदि) ?
- विद्यालयमा अपाङ्गता भएका व्यक्ति वा अन्य सामाजिक रूपमा दुर्बल समूहका विद्यार्थी तथा व्यक्तिमाथि कुनै प्रकारको भेदभाव हुने गरेको छ ? यदि छ भने, कस्तो प्रकारको भेदभाव हुन्छ ? यस्तो भेदभाव कसले गर्छ (विद्यार्थी, शिक्षक, प्रशासनिक तथा अन्य कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक आदि) ?
- विद्यालयमा शारीरिक दण्ड वा सजाय दिइन्छ ? यदि छ भने, कस्ता प्रकारका दण्ड–सजाय दिइन्छ र कुन परिस्थितिमा दिइन्छ ?
- विद्यालयमा लैङ्गिक दुर्व्यवहार वा यौन हिंसाका घटना भएका छन् ? यदि छन् भने, ती घटनाहरूको संक्षिप्त विवरण प्रस्तुत गर्नुहोस् ।

## ५. शिक्षकको उपलब्धता र व्यवस्थापन

*(शिक्षक अनुपस्थित वा ढिला आएका बेला कक्षा कसरी सञ्चालन हुन्छ भन्नेबारे छोटो वर्णन गर्नुहोस्)*

### क) शिक्षकको पर्याप्तता

- विद्यालयमा विभिन्न तह तथा विषयका लागि शिक्षक सङ्ख्या पर्याप्त छ ? यदि अपुग छ भने, कुन–कुन तह तथा विषयमा शिक्षक अभाव देखिन्छ ? शिक्षक–विद्यार्थी अनुपात कस्तो छ, र शिक्षकको कार्यबोझको अवस्था कस्तो छ ?
- विद्यालयमा कार्यरत विभिन्न प्रकारका शिक्षकको (स्थायी, अस्थायी, राहत, निजी स्रोत, करार, अनुदान आदि) विवरण प्रस्तुत गर्नुहोस् । यी शिक्षकहरूको तलब तथा सेवा–सुविधा समान छन् वा भिन्न ? निजी स्रोतबाट भुक्तानी हुने शिक्षकको तलब कुन स्रोतबाटप्राप्त हुन्छ ?
- कार्यरत शिक्षकहरू मध्ये कति जनासँग अध्यापन अनुमति (टिचर लाइसेन्स) छ ? विगत दुई वर्षमा कति शिक्षकले तालिमप्राप्त गरेका छन् ? विद्यालयमा कार्यरत शिक्षकहरूको समावेशी अवस्था (लैङ्गिक, जातीय तथा सामाजिक विविधता) कस्तो छ ?

### ख) शिक्षकको नियमितता

- विद्यालयको हाजिरी दैनिकीका आधारमा शिक्षक तथा अन्य कर्मचारीहरूको नियमितता कस्तो छ ?
- नागरिक शिक्षा प्रतिवेदनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा शिक्षकको उपस्थितिको अवस्था कस्तो देखियो ? अध्ययन टोली विद्यालय पुगेको दिन कति जना शिक्षक अनुपस्थित थिए ? कति जना ढिलो आएका थिए ? कति जना विद्यालय समयभन्दा अघि नै पुगेका थिए ? विद्यालयमा भएपनि कक्षाकोठामा उपस्थित नभएकाहरू कति थिए ?

- शिक्षकहरू विद्यालयमा उपस्थित रहेका बेला कक्षामा समयमै जाने र निर्धारित समयसम्म पढाउने गरेको देखियो ?
- कुनै शिक्षक अनुपस्थित हुँदा त्यो शिक्षकको कक्षा कसरी सञ्चालन हुन्छ ?

**ग) शिक्षक तालिमको अवस्था**

- विगत दुई वर्षमा कति प्रतिशत शिक्षकले पेशागत विकास तालिमप्राप्त गरेका छन् ? कति प्रतिशत शिक्षकले अन्य प्रकारका तालिम पाएका छन् ? तालिमका अवसरहरू केवल स्थायी शिक्षकले पाएका हुन् कि सबै प्रकारका शिक्षकले समान रूपमा पाएका छन् ? तालिम कसले प्रदान गरेको हो ?
- विद्यालयमा शिक्षकका विषयगत समिति गठन भएका छन् ? विद्यालयले नै शिक्षकका लागि कुनै तालिमको व्यवस्था गरेको छ ?
- विद्यालयमा नयाँ नियुक्त भएका शिक्षकले सेवाप्रवेश तालिम पाएका छन् ? यदि पाएका छन् भने, यस्तो तालिम कसले प्रदान गरेको हो ?
- कार्यरत शिक्षकहरूमध्ये कति प्रतिशतले सूचना तथा सञ्चार प्रविधि (कम्प्युटर, स्मार्टफोन, इन्टरनेट) प्रयोग गर्न सक्छन् ?
- शिक्षकको सुपरिवेक्षण तथा निरीक्षण कसले गर्छ ?
- विद्यालयमा शिक्षक बैठक कत्तिको नियमित रूपमा हुने गरेको छ ? यस्ता बैठकमा कुन–कुन विषयमाथि छलफल हुन्छन् ?

**घ) कक्षाकोठामा हुने शिक्षण-सिकाइ प्रक्रिया**

- शिक्षकहरूले प्रयोग गर्ने प्रमुख शिक्षण विधिहरू के–कस्ता छन् ? अध्ययन टोली विद्यालय भ्रमणमा रहेको बेला शिक्षकहरूले कक्षामा कुन–कुन शिक्षण विधिहरू प्रयोग गरिरहेका थिए ? यस्ता विधिहरूका केही उदाहरणहरू उल्लेख गर्नुहोस् ।
- कति शिक्षकहरूले वार्षिक तथा दैनिक शिक्षण/पाठ योजना निर्माण र अभ्यास गर्छन् ?
- पाठ्यपुस्तक तथा कालोपाटी/सेतोपाटी बाहेक शिक्षकहरूले अरू के–कस्ता शिक्षण सामग्री प्रयोग गर्छन् ?
- शिक्षण–सिकाइका क्रममा कति शिक्षकले कुन–कुन तहका कक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्छन् ?
- विद्यार्थीहरूले समूह कार्य, परियोजना कार्य, तथा सामुदायिक कार्य गर्ने अवसर कत्तिको पाउँछन् ?

**ङ) शिक्षण पेशा तथा शिक्षकप्रतिको दृष्टिकोण**

- शिक्षकहरूले आफ्नै पेशाप्रति कत्तिको सन्तुष्टि र गर्व महसुस गर्छन् ? कार्यरत शिक्षकको दरबन्दी वा प्रकार (स्थायी, अस्थायी, राहत, अनुदान, स्वयंसेवक आदि) जस्ता कुराले पेशाप्रतिको दृष्टिकोणमा कुनै प्रभाव पारेको छ ?
- शिक्षकहरू विद्यालयमा सफा तथा उचित पोसाकमा आउने गर्छन् ?
- शिक्षकहरूले मदिरा, सुर्तीजन्य पदार्थ वा अन्य नशा सेवन गरेर विद्यालय आउने घटना देखिएको छ ?
- पढाउने कार्यबाहेक विद्यालयका अन्य क्रियाकलापमा शिक्षकहरूको सहभागिताको अवसर र अभ्यास कस्तो छ ?
- अभिभावकहरूको शिक्षकप्रतिको दृष्टिकोण कस्तो छ ? (जस्तै शिक्षक नियमित छन्, पेशामा इमान्दार छन् आदि)

## ६. विद्यालयको सुशासन तथा व्यवस्थापन

*(विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक सङ्घका पदाधिकारीहरू आफ्नो काम, कर्तव्य र भूमिकाबारे कत्तिको सचेत छन् । संक्षिप्तमा वर्णन गर्नुहोस् ।)*

**क) विद्यालय व्यवस्थापन समिति**

- विद्यालय व्यवस्थापन समिति छ ? यदि छ भने, कहिले र कसरी गठन भएको हो ? के समिति समावेशी छ ? निर्णय प्रक्रियामा सबै सदस्यको सहभागिता हुन्छ वा कुनै विशेष वर्ग वा समूहको बोलबाला छ ?





- व्यवस्थापन समितिका पदाधिकारीहरू आफ्नो काम, कर्तव्य र अधिकारबारे कत्तिको सचेत छन् ? उनीहरूलाई तालिम दिइएको छ कि छैन ?
- व्यवस्थापन समितिले गरेका प्रमुख निर्णयहरू के हुन् ? समितिले गर्ने निर्णयमा सबै सदस्यको सहभागिता हुने गरेको छ कि छैन ?

**ख) शिक्षक अभिभावक सङ्घ**

- शिक्षक-अभिभावक सङ्घ छ ? यदि छ भने, कहिले र कसरी गठन भएको हो ? के सङ्घ समावेशी छ ? निर्णय प्रक्रियामा सबै सदस्यको सहभागिता हुन्छ वा कुनै वर्ग वा समूहको बोलबाला छ ?
- शिक्षक-अभिभावक सङ्घका पदाधिकारीहरू आफ्नो काम, कर्तव्य र भूमिकाबारे कत्तिको सचेत छन् ? के उनीहरूले क्षमता विकासका अवसर पाएका छन् ?
- शिक्षक-अभिभावक सङ्घले गरेका प्रमुख निर्णयहरू के हुन् ? निर्णय प्रक्रियामा सबै सदस्यको सहभागिता हुने गरेको छ कि छैन ?

**ग) विद्यालयमा अभिभावकको सहभागिता**

- विद्यालयमा अभिभावकको सहभागिता कस्तो छ ? के–कस्ता क्रियाकलापमा अभिभावक सहभागी हुन्छन् ?
- विद्यालयले अभिभावकलाई कुन–कुन कार्यक्रम वा क्रियाकलापमा निमन्त्रणा गर्छ ? यस्तो निमन्त्रणा कसरी गरिन्छ ? के अभिभावकलाई कार्यक्रमको विस्तृत जानकारी दिइन्छ ?
- अभिभावक विद्यालयको वार्षिक कार्यक्रम तथा बजेटबारे जानकार छन् ? यदि जानकार छन् भने कसरी जानकारीप्राप्त गरे ? यदि छैनन् भने के कारणले नभएको हो ?

**घ) बालक्लब र विद्यार्थी सहभागिता**

- विद्यालयमा बालक्लब छ ? यदि छ भने कहिले र कसरी गठन भएको हो ? गठनमा कसले सहयोग/सहजीकरण गरेको हो ? समावेशी र सहभागिताको अवस्था कस्तो छ ?
- बालक्लबको वार्षिक योजना छ ? यदि छ भने, के–कस्ता क्रियाकलाप सञ्चालन गर्छ ? यी क्रियाकलापमा सबै छात्र, छात्रा, जातजाति, कक्षा र अपाङ्गता भएका विद्यार्थीहरूको सहभागिता कस्तो छ ? उदाहरणसहित संक्षिप्त वर्णन गर्नुहोस् ।
- बालक्लबले उठाएका मुद्दा वा गुनासोमा विद्यालय प्रशासन कत्तिको संवेदनशील छ ?

**ङ) विद्यालयको निर्णय प्रक्रिया तथा पारदर्शिता**

- छात्रवृत्ति कसरी वितरण हुन्छ ? (नगद वा जिन्सी) र कहिले वितरण हुन्छ ? लक्षित समूहले छात्रवृत्ति पाउँछन् ? लक्षित समूहका सबै विद्यार्थीले पाएका छन् कि छैनन् ?
- आवश्यकता भएका र गरिब विद्यार्थीलाई विद्यालयले आफ्नै स्रोत वा पहलबाट कुनै थप सहयोग दिने गरेको छ ? यदि छ भने, स्रोत कसरी जुटाइन्छ र व्यवस्थापन कसरी हुन्छ ?
- विद्यालयले समयमै आर्थिक लेखा परीक्षण तथा सामाजिक परीक्षण गर्ने गरेको छ ? यस्ता परीक्षणका नतिजाबारे अभिभावक र सरोकारवालाबीच सार्वजनिक तथा छलफल गरिन्छ ?
- विद्यालयका आम्दानी स्रोत के–के हुन् ? विद्यालयले वार्षिक कार्यक्रम तथा अन्य जानकारी सरोकारवालालाई दिने गरेको छ ?
- विद्यालयमा शिक्षक, विद्यार्थी तथा अन्य कर्मचारी र समितिका लागि आचारसंहिता छ ? यदि छ भने, सबैले देख्ने गरी टाँसिएको छ ? सबैले पालना गर्छन् ? पालना नगरेमा के हुन्छ ?
- निजी स्रोतका शिक्षक छन् भने, उनीहरूको नियुक्ति प्रक्रिया कस्तो छ ? कसरी नियुक्त हुन्छन् ?
- विद्यालयको सुधार योजना छ ? यदि छ भने कहिले बनेको हो र कसले बनाएको हो ? सबै शिक्षकलाई सुधार योजनाबारे जानकारी छ ? यो योजना कार्यान्वयन हुन्छ ?

**च) स्थानीय तह तथा विद्यालयको सम्बन्ध**

- विद्यालय सञ्चालन र निर्णय प्रक्रियामा शिक्षा शाखाको भूमिका तथा सहजीकरण कस्तो छ ?
- पालिकाका कर्मचारी वा पदाधिकारीहरूले विद्यालयको अवलोकन/अनुगमन/सुपरिवेक्षण भ्रमण गरेका छन् ? गएको दुई वर्षमा कति पटक ? के सुझाव वा सल्लाह दिएका छन् ?
- पालिकाको नियमित अनुदान बाहेक विद्यालयले कुनै थप आर्थिक वा जिन्सी सहयोग पाएको छ ? यदि पाएको छ भने कस्तो सहयोगप्राप्त भएको हो ?

## ७. शिक्षाको गुणस्तर

*(विद्यालयको शैक्षिक गुणस्तरबारे विद्यार्थी र आभिवकका भनाइलाई बढी महत्त्वका साथ लेख्नुहोस्)*

**क) विद्यालयमा शिक्षण-सिकाइको गुणस्तर**

- विद्यालय वर्षमा कति दिन सञ्चालन हुन्छ ? शिक्षक र विद्यार्थीको औसत उपस्थित दर कस्तो छ ?
- के सबै विद्यार्थीहरूसँग तोकिएका पाठ्यपुस्तक छन् ? के उनीहरूले पाठ्यपुस्तक समयमै पाए ?
- कक्षाकोठाको वातावरण र सुविधाहरू बालमैत्री शिक्षण–सिकाइका लागि उपयुक्त छन् ?
- पाठ्यपुस्तकमा समावेश सबै विषयवस्तु तोकिएको समयमा नै पढाइ हुन्छ ?
- शिक्षकहरूले कक्षाकोठामा कुन–कुन शिक्षण विधिहरू प्रयोग गर्छन् ?
- पाठ्यपुस्तक बाहेक शिक्षकहरूले कुन र कस्ता शैक्षिक सामग्री प्रयोग गर्छन् ? के शिक्षकहरूले आफैले अतिरिक्त शैक्षिक सामग्री निर्माण वा प्रयोग गरेका छन् ?
- विद्यालयमा पढाइको माध्यम भषा कुन हो ? अङ्ग्रेजी र नेपाली माध्यमका छुट्टाछुट्टै सेक्शन छन् ? यदि छन् भने, त्यस्ता सेक्शनमा कुनै किसिमको भेदभाव छ कि छैन ?
- विद्यालयले कुनै अतिरिक्त कक्षा सञ्चालन गर्छ ? यदि गर्छ भने कुन कक्षा वा तहका लागि ?
- स्थानीय तह वा विद्यालयले कुनै स्थानीय पाठ्यक्रम लागू गरेको छ ?
- विद्यालयका अन्य शैक्षिक उपलब्धि के–कस्ता छन् ? पालिका तथा जिल्लाका अन्य विद्यालयसँग तुलना गर्दा विद्यालयको स्थिति कस्तो छ ?

**ख) विद्यार्थीको सिकाइ उपलब्धि तथा मूल्याङ्कन**

- विद्यार्थीको सिकाइ मूल्याङ्कन कसरी गरिन्छ ? वर्षभरिमा कतिवटा परीक्षा लिइन्छ ? विद्यार्थी उत्तीर्ण हुने र माथिल्लो कक्षा चढ्ने आधार के हुन् ?
- विभिन्न कक्षा (जस्तै ३, ५, ८, १०) मा विद्यार्थीको उपलब्धि कस्तो छ ? विशेष गरी अङ्ग्रेजी, गणित र नेपाली विषयमा सिकाइ नतिजा कस्तो छ ?

## ८. निश्कर्ष तथा सुझाव





# अनुसूचीहरू: (आवश्यक प्रश्नावली तथा फाराम)

## १. नेपाल नागरिक शिक्षा प्रतिवेदन ........

### विद्यालयको आधारभूत सूचना सङ्कलन प्रश्नावली

*कृपया यो प्रश्नावली सम्बन्धित विद्यालयका प्रधानाध्यापक, तथ्याङ्क तथा लेखा कर्मचारी र अन्य सम्बन्धित शिक्षक/कर्मचारीको सहयोगमा भर्नुहोला । विभिन्न प्रश्नको उत्तर भर्ने क्रममा उत्तरदाताले दिएका उत्तरलाई विद्यालयमा सो प्रश्नसम्बन्धी भएका औपचारिक कागजपत्र/दस्तावेजसँग पनि रूजु गर्नु होला । यस प्रश्नावली भर्नका लागि सहभागी भएबापत उत्तरदातालाई पारिश्रमिक वा अरू कुनै व्यवस्था नभएको अवगत गराउन चाहन्छौँ ।*

| | | | | |
|---|---|---|---|---|
| सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक | |
| फ्ल्यास प्रतिवेदन पालिकामा बुझाइएको | |
| विद्यार्थीको प्रगति प्रतिवेदन अभिभावकलाई बुझाइएको | |
| सूचना पाटीको व्यवस्था | |
| शिक्षक, विद्यार्थी र अन्यको आचारसंहिता | |

२३. तपाईहरू यस विद्यालयका विद्यार्थीहरूको पढाइप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

२४. तपाईहरू विद्यालयका शिक्षकहरूसँग कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

२५. यो विद्यालय स्थानीय तहका अन्य विद्यालयसँग तुलना गर्दा कस्तो स्थितिमा छ ?

## ४. कक्षा ३, ५, ८ र १० का विद्यार्थीका अभिभावकसँग समूह छलफल

**सहजकर्तालाई नोट:**
यो प्रश्नावली नभई छलफलका लागि सहयोगी निर्देशिका मात्र हो । त्यसैले छलफलको लक्ष्य यहाँ उपलब्ध गराइएका प्रश्न सोधेर सिध्याउनेमा भन्दा पनि विस्तृत जवाफ वा पृष्ठपोषण लिनेमा हुनुपर्दछ । तल दिइएका प्रश्नको उत्तर कक्षा ३, ५, ८ र १० मा अध्ययनरत विद्यार्थीका छ (६) जना जति अभिभावकहरूसँग समूह छलफल गरी सङ्कलन गर्नुहोला । अभिभावकहरूसँग कम्तीमा दुईओटा समूह छलफल गर्नुहोला । एउटा समूह छलफल विद्यालय नजिकैको बस्तीका अभिभावकहरूसँग गर्नुहोला र अर्को समूह छलफल विद्यालयबाट अलि टाढाको वस्तीका अभिभावकहरूसँग गर्नुहोला ।

**विद्यालयको नाम :**

**सहजकर्ताको नाम :**

१. विद्यालयमा अभिभावकहरूले कुनै शुल्क तिर्नुपर्दछ ? शुल्क तिर्नुपर्ने शीर्षकहरू तलको तालिकामा लेख्नुहोला ।

| कक्षा | शुल्कका प्रकार |
|---|---|
| कक्षा ३ | |
| कक्षा ५ | |
| कक्षा ८ | |
| कक्षा १० | |

**१.१ यदि शुल्क तिर्नुपर्दछ भने प्रतिवर्ष जम्मा कति तिर्नुपर्दछ ?**

**१.२ यदि अभिभावकहरूले कुनै शुल्क तिर्न सकेनन् भने के हुन्छ ?**

२. भर्ना नभएका, अनियमित हुने तथा विद्यालय छाड्ने बालबालिकालाई विद्यालय ल्याउन विद्यालय वा अरू कसैले कुनै कदम चालेका छन् ?

**२.१ यदि छन् भने के-के हुन् ? ............................................................**

**२.२ कसले चालेको ? ..............................................................................**

३. विद्यालयले हरेक वर्ष विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउँछ ?

**३.१ कुन समूह र समुदायका विद्यार्थीले छात्रवृत्ति पाउँछन् ? ................................................**

**३.२ छात्रवृत्ति नगदमा पाउँछन् कि वस्तुगत सामग्रीमा ? ..........................................................**

**३.३ छात्रवृत्ति पाउँदा समयमै पाउँछन् ? ...............................................................**





४. विद्यार्थीहरूले समयमा नै पाठ्यपुस्तक पाए ?

**४.१ पाठ्यपुस्तक नि:शुल्क पाए कि पाएनन् ?**

५. अभिभावकहरू तलको तालिकामा उल्लिखित क्रियाकलापहरूमा कत्तिको संलग्न हुन्छन् ?

| क्र.सं. | क्रियाकलाप | संलग्नता (धेरै, ठिकै, थोरै, छैन) |
|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समितिको गठन | |
| २ | विद्यालयको वार्षिक योजना तथा बजेट निर्माण | |
| ३ | विद्यालयमा हुने विभिन्न भौतिक निर्माण | |
| ४ | विद्यालयका लागि स्रोत जुटाउन | |
| ५ | सामाजिक परीक्षणको नतिजा सार्वजनिकीकरण | |
| ६ | विद्यालयको वार्षिकोत्सव, मेला आदि | |
| ७ | वार्षिक नतिजा | |
| ८ | बालबालिकाको सिकाइ अनुगमन | |
| ९ | शिक्षक नियमितताको अनुगमन | |
| १० | छात्रवृत्ति वितरण | |
| ११ | विद्यालय सुधार योजना निर्माण | |
| १२ | विद्यालयको अनुगमन निरीक्षण | |
| १३ | विद्यालय भर्ना अभियान | |
| १४ | विद्यालयको शुल्क निर्धारण | |
| १५ | शिक्षक छनौट | |
| १६ | विद्यालयमा नयाँ कार्यक्रम सञ्चालन | |
| १७ | अन्य | |

६. अभिभावक र शिक्षकहरू एक आपसमा कत्तिको बैठक बस्दछन् ? थप विवरण दिनुहोस् ।

७. आर्थिक वर्ष २०८०-८१ को विद्यालयको बजेटबारे जानकारी छ कि छैन ?

**७.१ विद्यालयको बजेट सूचना पाटीमा टाँसिएको छ ?**

**७.२ विद्यालयको बजेट कति थियो ?**

**७.३ विद्यालयको बजेटको स्रोत बारे जानकारी ?**

८. विद्यालयले निम्न क्रियाकलापहरू गरेको छ कि छैन ?

| क्र.सं. | क्रियाकलाप | गरेको छ / छैन |
|---|---|---|
| १ | अभिभावक भेला (वर्षमा कम्तीमा एक पटक) | |
| २ | विद्यालय सुधार योजनाको निर्माण | |
| ३ | हरेक वर्ष सामाजिक परीक्षण गरेको | |
| ४ | सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गरेको | |
| ५ | विद्यार्थीको प्रगति प्रतिवेदन अभिभावकलाई बुझाएको | |
| ६ | सूचना पाटीको व्यवस्था | |
| ७ | शिक्षक, विद्यार्थी र अन्यको आचारसंहिता | |

९. के विद्यालयमा कुनै गुनासो गर्नुपरेमा अभिभावकलाई, बालबालिका र समुदायका मानिसहरूले गुनासो गर्न पाउने कुनै संयन्त्र रहेको छ ?

**९.१ यदि छ भने, तपाईको विचारमा के त्यसले प्रभावकारी रूपमा काम गरेको छ ?**

१०.तपाईहरूलाई आफ्ना छोराछोरी पढ्ने विद्यालय यस पालिकाका अन्य विद्यालयहरूको दाँजोमा कस्तो लाग्दछ ?

के तपाईहरू विद्यालयका शिक्षकहरूसँग सन्तुष्ट हुनुहुन्छ ?

११.के तपाईहरू विद्यालयको पढाइको स्तरसँग सन्तुष्ट हुनुहुन्छ ?





## ५. शिक्षकसँग सम्बन्धित प्रश्नावली

**छड्के ढाँचामा छापिएका अक्षर प्रश्नकर्तालाई निर्देशन हुन्।**

**प्रश्नकर्ता: कृपया पढनुहोस्**

यस सर्वेक्षणमा सोधिएका प्रश्नका उत्तरहरू अनुसन्धानको प्रयोजनका लागि र कुनै पनि उत्तरदाताको परिचय नखुलाई सामूहिकरूपमा मात्र विश्लेषण गरिनेछन्। स्वेच्छाले कुनै प्रश्नको उत्तर दिने वा नदिने अधिकार उत्तरदातालाई हुनेछ। तर यहाँले सबै प्रश्नको उत्तर दिनुभए अनुसन्धान बढी सार्थक हुनेछ।

अनुसन्धान टोलीले यस सर्वेक्षणमा तपाईँको सहभागिताका लागि तपाईँका आमाबुबा, अभिभावक वा विद्यालयमा अवगत गराएर अनुमति लिइसकेको छ। यस अन्तर्वार्तामा भाग लिएबापत पारिश्रमिक वा अरू कुनै व्यवस्था नभएको अवगत गराउन चाहन्छौँ।

*प्रश्नकर्ताले उत्तरदाताबाट आएका उत्तरलाई जनाउने तिनका अघिल्तिर भएका अङ्कमा वा त्यसको अघिल्तिरको स्थानमा गोलो चिनो लगाउनु होस्। टिक मार्क प्रयोग नगर्नुहोस्। छड्के अक्षर तपाईँलाई निर्देशन भएकाले प्रश्नका उत्तरका स्थानमा भएका छड्के अक्षरका विकल्प कोड छान्नमा तपाईँलाई सहायता गर्न दिइएका हुन्।*

**आदरणीय शिक्षक!**

| प्रश्न: | के तपाईँ यस अन्तर्वार्तामा सहभागी हुन चाहनुहुन्छ ? | १. चाहन्छु |
|---|---|---|

*प्रश्नकर्ता: यदि उत्तरदाता सहभागी हुन नचाहेमा निजको भावनाको सम्मान गर्दै बेग्लै फाराममा कारण उल्लेख गर्नुहोस्।*

| | शिक्षकको नाम (ऐच्छिक) छोटकरीमा ........................ | लिङ्ग: १.पुरुष २. महिला ३. अन्य |
|---|---|---|
| प्र१. | प्रदेश (प्रदेशको नाम): | |
| प्र२. | जिल्ला: | |
| प्र३. | विद्यालय भएको पालिकाको नाम: | |
| प्र४. | पालिकाको प्रकार: १ गाउँपालिका २ नगरपालिका ३. महानगरपालिका<br>वडा नं.: | |
| प्र५. | टोल बस्तीको नाम: | |
| प्र६. | विद्यालयको नाम: | |

| | | |
|---|---|---|
| **प्र७.** | जातजाति:<br>१ पहाडी बाहुन, क्षेत्री सन्यासी २. पहाडी जनजाति ३. पहाडी दलित ४. तराई/मधेसी, बाहुन, क्षेत्री, सन्यासी<br>५. तराई/मधेसी जाति ६. तराई/मधेसी जनजाति ७. तराई/मधेसी दलित ८. मुस्लिम<br>९. अन्य (खुलाउने) .............. १०. थाहा छैन १२. भन्न चाहन्नँ | |
| **प्र८.** | धर्म<br>१. हिन्दु, २. बौद्ध, ३. किराँत, ४. प्राकृत (प्रकृति)<br>५. क्रिस्चियन ६. मुस्लिम, ७. अन्य (खुलाउने) .............. ८. थाहा छैन<br>९. भन्न चाहन्नँ | |
| **प्र९.** | तपाईंको शैक्षिक योग्यता कति हो ? उत्तीर्ण गरेको कक्षा वा तह .................. | |
| **प्र१०.** | सेवाको प्रकार<br>१ स्थायी २ अस्थायी ३ राहत ४ निजी स्रोत ५ palika ६ अन्य (खुलाउने) …………….. | |
| **प्र११.** | तपाईंले पढाएको जम्माजम्मी कति वर्ष भयो ? .................. बर्ष | |
| **प्र१२.** | तपाईंले कुन विषय पढाउनुहुन्छ ? | |
| **क)** | नेपाली | १. छ २. छैन |
| **ख)** | अङ्ग्रेजी | १. छ २. छैन |
| **ग)** | गणित | १. छ २. छैन |
| **घ)** | विज्ञान | १. छ २. छैन |
| **ङ)** | सामाजिक | १. छ २. छैन |
| **च)** | स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण | १. छ २. छैन |
| **छ)** | कम्प्युटर | १. छ २. छैन |
| **ज)** | खेलकुद, कला, सङ्गीत आदि | १. छ २. छैन |
| **झ)** | अन्य (खुलाउनुहोस्)……. | |
| **प्र१३.** | के यस विद्यालयले सेवाक्षेत्रका सबै बालबालिकालाई भर्ना निम्ति भर्ना अभियान गरेको छ ?<br>१. छ २. छैन | |
| **प्र१४.** | विद्यालयले यीमध्ये कुन कार्यक्रम गरेको छ ? | |
| **क)** | सञ्चार माध्यमबाट प्रचारप्रसार | १. हो. २. हैन |
| **ख)** | सार्वजनिक स्थानमा सूचना टाँस | १. हो २. हैन |
| **ग)** | कटुवाल मार्फत प्रचारप्रसार | १. हो २. हैन |
| **घ)** | विद्यालय बाहिर रहेका बालबालिकाको लगत सङ्कलन | १. हो २. हैन |
| **ङ)** | बालबालिका भर्नाका लागि घरदैलो | १. हो २. हैन |
| **च)** | अन्य (खुलाउनुहोस्)……. | |
| **प्र१५.** | के तपाईं विद्यालयका यस्ता कार्यक्रममा सहभागी हुनुभएको छ ? | १. छ २. छैन |
| **प्र१६.** | के यस पालिकाले आफ्नो क्षेत्रका सबै बालबालिकालाई विद्यालय भर्नाका निम्ति कुनै कार्यक्रम गरेको छ ? | १. छ २. छैन |





| | | |
|---|---|---|
| **प्र१७.** | तपाईंले पढाएका कुनै विद्यार्थीले शैक्षिक सत्र २०७८- ७९ मा विद्यालय बीचमै छाडेका थिए ?<br>१. धेरैले छोडेका छन् २. एक दुइटाले छोडेका छन् ३. छैनन् | |
| **प्र१८.** | उनीहरूले पढाइ छाड्नुका मुख्य कारण के थिए ? | |
| **प्र१९.** | यहाँको अनुभवमा, कक्षामा सिकाइ समस्या भएका बालबालिका कुन समूहका बढी छन् ? | |
| **प्र२०.** | तपाईंका अधिकांश विद्यार्थीले कुन भाषा बोल्छन् ?<br>१. धेरै विद्यार्थीले नेपाली भाषा बोल्छन् २. धेरै विद्यार्थीले नेपालीभन्दा अर्कै भाषा बोल्छन्<br>३. अन्य (खुलाउनुहोस्)……. | |
| **प्र२१.** | के अधिकांश विद्यार्थीले बोल्ने भाषा तपाईं बुझ्नुहुन्छ ?<br>१. बोल्छु २. बोल्दिनँ ८. थाहा छैन ९. भन्न चाहन्नँ | |
| **प्र२२.** | तपाईं कक्षामा तलका विधि कत्तिको प्रयोग गर्नुहुन्छ ?<br>१. सधैँ प्रयोग गर्छु २. प्रायजसो प्रयोग गर्छु ३. कहिलेकाहीँ प्रयोग गर्छु ४. कहिल्यै प्रयोग गर्दिनँ | |
| **क)** | व्याख्यान | १ २ ३ ४ |
| **ख)** | प्रश्नोत्तर | १ २ ३ ४ |
| **ग)** | श्रव्यदृश्य सामग्रीको प्रयोग | १ २ ३ ४ |
| **घ)** | प्रदर्शन | १ २ ३ ४ |
| **ङ)** | समूह कार्य | १ २ ३ ४ |
| **च)** | परियोजना कार्य | १ २ ३ ४ |
| **छ)** | सामुदायिक कार्य, स्थलगत अध्ययन | १ २ ३ ४ |
| **ज)** | अन्य (खुलाउनुहोस्)……. | १ २ ३ ४ |
| **प्र२३.** | यस विद्यालयमा विद्यार्थीको मूल्याङ्कन कसरी गरिन्छ ? | |
| **क)** | एकाइ परीक्षा | १. हो २. हैन |
| **ख)** | त्रैमासिक परीक्षा | १. हो २. हैन |
| **ग)** | निरन्तर मूल्याङ्कन | १. हो २. हैन |
| **घ)** | पालिकास्तरीय परीक्षा | १. हो २. हैन |
| **ङ)** | अन्य (खुलाउनुहोस्)……. | |
| **प्र२४.** | तपाईंको कक्षामा विद्यार्थी विविधताको व्यवस्थापन कसरी गरिन्छ ? | |
| **क)** | विभिन्न रीतिरिवाज, संस्कृतिको सम्मान गर्न सिकाएर | १. हो २. हैन |
| **ख)** | छात्रा तथा छात्रलाई समान व्यवहार गरेर | १. हो २. हैन |
| **ग)** | विभिन्न जातजातिका विद्यार्थीलाई समान व्यवहार गरेर | १. हो २. हैन |
| **घ)** | सिकाइमा कठिनाइ भएका विद्यार्थीलाई बढी ध्यान दिएर | १. हो २. हैन |
| **ङ)** | अपाङ्गता भएका विद्यार्थीका लागि साङ्केतिक भाषा, ब्रेल लिपिका स्रोत शिक्षक उपलब्ध गराएर | १. हो २. हैन |
| **च)** | अपाङ्गता भएका विद्यार्थीलाई अरूजस्तै व्यवहार गरेर | १. हो २. हैन |
| **छ)** | विद्यार्थीका लागि मूल्याङ्कनका विस्तृत विधि प्रयोग गरेर | १. हो २. हैन |

| | | |
|---|---|---|
| ज) | अन्य (खुलाउनुहोस्) ....... | |
| प्र२५. | के तपाईंले पढाइमा कमजोर विद्यार्थीका लागि दिइने उपचारात्मक कक्षा पढाउनुहुन्छ ?<br>१. पढाउँछु   २. पढाउँदिनँ | |
| प्र२६. | के यस विद्यालयमा सिकाइ कठिनाइ भएका विद्यार्थीको पहिचान गर्ने गरिन्छ ?<br>१. गरिन्छ   २. गरिदैँन | |
| प्र२७. | के तपाईंको कक्षामा सिकाइ कठिनाइ भएका विद्यार्थी छन् ?<br>१. छन्   २. छैनन् | |
| प्र२८. | के तपाईंको कक्षामा अपाङ्गता भएका विद्यार्थी छन् ?<br>१. छन्   २. छैनन् | |
| प्र२९. | तपाईंले शिक्षा हासिल गर्दा समावेशीकरणसम्बन्धी विषयवस्तु अध्ययन गर्नुभएको थियो ?<br>१. थिएँ   २. थिएन | |
| प्र३०. | के तपाईंले शिक्षण सेवाप्रवेश तालिम पाउनुभएको थियो ?<br>१. थिएँ   २. थिएन | |
| प्र३१. | के तपाईंले शिक्षण सेवाकालीन तालिम पाउनुभएको छ ?<br>१. छु   २. छैन | |
| प्र३२. | यो सेवाकालीन तालिम कसले दिएको हो ? | |
| क) | सङ्घीय शिक्षा मन्त्रालय | १. हो.   २. हैन |
| ख) | प्रदेश शिक्षा तालिम केन्द्र | १. हो.   २. हैन |
| ग) | शिक्षा विकास तथा समन्वय एकाइ | १. हो.   २. हैन |
| घ) | पालिका | १. हो.   २. हैन |
| ङ) | विद्यालय | १. हो.   २. हैन |
| च) | गैरसरकारी/सामुदायिक/अपाङ्गता भएका व्यक्तिका संस्था | १. हो   २. हैन |
| छ) | अन्य (खुलाउनुहोस्)....... | १. हो |
| प्र३३. | कोभिड-१९ को बन्दाबन्दीमा विद्यालयले शिक्षण-सिकाइका कुन कुन कार्यक्रम सञ्चालन गरेको थियो ? | |
| | अनलाइन शिक्षा | १. थियो   २. थिएन |
| ख) | रेडियो शिक्षा | १. थियो   २. थिएन |
| ग) | टिभी शिक्षा | १. थियो   २. थिएन |
| घ) | विद्यालयमै नियमित कक्षा सञ्चालन | १. थियो   २. थिएन |
| ङ) | टोलटोलमा कक्षा सञ्चालन | १. थियो   २. थिएन |
| च) | घरघरमा शैक्षिक स्वअध्ययन सामग्री वितरण | १. थियो   २. थिएन |
| छ) | अन्य (खुलाउनुहोस्)....... | |





| | | |
|---|---|---|
| प्र३४. | के तपाईं शिक्षण-सिकाइमा सूचना तथा सञ्चार प्रविधि (आइसीटी) को प्रयोग गर्न सक्नुहुन्छ ?<br>१. सक्छु   २. सक्दिनँ | |
| प्र३५. | पालिकाका अन्य सामुदायिक विद्यालयका तुलनामा यस विद्यालयको गुणस्तर कस्तो छ ?<br>१. धेरै राम्रो   २. राम्रो   ३. उस्तै   ४. नराम्रो   ५. धेरै नराम्रो | |
| प्र३६. | के तपाईंसँग एक तयार पाठ योजना छ र तपाईं यसलाई लागू गर्नुहुन्छ ?<br>१. छ   २. छैन | |
| प्र३७. | तपाईं आफ्ना कक्षाहरूमा बालबालिकाको सहभागिता खोज्ने गर्नुहुन्छ ?<br>१. गर्छु   २. गर्दिनँ | |
| प्र३८. | विद्यालयले वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्छ ?<br>१. गर्छ   २. गर्दैन | |
| क) | यदि गर्छ भने, के तपाईं यस प्रक्रियामा सहभागी रहने गर्नुभएको छ ?<br>१. छ   २. छैन | |
| प्र३९. | विद्यालयमा हुने शिक्षण प्रक्रियाले निम्नलिखित कुराहरूलाई प्रवर्धन गर्दछ ? | |
| क) | अन्य जातजाति र धार्मिक समूहहरूप्रति सम्मान | १. छ   २. छैन |
| ख) | स्थानीय वातावरणप्रतिको सचेतना/जागरुकता | १. छ   २. छैन |
| ग) | स्थानीय सीपहरूप्रति सम्मान | १. छ   २. छैन |
| घ) | आधारभूत स्वास्थ्यका मुद्दाहरूप्रतिको सचेतना/जागरुकता | १. छ   २. छैन |
| ङ) | लैङ्गिक तथा प्रजनन अधिकारहरूप्रतिको सचेतना/जागरुकता | १. छ   २. छैन |
| च) | समस्या समाधान गर्न सक्ने क्षमता | १. छ   २. छैन |
| प्र४०. | शिक्षकहरूले आवश्यकताअनुसार स्थानीय तहमा पाठ्यक्रमलाई अनुकूल वा सान्दर्भिक बनाउन सक्छन् कि सक्दैनन् ? | |
| प्र४१. | विद्यालयमा विद्यार्थी, शिक्षक वा अन्य कर्मचारीविरुद्ध हिंसा अथवा दुर्व्यवहारका कुनै घटना घटेका छन् ?<br>१. भएको थियो   २. भएको छैन | |
| प्र४२. | हिंसा र दुर्व्यवहार न्यूनीकरणका लागि के-कस्ता अभियान चालिएका छन् ? | |
| प्र४३. | अध्यापनबाहेक विद्यालयभित्र तपाईले अन्य के-के क्रियाकलाप गराउनु भएको छ ? | |
| प्र४४. | तपाईं आफ्ना विद्यार्थीका अभिभावकहरूसँग विधार्थीहरूको शैक्षिक प्रगतिबारे छलफल गर्न कत्तिको नियमित भेट्नुहुन्छ ?<br>१. कम्तीमा महिनामा एक पटक<br>२. प्रत्येक तीन महिनामा एक पटक<br>३. प्रत्येक छ महिनामा एक पटक<br>४. प्रत्येक वर्ष<br>५. कहिल्यै भेट्दैनौं | |
| प्र४५. | शिक्षकहरूको विभिन्न श्रेणीको आधारमा तपाईंको तलब फरक हुन्छ ? | १. हुन्छ   २. हुँदैन |

| | | |
|---|---|---|
| **प्र४६.** | यस विद्यालय धेरैजसो कहाँका विद्यार्थी पढ्न आउँछन् ?<br>१. विद्यालय सेवा क्षेत्रबाट    २. बाहिरबाट    ३. थाहा छैन    ४. भन्न चाहन्नँ | |
| **प्र४७.** | यस विद्यालय धेरैजसो कस्ता विद्यार्थी पढ्न आउँछन् ? | |
| **क)** | धनी धनी | १. हो   २. होइन |
| **ख)** | पढाइमा अब्बल | १. हो   २. होइन |
| **ग)** | मेहनती | १. हो   २. होइन |
| **घ)** | प्रविधिमुखी | १. हो   २. होइन |
| **ङ)** | सीमान्तीकृत समूहका | १. हो   २. होइन |
| **च)** | अल्पसङ्ख्यक समूहका | १. हो   २. होइन |
| **छ)** | छात्रा | १. हो   २. होइन |
| **ज)** | अन्य (खुलाउनुहोस्)……. | |
| **प्र४८.** | तपाईँका समुदायमा यी समूहका बालबालिका कक्षा ८ सकेपछि विद्यालय छाड्ने सम्भावना कस्तो छ ? | |
| **प्र४९.** | तपाईँले पढाउने विषयका पाठ्यपुस्तकमा तलका विषयवस्तु कति धेरै राखिएका छन् ?<br>१. धेरै छन्    २. केही मात्रामा छन्    ३. ज्यादै थोरै छन्    ४. छँदै छैनन् | |
| **क)** | बालबालिका अधिकारका बारेमा विषयवस्तु | १   २   ३   ४    ७ ८ |
| **ख)** | छुवाछुत र समावेशीकरणसम्बन्धी विषयवस्तु | १   २   ३   ४    ७ ८ |
| **ग)** | लैङ्गिक समानता र लैङ्गिक समावेशीकरणसम्बन्धी विषयवस्तु | १   २   ३   ४    ७ ८ |
| **घ)** | अपाङ्गता भएका व्यक्तिको समावेशीकरणसम्बन्धी विषयवस्तु | १   २   ३   ४    ७ ८ |
| **ङ)** | उत्पीडन, दुर्व्यवहार वा धम्कीका बारेमा विषयवस्तु | १   २   ३   ४    ७ ८ |
| **च)** | समावेशीकरणसम्बन्धी नीति छ ? | १   २   ३   ४    ७ ८ |
| **प्र५०.** | तपाईँका विद्यालय यस्तो नीतिको कार्यान्वयनको अवस्था के छ ?<br>१. पूर्ण कार्यान्वयन    २. आंशिक कार्यान्वयन    ३. कार्यान्वयन नभएको    ४. भन्न चाहन्नँ | |
| **प्र५१.** | शिक्षामा समावेशीकरणलाई धेरैजसो शिक्षकले कसरी बुझ्नुहुन्छ भन्ने तपाईँलाई लाग्छ ? | |
| **क)** | अपाङ्गता भएका बालबालिकाको समावेशीकरण | १. हो.   २. हैन |
| **ख)** | जातजाति, लिङ्ग, सामाजिक पहिचान अनुसार बालबालिकाको समावेशीकरण | १. हो.   २. हैन |
| **ग)** | दुर्गम, गरिब, सुकुम्बासी आदि बालबालिकाको समावेशीकरण | १. हो.   २. हैन |
| **घ)** | अन्य (खुलाउनुहोस्) ……. | |





## ६. पालिका प्रमुख र पालिका शिक्षा अधिकारीसँग अन्तर्वार्ता

**सहजकर्तालाई नोटः**

*यो प्रश्नावली भनेको अन्तर्वार्ताका लागि सहयोगी निर्देशिका मात्र हो । त्यसैले अन्तर्वार्ताको लक्ष्य यहाँ उपलब्ध गराइएका प्रश्न सोधेर सिध्याउनेमा भन्दा पनि विस्तृत जवाफ तथा पृष्ठपोषण खोज्नेमा हुनुपर्दछ । सम्भव भएसम्म पालिका प्रमुख र पालिका शिक्षा अधिकारीसँग एकैसाथ कुराकानी गर्नुहोला ।*

**पालिकाको नाम :**

**पालिका प्रमुखको (मेयर/अध्यक्ष) नाम :**

**पालिका शिक्षा अधिकारीको नाम :**

**सहजकर्ताको नाम :**

१. यस पालिकाका मुख्य शैक्षिक समस्याहरू के-के हुन् ?

२. विगत ५ वर्षमा यस पालिकाले शिक्षा क्षेत्रमा गरेका महत्त्वपूर्ण कामहरू के-के हुन् ?

३. यस पालिकामा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या कति छ ? तिनीहरू कुन समूह/समुदायका हुन् ?

४. भर्ना नभएका, अनियमित उपस्थित हुने अथवा विद्यालय छाड्ने बालबालिकालाई विद्यालयमा ल्याउनका लागि पालिकाले कुनै सक्रिय कदम चालेको छ ? यदि छ भने के-के हुन् ?

५. के पालिकाले गरिब, पिछडिएका समूहका तथा अपाङ्गता भएका बालबालिकाको शिक्षाका लागि कुनै कार्यक्रम सञ्चालन गरेको छ ?

६. के पालिकाले विद्यालयलाई ससर्त अनुदानको बजेट रकम समयमै निकासा गर्छ ? यसरी निकासा गर्दा बजेटको शीर्षक छुट्टिने पत्र विद्यालयमा पठाउँछ कि पठाउँदैन ? थप विवरण दिनुहोला ।

७. ससर्त अनुदानको बजेट रकम बाहेक, के पालिकाले वित्तीय समानीकरण अनुदान तथा अन्तरिक आयबाट विद्यालयलाई अन्य थप रकम पनि दिने गरेको छ ? यदि छ भने केका लागि दिने गरेको छ ? थप विवरण दिनुहोला ।

८. पालिकाले आफू मातहतका विद्यालयको अनुगमन तथा निरीक्षण कसरी र कतिपटक गर्छ ?

९. के पालिकाले आफ्नो शिक्षा ऐन वा कार्यविधि बनाएको छ ? यदि छ भने, कहिले र कसरी बनेको हो ? थप विवरण दिनुहोला ।

१०. के पालिकाले आफ्नो शिक्षा योजना बनाएको छ ? यदि छ भने, कहिले र कसरी बनेको हो ? थप विवरण दिनुहोला ।

११. के पालिकाले स्थानीय पाठ्यक्रम बनाएको छ ? यदि छ भने, कहिले र कसरी बनेको हो ? थप विवरण दिनुहोला ।

१२. के पालिकाले आफ्नो पालिकामा कार्यरत शिक्षकका लागि कुनै तालिम वा पेशागत विकासका कार्यक्रम सञ्चालन गरेको छ ? यदि छ भने, थप विवरण दिनुहोला ।




# ६

## विद्यालय सूचनापाटी: स्वमूल्याङ्कन प्रक्रियाका सूचक

School Dashboard: Self-Assessment Process Indicators

# ६ विद्यालय सूचनापाटी: स्वमूल्याङ्कन प्रक्रियाका सूचक

## विद्यालय स्वमूल्याङ्कन किन ?

**विद्यालय सूचनापाटी :** यो विद्यालयको शैक्षिक गुणस्तर मूल्याङ्कनमा प्रयोग हुने सहभागितामूलक विधि हो। यसले विद्यालयको समग्र शैक्षिक गुणस्तरको निरन्तर अनुगमन र मूल्याङ्कन गर्न मद्दत गर्छ। यसमा मुख्य रूपमा विद्यार्थीको उपस्थिति दर, शैक्षिक नतिजा, शिक्षकको कार्यसम्पादन, सिकाइ वातावरण, विद्यालयको भौतिक पूर्वाधार र सुविधाहरू तथा बालक्लबको नेतृत्वमा हुने अतिरिक्त र सह–सिकाइ क्रियाकलापहरूजस्ता विषयहरूमा सहभागितामूलक छलफल गरिन्छ र सुधारका विकल्पहरूमा सहमति गरिन्छ।

यो विधिको मुख्य उद्देश्य विद्यालयको वास्तविक अवस्था बुझ्नु, सुधारका क्षेत्रहरू पहिचान गर्नु र तथ्यमा आधारित जवाफदेहिता कायम गर्नु हो। यस प्रक्रियाले विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र स्थानीय तहलाई विद्यालयको प्रगति तथा चुनौतीहरूबारे पारदर्शी जानकारी प्रदान गर्छ।

शैक्षिक गुणस्तर मूल्याङ्कनका क्रममा प्रस्तावित सूचकहरूले शैक्षिक उपलब्धि मात्र होइन, सिकाइको पहुँच, समानता र समावेशीकरणजस्ता महत्त्वपूर्ण पक्षहरू पनि समेट्छन्। साथै, यसले विद्यालयको सुधार योजना तयार गर्न, आवश्यक स्रोत व्यवस्थापनलाई प्राथमिकता दिन र विद्यालयको समग्र रूपान्तरणमा सहयोग गर्छ।

यस विधिको नियमित तथा आवधिक अभ्यासले विद्यालयहरूलाई प्रतिस्पर्धी, उत्तरदायी र परिणाममुखी बनाउँछ, र फलस्वरूप विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव ल्याउँछ।

### कसरी गर्ने

- विद्यालयका मुख्य सरोकारवालाहरूको बढीभन्दा बढी सहभागिता र उपस्थितिमा प्रत्येक शैक्षिक सत्रमा दुई पटक (जेठ र कार्तिक महिना) मा गर्ने।
- विद्यालयको वार्षिक कार्यतालिकामा स्वमूल्याङ्कन गर्ने महिना कम्तीमा एक पटक अनिवार्य रूपमा राख्न लगाउने।
- कार्यक्रम सञ्चालन गर्नुभन्दा अगाडि संस्थाका फिल्ड कर्मचारीले विद्यालयसँग समन्वय गरेर सूचकहरूका आधारमा छलफल तथा स्वमूल्याङ्कनका लागि आवश्यक सूचना, तथ्यांक र जानकारी सङ्कलन गर्न सहयोग गर्ने।
- विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरेर कार्यक्रमको मिति र समय निर्धारण गर्ने।
- स्वमूल्याङ्कन गर्दा परियोजना वा स्थानीय अधिकार कार्यक्रमका फिल्डमा कार्यरत कर्मचारी, कार्यक्रम संयोजक वा कार्यक्रम अधिकृतको अनिवार्य उपस्थिति हुनुपर्ने।
- संस्थाका कर्मचारीले कार्यक्रमका सहभागीहरूलाई उपस्थित हुन आवश्यक पहल र अनुरोध गर्ने।



सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

### को-को सहभागी हुने

स्वमूल्याङ्कन कार्यक्रममा बढीमा २५ देखि ३० जनाको सहभागितामा सञ्चालन गर्न सकिनेछ। सहभागीहरूको पृष्ठभूमि र न्यूनतम सङ्ख्या निम्नानुसार हुनुपर्नेछ:

- विद्यालय व्यवस्थापन समितिबाट कम्तीमा ७ जना
- शिक्षक अभिभावक सङ्घबाट ३ जना
- विद्यालयमा रहेको बालक्लबबाट ५ जना
- विद्यालयका शिक्षकहरूबाट (विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घमा नपरेका) २ जना
- स्थानीय सरकारका प्रतिनिधिहरूबाट (वार्ड अध्यक्ष, उपप्रमुख वा उपाध्यक्ष, कार्यपालिका सदस्य वा अन्य पदाधिकारी) ३ जना
- स्थानीय पालिकाको शिक्षा शाखा प्रमुख १ जना
- लैङ्गिक महिला सम्पर्क व्यक्ति १ जना
- स्थानीय स्तरमा कार्यरत नागरिक समाज, सङ्घ–संस्था, युवा सञ्जाल, वित्तीय संस्था र समाजसेवीहरूमध्येबाट ५ जना यसबाहेक अन्य आवश्यकता अनुसार बढीमा ५ देखि ७ जना थप गर्न सकिनेछ।

## स्वमूल्याङ्कन तालिकाको व्यवस्थापन

- तालिका बोर्ड तोकिएको निश्चित आकार (८ फिट × ४ फिट) मा तयार गर्नुपर्नेछ।
- विद्यालयको हाताभित्र सरोकारवालाहरूले सजिलै देख्ने गरी उपयुक्त स्थानमा तालिका बोर्ड राख्नुपर्नेछ।
- दृश्यात्मकता (भिजिबिलिटी) का लागि एक्सनएड अन्तर्राष्ट्रिय नेपाल र साझेदार संस्थाको लोगो अनिवार्य रूपमा राख्नुपर्नेछ।

## प्रमुख सूचक, विधि र ध्यान दिनुपर्ने बिषयहरू

सूचक नं. १: विद्यार्थी उपस्थिति दर (जेठ र कार्तिक महिनामा कक्षा ३, ५ र ८ को उपस्थिति दर प्रतिशत)

**विधि:**

- विद्यालय व्यवस्थापन समिति र विद्यालयको निर्णय अध्ययन।
- विद्यार्थीको भर्ना रेकर्ड र हाजिरी पुस्तिकाको अध्ययन।

**ध्यान दिनुपर्ने विषयहरू:**

- विद्यालय व्यवस्थापनको भर्ना अभियानसम्बन्धी निर्णय र कार्यहरू।
- स्थानीय जनप्रतिनिधि र शिक्षा शाखा प्रतिनिधिहरूको प्रतिक्रिया।
- विद्यार्थीहरूको कक्षागत मासिक उपस्थिति (औसत)।
- विद्यार्थी भर्ना र नियमित उपस्थितिका लागि विद्यालय प्रशासनले अपनाएका नवीनतम प्रयास वा पहलहरू।
- विद्यार्थीको उपस्थितिको विश्लेषण गर्दा अभिभावकको सामाजिक र आर्थिक अवस्थालाई ध्यानमा राख्ने।

## सूचक नं. २: विद्यालयमा पढाइ भएको दिन सङ्ख्या

**विधि:**

- विद्यालयको रेकर्ड अध्ययन ।
- विद्यार्थी र शिक्षकसँग छलफल ।
- विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग छलफल ।

**ध्यान दिनुपर्ने विषयहरू:**

- कक्षा सञ्चालन र त्यसको अनुगमन ।
- नियमित कक्षामा उपस्थित विद्यार्थीको औसत सङ्ख्या ।
- विद्यालयको वार्षिक शैक्षिक योजना ।
- शिक्षक र विद्यार्थीका हाजिरी पुस्तिकाको तालमेल ।
- परीक्षा सञ्चालन तालिका र विद्यार्थीको उपस्थिति ।

## सूचक नं. ३: कक्षाकोठामा शिक्षकले बिताउने समय (मिनेटमा)

**विधि:**

- विद्यार्थी र शिक्षकको हाजिरी रजिस्टर अध्ययन ।
- कक्षाकोठाको वातावरण अवलोकन ।
- शिक्षक र विद्यार्थीहरूसँग छलफल ।
- विद्यार्थीको गृहकार्य अध्ययन ।

**ध्यान दिनुपर्ने विषयहरू:**

- स्थानीय पाठ्यक्रम पढाइ हुने समय (घण्टा) ।
- शिक्षकले विद्यार्थीलाई दिने समय र कक्षाकोठामा बिताउने समय ।
- कक्षा कार्य र विद्यार्थीको प्रतिक्रिया ।
- अभिभावक र विद्यालय कर्मचारीहरूको प्रतिक्रिया ।

## सूचक नं. ४: विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ३, ५ र ८ को अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान प्रतिशतमा)

**विधि:**

- विद्यालयको रजिस्टर अध्ययन ।
- विद्यालयको परीक्षाको नतिजा सङ्कलन र विश्लेषण ।
- स्थानीय शिक्षा नीति अध्ययन ।
- शिक्षक र विद्यार्थी समूहहरूसँग समूहकेन्द्रित छलफल ।
- कक्षा अवलोकन ।





**ध्यान दिनुपर्ने विषयहरू:**

- शिक्षकको तयारी र पाठयोजना ।
- शिक्षकले शिक्षण सामग्री तयारीका लागि छुट्याएको समय ।
- विद्यार्थीको औसत सिकाइ उपलब्धि ।
- विद्यार्थी–शिक्षक अनुपात ।
- विभिन्न जातजाति र समूहहरूको कक्षा उत्तीर्ण दर ।
- परीक्षा सङ्ख्या र सञ्चालन ।
- शिक्षण सामग्रीको प्रयोग र त्यसको प्रभावकारिता ।
- शिक्षण–सिकाइको भाषा ।
- अभिभावक र बालबालिकाहरूको हासिल सिकाइ उपलब्धिप्रतिको सन्तुष्टि ।
- विद्यमान नीति अनुसार शिक्षकहरूको तलब र सुविधा ।

## सूचक नं. ५: विद्यालय छोड्ने दर (प्रतिशतमा) – कक्षा १, ३, ५ र ८ सम्म

**विधि:**

- बालबालिका र अभिभावकसँग छलफल ।
- कक्षाका विषयगत शिक्षक र लैङ्गिक सम्पर्क शिक्षकहरूसँग छलफल ।
- गुनासो पेटिकामा हालिएका गुनासो र सुनुवाइको अध्ययन ।

**ध्यान दिनुपर्ने विषयहरू:**

- बालबालिकाको सिकाइमा अवरोधहरू (बालबालिकाहरू किन अनुत्तीर्ण हुन्छन् ?) ।
- नतिजा वितरण र त्यसको प्रभाव ।
- शिक्षण–सिकाइ प्रक्रिया र शैली ।
- छात्रवृत्ति वितरणको समय र प्रयोग ।
- विद्यार्थीले विषयवस्तुहरू सिक्ने प्रक्रिया ।
- सामाजिक सद्भाव, हिंसा र भेदभावको अवस्था ।
- दिवा खाजाको उपलब्धता र व्यवस्थापन ।
- कक्षाकोठामा सहकर्मी र शिक्षकहरूबाट हुने व्यवहार ।
- विद्यार्थी, शिक्षक र अभिभावकहरूको गुणस्तरप्रतिको बुझाइ ।
- विद्यालयमा प्राथमिक उपचारको उपलब्धता, पहुँच र विद्यार्थीहरूमा जानकारीको अवस्था ।

## सूचक नं. ६: लैङ्गिक तथा बालबालिका मैत्री विद्यालय

**विधि:**

- समूहकेन्द्रित छलफल (विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा शिक्षकहरूसँग) ।

- समूहकेन्द्रित छलफल (बालक्लबहरू, आमा समूहहरू र लैङ्गिक सम्पर्क शिक्षकसँग)।
- सुनुवाइ संयन्त्र वा समितिसँग छलफल।
- तथ्याङ्क तथा भएका बैठकका निर्णय माइनुटको अध्ययन।
- पीडितसँग अन्तर्वार्ता।

**ध्यान दिनुपर्ने विषयहरू:**

- लैङ्गिकताको विषयमा तालिमप्राप्त शिक्षकहरूको अवस्था।
- लैङ्गिक डेस्क र सम्पर्क शिक्षकको व्यवस्था।
- निःशुल्क सेनेटरी प्याडको उपलब्धता तथा प्रयोगबारे बालिकाहरूलाई जानकारीको अवस्था।
- छात्रा शौचालयमा सेनेटरी प्याड डिस्पोजलका लागि डस्टबिनको व्यवस्था।
- बालबालिकाहरूमा प्रजनन, मासिक रक्तस्राव र सरसफाइबारे जानकारीको अवस्था।
- विद्यालयमा हुने हिंसा र शोषणलाई पहिचान तथा उजुरी गर्ने प्रक्रिया।
- विद्यार्थीहरू बाटोमा आउँदा–जाँदा बालिकामाथि हुने हिंसा र सुरक्षा व्यवस्था।
- उमेरअनुसार शैक्षिक खेलकुद सामग्रीको उपलब्धता र पहुँच।
- विद्यालयमा विपद् वा अन्य घटनाहरूबाट सुरक्षित रहने वातावरण।
- विद्यालयमा दण्ड, सजाय वा हिंसाका साथै बालअधिकार हनन हुने घटनाहरू भएमा पीडितको गोपनीयतालाई ध्यान दिई पीडकलाई कारबाही गर्ने प्रक्रिया।

### सूचक नं. ७: शैक्षिक सामग्रीको प्रयोगमार्फत शिक्षण–सिकाइको अभ्यास

**विधि:**

- कक्षा अवलोकन र तथ्याङ्क अध्ययन।
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक र बालबालिकाहरूसँग समूहकेन्द्रित छलफल।
- अभिलेखहरूको समीक्षा तथा बैठक र छलफलहरूको अध्ययन।

**ध्यान दिनुपर्ने विषयहरू:**

- अभ्यासमा ल्याइएको शैक्षिक सामग्रीको उपलब्धता र प्रभावकारिता।
- उमेर सुहाउँदा व्यावहारिक स्रोत–साधनहरूको अवस्था।
- गुणस्तरीय बालकेन्द्रित सिकाइ वातावरण र प्रभावकारी शिक्षण प्रक्रियाको अभ्यास।
- तालिमप्राप्त शिक्षकहरूको सङ्ख्या र शिक्षण–सिकाइमा तिनको प्रयोगको अवस्था।
- विद्यार्थीहरूको भाषा र संस्कृतिको पहिचानसँग तालमेल हुने शिक्षण विधि।
- शिक्षकलाई कक्षामा अध्ययनरत बहुसङ्ख्यक बालबालिकाहरूको मातृभाषाको ज्ञानको अवस्था।
- सामाजिक, वातावरणीय र आर्थिक सन्दर्भ, सीप र उपयोगितासँग जोडिएको पाठ्यक्रम तथा शिक्षण विधि।
- पुस्तकालयको अवस्था तथा सान्दर्भिक सामग्रीहरूको उपलब्धता।





### सूचक नं. ८: बालक्लबको वार्षिक योजना र कार्यान्वयन

**विधि:**

- बालबालिकाहरूसँग छलफल।
- बैठकका निर्णयहरूको अध्ययन।
- बालक्लबको वार्षिक कार्ययोजनाको अध्ययन।

**ध्यान दिनुपर्ने विषयहरू:**

- विद्यालयमा बालक्लबहरूको गठन, सक्रियता, उपलब्धि र चुनौतीहरू।
- बाल सहभागिता प्रवर्धनसम्बन्धी अभ्यास र अवस्था।
- नियमित रूपमा सञ्चालित सह–सिकाइ तथा अतिरिक्त क्रियाकलापहरू र तिनको प्रभाव।
- बालक्लबहरूको निरन्तर बैठक र स्पष्ट वार्षिक कार्ययोजनाको अवस्था।
- सहनशीलता, अहिंसा र आपसी सद्भावजस्ता मूल्यहरू तथा विद्यालयमा पढाइने नागरिक शिक्षाका विषयहरू।
- बालबालिकाहरूको विचारलाई निर्णय प्रक्रियामा (कुनै पनि विषयमा स्वतन्त्रपूर्वक बोल्न वा सहभागी हुन) उचित स्थान र अवसरको अवस्था।
- बालबालिकाहरूका लागि स्थानीय भाषामा बालअधिकारलगायत अन्य मानव अधिकारहरूबारे जानकारीको अवस्था।

### सूचक नं. ९: सुशासन, पारदर्शिता तथा जवाफदेहिताका अभ्यासहरू

**विधि:**

- राज्यको विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरूको अध्ययन (स्थानीय, प्रदेश र सङ्घीय)।
- अवलोकन।
- विद्यार्थी र अभिभावकसँग छलफल।
- खुला बैठकहरूको अध्ययन।

**ध्यान दिनुपर्ने विषयहरू:**

- विद्यालय सुधार योजना निर्माणका क्रममा बालबालिकाहरूको सहभागिता।
- विद्यालयले अभिभावकप्रति देखाएको पारदर्शिता र जवाफदेहिताको प्रयास तथा प्रभाव।
- विद्यालय सुधार योजनाको निर्माण, कार्यान्वयन र अद्यावधिकको अवस्था।
- सामाजिक परीक्षणको प्रक्रिया, सहभागिता र प्रभावकारिता।
- विद्यालयमा सूचनापाटीको अवस्था, सार्वजनिक गर्ने अभ्यास र पहुँचको अवस्था।
- विद्यालयमा गुनासो सुनुवाइ पेटिकाको उपलब्धता, पहुँच र सञ्चालनको विधि।
- विद्यालय व्यवस्थापन समिति र बालक्लबको गठन तथा क्षमता अभिवृद्धिको प्रयास।
- विद्यालयमा निःशुल्क शिक्षाको अवस्था।
- जवाफदेहिता र सार्वजनिक खर्चको पारदर्शिताका अन्य अभ्यासहरू।
- सरोकारवालाबाट नियमित अनुगमन र सुझाव।

## सूचक नं. १०: विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकको नियमितता र छलफलका विषयहरू

**विधि:**

- स्थानीय तहको शिक्षा नीति तथा कार्यक्रमको अध्ययन।
- निर्णय पुस्तिकाको अध्ययन।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसँग छलफल।

**ध्यान दिनुपर्ने विषयहरू:**

- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन प्रक्रियामा अभिभावकको संलग्नता।
- विद्यालय व्यवस्थापन समितिले शिक्षाको गुणस्तर वृद्धिसम्बन्धी गरेका निर्णय, कार्यान्वयन र प्रभाव।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा पदाधिकारीहरूको उपस्थिति तथा बैठक सञ्चालनको विधि र प्रक्रिया।

## सूचक नं. ११: सुरक्षित तथा पर्याप्त भौतिक पूर्वाधार र खेलमैदान (सफा कक्षाकोठा तथा शौचालय, फर्निचर, खेलमैदान आदिको प्रबन्ध)

**विधि:**

- धरातलीय निरीक्षण (हिँडाइ)।
- अवलोकन।
- सरोकारवालासँग छलफल।

**ध्यान दिनुपर्ने विषयहरू:**

- विद्यालय हाताको अवस्था।
- प्रत्येक कक्षाकोठामा सबैलाई पहुँच तथा हावा–वारपार हुने व्यवस्था।
- विपद् जोखिमरहित कक्षाकोठा।
- पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, खानेपानी (बालमैत्री)।
- छात्र–छात्राका लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाइ व्यवस्था।
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँच।
- छात्र–छात्राका लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाइ व्यवस्था।
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँच।





# विद्यालय स्वमूल्याङ्कन तालिका

**श्री................ विद्यालय**

**................................**

**स्वमूल्याङ्कन तालिका (Self-Assessment Board)**

विद्यालयको विवरण                                शैक्षिक सत्र :

**विद्यार्थी सङ्ख्या:** जम्मा: ............... छात्रा: ............... छात्र: ...............

**शिक्षक सङ्ख्या:** जम्मा: ............... महिला: ............... पुरुष: ...............

| क्र.स. | सुचकहरू | गत वर्षको अवस्था | वार्षिक लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १ | विद्यार्थी उपस्थिति दर<br>(जेष्ठ र कार्तिक महिनामा कक्षा ३, ५ र ८ को उपस्थिति दर %) | कक्षा ३:<br>कक्षा ५:<br>कक्षा ८: | कक्षा ३:<br>कक्षा ५:<br>कक्षा ८: | कक्षा ३:<br>कक्षा ५:<br>कक्षा ८: |
| २ | विद्यालयमा पढाइ भएको दिन (सङ्ख्यामा) | | | |
| ३ | कक्षाकोठामा शिक्षकले बिताउने समय (मिनेटमा) | | | |
| ४ | विद्यार्थी सिकाइ उपलब्धि<br>(कक्षा ३, ५ र ८ को अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान %) | कक्षा ३:<br>कक्षा ५:<br>कक्षा ८: | कक्षा ३:<br>कक्षा ५:<br>कक्षा ८: | कक्षा ३:<br>कक्षा ५:<br>कक्षा ८: |
| ५ | विद्यालय छाड्ने दर (%)<br>(कक्षा १ देखि ५ र कक्षा ६ देखि १० सम्म) | कक्षा १ देखि ५:<br>कक्षा ६ देखि १०: | कक्षा १ देखि ५: कक्षा ६ देखि १०: | कक्षा १ देखि ५:<br>कक्षा ६ देखि १०: |
| ६ | **लैङ्गिकमैत्री विद्यालय** (लैङ्गिक सम्पर्क शिक्षक, छात्रा शौचालय, निःशुल्क सेनेटरी प्याडको व्यवस्थालगायत) | | | |
| ७ | **शैक्षिक सामग्रीको प्रयोगमार्फत शिक्षण–सिकाइको अभ्यास** (तालिमप्राप्त शिक्षक तथा शैक्षिक सामग्रीको प्रयोग) | | | |
| ८ | **बालक्लबको वार्षिक योजना र कार्यान्वयन** (नियमित रूपमा सह–सिकाइ क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप) | | | |
| ९ | **सुशासन, पारदर्शिता तथा जवाफदेहिताका अभ्यासहरू** (विद्यालय सुधार योजनाको अद्यावधिक, सामाजिक परीक्षण, गुनासो पेटिका, सूचनापाटीको व्यवस्थापन र अभ्यास) | | | |
| १० | **विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकको नियमितता र छलफलका विषयहरू** (शिक्षाको गुणस्तर वृद्धिसम्बन्धी) | | | |
| ११ | **सुरक्षित तथा पर्याप्त भौतिक पूर्वाधार र खेलमैदान** (सफा कक्षाकोठा तथा शौचालय, फर्निचर, खेलमैदान आदिको प्रबन्ध) | | | |

**सहभागितामूलक स्वमूल्याङ्कन गरिएको मिति: ....................**

***नोट:*** *माथिका सूचकहरूमा विद्यार्थी, शिक्षक र अभिभावकको सहभागितामा अर्धवार्षिक रूपमा स्वमूल्याङ्कन तथा समीक्षा गरिनेछ। विद्यालयले समीक्षा गर्ने मिति वार्षिक कार्यतालिकामा समावेश गरेको छ।*




७

# विद्यालय अङ्कतालिका: जवाफदेहिताको एक विधि

**School Scorecard: An Accountability Tool**

# ७ विद्यालय अङ्कतालिका: जवाफदेहिताको एक विधि

## परिचय

सरकारले सार्वजनिक सेवाको पहिचान र परिभाषा गर्दैगर्दा नेपालका सबै वर्ग, समुदाय, भाषाभाषी, लैङ्गिकता, उमेर, अपाङ्गता भएका व्यक्ति, जातजाति र सामाजिक अवस्थाअनुसार सबैलाई समान रूपमा तथा आवश्यकताअनुसार विशेष सम्बोधन हुने गरी सार्वजनिक सेवा प्रदान गर्ने विषयलाई नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेको छ। गरिबीको रेखामुनि रहेका र विभिन्न कारणले पछाडि परेका नागरिकहरूको गुणस्तरीय जीवनयापनका लागि सार्वजनिक सेवा अत्यन्त महत्त्वपूर्ण हुन्छ। मानव अधिकारको प्रत्याभूति गर्न गुणस्तरीय सार्वजनिक सेवा अनिवार्य सर्त हो। यसले मानव अधिकारको प्रत्याभूति मात्र होइन, महिलाको मानव अधिकार स्थापित गरी लैङ्गिक समानता पनि कायम गर्छ।

वर्तमान राजनीतिक तथा नीतिगत तरलता र सङ्घीय संरचनामा राज्य र नागरिकबीचको जवाफदेहिता, सम्बन्ध तथा शक्ति सन्तुलनका लागि शासन प्रणालीमा रहेका व्यक्तिहरूलाई जवाफदेही बनाउन व्यावहारिक सीप र क्षमता विकास आवश्यक छ। स्थानीय शासकीयता र जवाफदेहिताका विधिहरूको अभ्यासले राज्य र नागरिकबीचको जवाफदेहिता सम्बन्ध बुझ्न विश्लेषणको ढाँचा प्रदान गर्छ। यस विधिको प्रयोग गरी प्रमाणमा आधारित रही राज्यका निकाय तथा सेवा प्रदायकहरूलाई सीमान्तकृत समुदायप्रति बढी जवाफदेही बनाउन र उनीहरूलाई राज्यको अनुभूति गराउन सहयोग पुग्नेछ।

> “ वर्तमान राजनीतिक तथा नीतिगत तरलता र सङ्घीय संरचनामा राज्य र नागरिकबीचको जवाफदेहिता, सम्बन्ध तथा शक्ति सन्तुलनका लागि शासन प्रणालीमा रहेका व्यक्तिहरूलाई जवाफदेही बनाउन व्यावहारिक सीप र क्षमता विकास आवश्यक छ।



सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

## विद्यालय अङ्कतालिका किन ?

विद्यालय अङ्कतालिका सार्वजनिक विद्यालयको सेवा प्रवाहको अवस्थाबारे सेवाग्राहीहरूले सहभागितामूलक मूल्याङ्कन गर्ने र योजनाबद्ध रूपमा सुधार योजना निर्माण गर्ने विधि तथा प्रक्रिया हो। यसमा विद्यालयले प्रदान गर्ने सेवाको गुणस्तर, पारदर्शिता, जवाफदेहिता, सेवाग्राहीहरूको पहुँच र अनुकूलता, विद्यालय कर्मचारीको व्यवहार तथा सेवाग्राहीहरूको भूमिकाजस्ता विविध सवालमा सेवाग्राही र सेवाप्रदायक दुवै पक्षबाट अङ्कद्वारा मूल्याङ्कन गरिन्छ। मूल्याङ्कन गर्नुअघि मूल्याङ्कनका आधारहरू र सूचकहरू तय गरिन्छ।

मूल्याङ्कनका आधार निर्माण र अङ्क प्रदान गर्नका लागि चरणबद्ध छलफल तथा बैठकहरू सञ्चालन गरिन्छन्। यी बैठकहरूमा सेवासँग सम्बन्धित विद्यमान नीति–नियम, विशेषज्ञका भनाइ, नमुनाका रूपमा विभिन्न दृश्य सामग्री र पोस्टरहरू प्रयोग गरिन्छ। साथै, सेवाग्राही तथा विद्यालयले सेवा लिन वा प्रदान गर्दा प्रत्यक्ष अनुभव गरेका, भोगेका, देखेका र आफूलाई लागेका अनुभूतिका आधारमा सेवाको स्तर मापन गरिन्छ।

मूल्याङ्कनका लागि तयार गरिएका विभिन्न आधारमा अङ्क प्रदान गर्दा विद्यालयद्वारा प्रदान गरिएको सेवाको गुणस्तर स्तरसँग तुलना गरिन्छ। तुलना गर्दा राम्रो लागेका सूचकमा बढी अङ्क दिएर वा खुशीको सङ्केत गरेर र चित्त नबुझेका विषयमा कम अङ्क प्रदान गरेर वा दुःखी भएको सङ्केत गरेर मूल्याङ्कन गरिन्छ। अङ्क कम वा बढी दिनुको तथ्य र प्रमाण कैफियतमा खुलाइन्छ। यो प्रक्रिया विद्यालय र सेवाग्राही दुवै पक्षबाट छुट्टाछुट्टै रूपमा मूल्याङ्कन गरिन्छ। यसरी छुट्टाछुट्टै गरिएको मूल्याङ्कन सङ्युक्त समीक्षा बैठकमा प्रस्तुत गरिन्छ, जसलाई सार्वजनिक सुनुवाइ भनिन्छ।

दुवै पक्षको प्रस्तुति पश्चात् मूल्याङ्कनमा आएका सन्तुष्टिका आधारमा छलफल, विश्लेषण र समीक्षा हुन्छ। यसबाट राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षको सूची तयार गरिन्छ। सुधार गर्नुपर्ने विषयमा तत्काल र दीर्घकालीन सुधारको योजना तथा उपयुक्त समयसमेत निर्धारण गरिन्छ। योजनाअनुरूप सुधार गर्नुपर्ने सम्बन्धित पक्षको जिम्मेवारी पनि स्पष्ट रूपमा उल्लेख गरिन्छ। सुधारको सुनिश्चितताका लागि अनुगमन समिति गठन गरिन्छ र सुधारका लागि सङ्युक्त पहल सुरु हुन्छ। निर्धारित समयावधि पश्चात् पुनः यो प्रक्रिया दोहोऱ्याइन्छ र सुधार भए–नभएको पुनर्मूल्याङ्कन गरिन्छ। सुधार हुन नसकेका पक्षका अन्य विकल्पहरूमा विचार गरिन्छ र सोहीअनुसार सुधारको प्रयत्न अगाडि बढाइन्छ।

## विद्यालय अङ्कतालिकाको उद्देश्य

- समुदायमा समस्या उत्पन्न हुने कारण र समाधानका लागि सरोकारवालाको भूमिकाबारे स्पष्ट बुझाइ हुन्छ। सहभागीहरूले छलफलमार्फत जिम्मेवारी, सहकार्यका क्षेत्र र समाधानका विकल्पहरू पहिचान गरी कार्ययोजना, विश्लेषणात्मक उपाय तथा व्यवस्थापनको पहल गर्न मद्दत गर्छ।
- स्रोत, सीप र प्रविधिको समन्वय गरी दीर्घकालीन तथा दिगो समाधानका लागि स्थानीय सङ्घ–संस्था, विद्यालय, नागरिक समाज र निजी क्षेत्रसँगको साझेदारीमार्फत कार्यान्वयन, अनुगमन, परिणाम मूल्याङ्कन र अनुदान व्यवस्थापन सुनिश्चित गर्छ।
- विद्यालय र स्थानीय तहले पारदर्शिता, जवाफदेहिता र समावेशी सहभागिता प्रवर्धन गर्न आवश्यक संरचना सुधारका लागि नियमित बैठक, प्रमाण सङ्कलन र अनुगमनले प्रभावकारिता बढाउँछ। समुदायबाटप्राप्त सुझाव र सल्लाहका आधारमा सेवामा सुधार गरी दीर्घकालीन लोकतान्त्रिक हस्तक्षेपको वातावरण निर्माण हुन्छ।

## सहजकर्ता वा प्रयोगकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- सामुदायिक अङ्कतालिका विधिको प्रयोग गर्न खोजिएको विद्यालयको नगरपालिका वा गाउँपालिकाबाट उक्त विद्यालयले दिने सेवा–सुविधा, बजेट र जनशक्तिबारे पर्याप्त सूचना लिन बिर्सनु हुँदैन ।
- यो विधिको प्रयोग गर्ने विद्यालयको निर्धारण र छनोट पालिकाको शिक्षा शाखासँगको समन्वयमा गर्नुपर्दछ ।
- सङ्युक्त मूल्याङ्कन बैठकको सहजीकरण गर्ने व्यक्ति छनोट गर्दा तटस्थ तथा कार्यक्रमको मर्म र उद्देश्य बुझेको हुनुपर्दछ ।
- यो विधिको प्रयोग कसैलाई आरोप–प्रत्यारोप गर्नुभन्दा पनि विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु हो भन्ने पक्षमा सेवाग्राही र सेवाप्रदायक दुवै पक्षलाई स्पष्ट पार्नु जरुरी हुन्छ ।
- सेवाप्रदायक र सेवाग्राहीले गर्ने मूल्याङ्कनका अधिकांश आधार एउटै हुनुपर्दछ । तर केही आधार फरक पनि हुन सक्छन् ।
- सेवासँग सम्बन्धित नीति–नियमबारे पूर्व जानकारी राख्नु अनिवार्य हुन्छ ।
- हाते पुस्तिका, स्रोत पुस्तिका तथा सम्बन्धित विषयको राम्रोसँग अध्ययन गरेको हुनुपर्दछ ।
- आफ्नो अनुकूलताभन्दा पनि समुदायको अनुकूल हुने गरी छलफल बैठक हुने दिन र समय निर्धारण गर्नुपर्दछ ।
- विधि, प्रक्रिया र उद्देश्यबारे छलफल बैठकमा सहभागीमध्ये ७५ प्रतिशत सहभागी स्पष्ट भएका छन् भन्ने लागेपछि मात्र मूल्याङ्कनका आधार तयार गर्ने र अङ्क प्रदान गर्ने प्रक्रिया अगाडि बढाउनुपर्दछ ।
- समुदायले प्रदान गरेको अङ्क सङ्युक्त मूल्याङ्कनमा प्रस्तुत गर्ने व्यक्तिलाई सङ्युक्त मूल्याङ्कन गर्नुअघि १–२ पटक प्रस्तुतिको अभ्यास गराउनुपर्दछ । यसले सङ्युक्त मूल्याङ्कनमा समुदायको तर्फबाट हुने प्रस्तुति प्रभावकारी हुने सुनिश्चित गर्छ ।
- छलफल बैठकमा अङ्क प्रदान गर्ने विषयलाई मात्र महत्त्व नदिएर सुधारका विकल्पहरूबारे पनि विचारहरू ल्याउन जोड दिनुपर्दछ । के भएको भए बढी अङ्क दिन सकिन्थ्यो वा कसले के गर्नुपर्दछ भनेर सहभागीहरूको विचार खोतल्न सहजकर्ताले भूमिका निर्वाह गरेको हुनुपर्दछ ।

## सार्वजनिक सुनुवाइ आचारसंहिता

**सार्वजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्नानुसारका बुँदाहरू समेटेर आचारसंहिता निर्माण तथा पालना गर्नुपर्नेछ:**

- निर्धारित समयमा तोकिएको स्थानमा आसन ग्रहण गर्ने ।
- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने रप्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचार कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखेबापत धन्यवाद दिने ।
- सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुरा राख्ने ।
- बोल्दा पालैपालो बोल्ने र एउटा व्यक्तिले सोधिसकेको प्रश्न पुनः नगर्ने, तर पूरक प्रश्न राख्न सकिने ।
- सहभागीहरूबाट राखिएका प्रश्नको जवाफ सम्बन्धित पदाधिकारीले उक्त प्रश्नमा केन्द्रित रही पारदर्शी किसिमले दिनुपर्नेछ । तर मिल्ने प्रकृतिका प्रश्नहरूलाई एकीकृत गरी एकमुष्ट जवाफ दिन सकिनेछ ।
- जवाफकर्ताले त्रुटि वा गल्ती स्वीकार गरेमा कहिलेसम्म सच्याउने हो भन्ने प्रतिबद्धता जनाउनुपर्नेछ ।





- कुनै विवाद उठेमा वा होहल्ला भएमा सचेतकले ध्यानाकर्षण गराउन सक्नेछ ।
- सञ्चारकर्मीले गरेको रिपोर्टिङमा सम्बद्ध पदाधिकारीका विरुद्धमा कुनै प्रकारको व्यक्तिगत लाञ्छना वा द्वेष फैलाउने उद्देश्य रहनुहुँदैन ।
- कार्यक्रम बढीमा ३ देखि ४ घण्टासम्म सञ्चालन गरिनेछ ।

## मूल्याङ्कन तालिकाको खाका

| क्र. सं | संकेत | आधार पक्षहरू | मूल्याङ्कन | | |
|---|---|---|---|---|---|
| | | | अङ्क | पृष्ठपोषण (किन यति अङ्क दिइयो) | प्रमाण (वास्तविक घटना) |

## कार्ययोजनाको खाका

| सामूहिक छलफलमा (रिफ्लेक्टमा) के गर्ने ? | सवाल | कहिले गर्ने ? | कसको जिम्मेवारी ? | समन्वय र सहयोग के ? |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## विद्यालय अङ्कतालिका विधिका चरणहरू

- पालिका तथा वार्ड तहको बैठक ।
- नगरपालिका तथा गाउँपालिका तहमा सम्बन्धित शिक्षा शाखासँगको बैठक ।
- वार्ड स्तरमा समन्वयात्मक बैठक (वार्ड प्रतिनिधिहरू, विद्यालय र अन्य सरोकारवालाहरूसँग) ।
- विद्यालय सेवामा अभिभावक तथा समुदायको मूल्याङ्कन ।
- सेवासम्बन्धमा विद्यालय प्रशासन, शिक्षक र कर्मचारीहरूको स्वमूल्याङ्कन ।
- पहिलो सङ्युक्त मूल्याङ्कन बैठक तथा सार्वजनिक सुनुवाइ, समीक्षा र सुधार योजना निर्माण ।
- विद्यालय र सेवाप्रदायकबीच सङ्युक्त छलफल ।
- सुधार कार्यान्वयन तथा अनुगमन ।






सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

## विद्यालय अङ्कतालिका प्रतिवेदन तयारीको खाका २०....

**विद्यालयको नाम:**

**विद्यालयको ठेगाना:**

**अध्ययन टोलीको नाम:**

### १. विद्यालयको संक्षिप्त परिचय

- विद्यालय कहाँ अवस्थित छ ? कुन कक्षा र तह सञ्चालित छन् ? कुन कक्षा र तहले अनुमति वा स्वीकृति पाएका छन् ?
- विद्यालयमा कुन सामाजिक पृष्ठभूमिका बालबालिका पढ्न आउँछन् ?
- कति टाढाबाट बालबालिका विद्यालय पढ्न आउँछन् र कति समय लाग्छ ?

### २. अध्ययनको प्रक्रिया

- विद्यालय र समुदाय कसरी छनोट गरियो ?
- सहभागीहरूको विवरण तथा छनोट प्रक्रिया ?
- सम्बन्धित विद्यालय अङ्कतालिकाको सहजकर्ता को थिए ?
- सेवाप्रदायक र सेवाग्राहीसँग मूल्याङ्कन विश्लेषण गर्दा कस्ता माध्यमहरू प्रयोग गरियो ?

### ३. निष्कर्षहरूको विश्लेषण

निष्कर्षहरूको विश्लेषण विद्यालय अङ्कतालिका अभ्यासपछिको मुख्य नतिजा के थियो ? सूचक तालिकामा छलफल गरिएका सूचकहरूअनुसार निष्कर्षहरूको विश्लेषण गर्नुहोस् । समुदाय र विद्यालयबाटप्राप्त उत्तरहरूको तुलनात्मक विश्लेषण (सङ्ख्यात्मक र गुणात्मक) ।

विश्लेषण (सङ्ख्यात्मक र गुणात्मक) गर्दा तलका शीर्षकहरूअनुसार गर्नुहोस् ।

**३.१ विद्यालय सुशासन**

**३.२ गुणस्तरीय शिक्षा**

**३.३ बालबालिका, लैङ्गिक र अपाङ्गमैत्री सुरक्षित विद्यालय वातावरण**

**३.४ नि:शुल्क तथा शिक्षाका लागि पर्याप्त वित्तीय लगानीको अवस्था**

***नोट:*** *विद्यालय सुविधा, भौतिक पूर्वाधार र प्रशासनिक विषयहरू सम्बन्धित शीर्षकअनुसार समावेश गर्नुहोला ।*

४. विद्यालय अङ्कतालिकाको अभ्यासपश्चात् सुधारको कार्ययोजना (अभिभावक, विद्यालय तथा अन्य सरोकारवालाको भूमिका स्पष्ट लेख्नुहोस्) ।

५. निर्माण गरिएको सुधार योजना अनुगमन समितिको विवरण लेख्नुहोस् (समिति सदस्यहरू, अनुगमनको प्रक्रिया र मापदण्ड वा सीमा) ।

६. विद्यालय अङ्कतालिकाको अभ्यासको समग्र प्रक्रियामा (सेवाप्रदायक तथा समुदायबाट)प्राप्त सुझावहरू लेख्नुहोस् (बढीमा ३ देखि ५ वटा) ।

७. सिकाइ र चुनौतीहरू (अङ्कतालिका प्रक्रियाको अभ्यास गर्दाप्राप्त सिकाइ तथा चुनौतीहरू) ।

८. घटना अध्ययन, फोटोहरू, सरोकारवालाको भनाइ, समाचार वा त्यस्ता प्रमाणहरू भए राख्नुहोस् ।

# विद्यालय अङ्कतालिकाका सूचकहरू

| समुदाय र विद्यालयले गर्ने स्वमूल्याङ्कन मापनका क्षेत्र | सूचक | अङ्क | कारण | प्रमाण | सूचकहरूको विवरण |
|---|---|---|---|---|---|
| प्रशासनिक | खुल्ने समय | | | | |
| | बन्द हुने समय | | | | |
| | कर्मचारीको नियमित उपस्थिति | | | | |
| | कर्मचारीहरूको सेवाग्राहीप्रतिको व्यवहार | | | | |
| | विद्यालयको सेवा शुल्क | | | | अभिभावकबाट कुनै प्रकारको लिने शुल्क र वार्षिक तिर्ने शुल्क |
| सुशासन | सूचना पाटी | | | | प्रयोग भएको वा नभएको हेर्ने, कस्ता सूचनाहरू छन् । |
| | सूचना अधिकारी | | | | रहेको भए अभिभावक, विद्यार्थीहरूलाई जानकारी छ कि छैन । |
| | सामाजिक लेखाजोखा | | | | को को सहभागी हुन्छन्, कसले गरेको हो, कहिले हुने गर्छ । |
| | खर्चको सार्वजनिकीकरण | | | | चौमासिक रूपमा आम्दानी तथा खर्चको शीर्षकअनुसार सूचनापाटीमा राखिन्छ ? |
| | विद्यालय व्यवस्थापन समितिको गठन तथा बैठक | | | | बालबालिकाको सहभागिता, बैठकमा शैक्षिक गुणस्तर, सिकाइ प्रक्रियामा सहयोग पुग्ने खालका वैकल्पिक शिक्षाहरूबारे, विद्यालयको सुविधा र आवश्यक लगानीको विषय । |
| | शिक्षक अभिभावक सङ्घको गठन तथा बैठक | | | | शिक्षक-अभिभावक सङ्घको गठन गर्दा कतिको सहभागितामूलक र समावेशी हुन्छन् । कस्ता विषयमा चर्चा गरिन्छन् र कति पटक बैठक बस्छन् ? |
| | गुनासो सङ्कलन संयन्त्र, व्यवस्थापन तथा प्रभावकारिता | | | | गुनासो पेटिका विद्यार्थीको पहुँच हुने स्थानमा छ कि छैन, कस्तो किसिमको गुनासो आएको छ साथै कसले सुनुवाइ गर्छ र कहिले खुल्ने गर्छ, कुनै ठोस संयन्त्र छ कि छैन ? |
| | अनुगमन तथा मूल्याङ्कन समिति | | | | कहिले र कसले गर्ने गर्छ अनुगमन तथा आएको सुझावमाथि विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले बैठकमा छलफल भएको हुन्छ कि हुँदैन । स्थानीय तहको शिक्षा शाखाले एक शैक्षिक सत्रमा कति पटक अनुगमन गरेको छ ? |
| शैक्षिक सुधार | शैक्षिक तथा शिक्षण सामग्रीको उपलब्धता | | | | पाठ योजना, शैक्षिक क्यालेन्डरअनुसार शिक्षण सिकाइ भएको वा नभएको, प्रयाप्त शैक्षिक सामग्रीको उपलब्धता छ वा छैन ? |
| | बालबालिकाको अगुवाइमा अतिरिक्त र सह–सिकाइ कार्य | | | | विद्यालयको शैक्षिक सत्रको क्यालेन्डरअनुसार बाल क्लबको अगुवाइमा कस्ता अतिरिक्त तथा सह-सिकाइ क्रियाकलाप हुने गर्दछ । बाल क्लबको वार्षिक योजनाअनुसार क्रियाकलाप भए नभएको हेर्ने । |
| | छात्रवृत्तिको वितरण तथा व्यवस्थापन | | | | सरकारद्वारा प्रदान गरिने छात्रवृत्ति कहिले बाँडिन्छ (नगद कि अन्य), नगद दिइन्छ भने कति ? |
| | पाठ्यपुस्तकको उपलब्धता | | | | विद्यार्थीलाई शैक्षिक सत्रको सुरुवातमै पुस्तकप्राप्त हुन्छ ? आंशिक कि सबैप्राप्त हुन्छ ? |
| | शिक्षकको व्यवस्था तथा उपलब्धता | | | | विषयगत तथा तालिमप्राप्त शिक्षकको उपलब्धता, शिक्षक र विद्यार्थी अनुपात कस्तो छ ? |
| | अतिरिक्त कक्षा सञ्चालन | | | | कोभिडको कारणले विद्यार्थीको सिकाइलाई सहयोग, ढिलो सिक्ने विद्यार्थीहरूका लागि सहयोगी कक्षा सञ्चालनको अवस्था कस्तो छ ? |
| | पुस्तकालयको व्यवस्थापन र पहुँच | | | | उपलब्धता, पहुँच, सञ्चालन |
| | दिवा खाजाको व्यवस्थापन | | | | दिवा खाजाको विद्यालयमै खुवाइन्छ कि नगद दिने गरिन्छ, नगद दिइन्छ भने कति रकम र कहिले ? |
| | खेलकुद सामग्रीको उपलब्धता | | | | लैङ्गिकमैत्री खेल सामग्रीको उपलब्धता र पहुँच । |
| भौतिक पूर्वाधार | वैकल्पिक शिक्षण सिकाइ प्रविधिको सुविधा र प्रयोग | | | | सूचना तथा सञ्चार प्रविधि ल्याबको उपलब्धता र प्रयोग, विद्युतीय शैक्षिक सामग्रीको अभ्यास र प्रयोगको अवस्था |
| | फर्निचरको उपलब्धता | | | | कक्षाकोठामा विद्यार्थी अनुपातअनुसार डेस्क बेञ्चको उपलब्धता र अवस्था |
| | सुरक्षित कक्षाकोठाको उपलब्धता | | | | फरक क्षमता तथा बालिकामैत्री विद्यालयको सुविधा र व्यवस्थापन, प्रकोपको दृष्टिकोणले सुरक्षाको अवस्था |
| | शौचालय र पिउने पानीको उपलब्धता तथा व्यवस्थापन | | | | छात्रामैत्री शौचालय, बालबालिकामैत्री पिउने पानीको पहुँच, उपलब्धता तथा व्यवस्थापन |
| वित्तीय लगानीको अवस्था | वित्तीय लगानी विनियोजनको प्रक्रिया | | | | बजेट निर्माण प्रक्रियामा विद्यालय परिवारको सहभागिता र पहुँच, जवाफदेही र पारदर्शिताको अभ्यास तथा आम अभिभावकको चासो । |
| | वित्तीय लगानीको अवस्था | | | | तिनै तहबाट बजेट विनियोजनको अवस्था तथा लगानीका शीर्षकहरू । |
| | विद्यालयमा लगानीको स्रोत | | | | विद्यालयमा आम्दानीका स्रोत केके छन् ? तीन तहकै सरकारबाटप्राप्त हुने बजेट र खर्चको अवस्था ? |
| बालमैत्री वातावरण | महिनावारी र छात्रामैत्री शौचालयको व्यवस्थापन | | | | प्रयाप्त मात्रामा पानी तथा सेनेटरी प्याडको व्यवस्थापन, आराम कक्ष छ कि छैन ? |
| | भेदभावरहित र समानताको अधिकार | | | | विद्यालय तथा कक्षाकोठामा हुने लैङ्गिकता, जातीयता र शारीरिक क्षमताको आधारमा कुनै किसिमको छुवाछूत, भेदभाव छ कि छैन ? |
| | प्राथमिक उपचारको व्यवस्था | | | | |




# ८

## कर न्याय तथा शिक्षामा लगानी: बजेट विश्लेषण

Education Financing:
Budget Tracking

# ८ कर न्याय तथा शिक्षामा लगानी: बजेट विश्लेषण

एक्सनएड सबैका लागि न्याय र मानव अधिकारको पक्षमा पैरवी गर्न प्रतिबद्ध छ। यसले गरिबीमा रहेका महिला तथा बालिकासँग विशेष प्राथमिकताका साथ कार्य गर्दछ। नारीवादी सिद्धान्तबाट प्रेरित रही पुस्तान्तरणीय (Intergenerational) दृष्टिकोण अपनाउँछ, जसले सार्वजनिक सेवाले लिङ्ग, उमेर, अपाङ्गता, जातीयता, लैङ्गिक पहिचान र सामाजिक परिवेशअनुसारको आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्नुपर्ने विषय सुनिश्चित गर्छ। अनुभवले देखाउँछ कि गरिबीमा रहेका अधिकांश महिला तथा बालिकाहरूका लागि गुणस्तरीय सार्वजनिक सेवा लैङ्गिक संवेदनशील हुँदैन, महिला र बालिकाको पारिश्रमिक विनाको सेवामूलक कार्यबोझ बढ्छ, परिणामस्वरूप लैङ्गिक असमानता गहिरो हुन्छ र गरिब तथा बहिष्कृत महिला तथा बालिकाले आफ्नो अधिकार उपभोग गर्न सक्दैनन्।

आधारभूत सार्वजनिक सेवा सुधार गर्नु बालिका र महिलाको अधिकार सुनिश्चित गर्न अत्यन्त जरुरी छ। शिक्षा, स्वास्थ्य तथा लैङ्गिक र प्रजनन सेवामा पहुँच, पानी तथा सरसफाइ, शिशु स्याहार, सार्वजनिक यातायात र अन्य धेरै मानव अधिकारलाई सुनिश्चित गर्न सार्वजनिक सेवा अपरिहार्य हुन्छन्। यस्ता सार्वजनिक सेवाले सामाजिक र आर्थिक असमानतालाई न्यूनीकरण गर्दै समान समाज निर्माणमा योगदान पुर्‍याउँछन्। तर प्रायः यी सेवाहरू अपूर्ण, अपर्याप्त, न्यून गुणस्तर र स्रोतविहीन हुन्छन्, जसले महिला र बालिकाको मानव अधिकार सुनिश्चित गर्नुभन्दा बहिष्करण र लैङ्गिक अन्यायलाई निरन्तरता दिन्छन्। यस्ता महत्वपूर्ण सेवाहरू सार्वजनिक रूपमा पर्याप्त वित्त (आवश्यक लगानी) हुनु जरुरी छ, जसले सेवामा विना विभेद अधिकतम गुणस्तर र पहुँच सुनिश्चित गर्न सकोस् र मानव अधिकारको ढाँचा तथा दिगो विकास लक्ष्यप्रतिको प्रतिबद्धता पूरा गर्न सकोस्।

यसका लागि एक्सनएडले ४ (S) मा ध्यान दिनुपर्ने आवश्यक मान्दछः

१) सार्वजनिक सेवामा बजेटको **(Share) हिस्सा** बढाउने,

२) सरकारको कुल राजस्व **(Size) आकार** बढाउने,

३) बजेट विनियोजनलाई लैङ्गिक **(Sensitivity) संवेदनशील** बनाउने, र

४) विशेषगरी विपन्न र भौगोलिक विकट क्षेत्रहरूमा रकमको विनियोजन र खर्चको प्रभावकारी **(Scrutiny) अनुगमन** सुनिश्चित गर्ने।

> "शिक्षा, स्वास्थ्य तथा लैङ्गिक र प्रजनन सेवामा पहुँच, पानी तथा सरसफाइ, शिशु स्याहार, सार्वजनिक यातायात र अन्य धेरै मानव अधिकारलाई सुनिश्चित गर्न सार्वजनिक सेवा अपरिहार्य हुन्छन्।



सार्वजनिक शिक्षाः स्रोत पुस्तिका

## कर न्याय

कर न्याय भनेको सम्पन्न राष्ट्र र बहुराष्ट्रिय कम्पनीहरूबाट न्यायपूर्ण कर सङ्कलनमार्फत समानता र सामाजिक न्यायको प्राप्ति हो। यसले भ्रष्टाचार र कर दुरुपयोगको नियन्त्रण, तथा समावेशी कर नीतिहरूको प्रवर्धनमा केन्द्रित हुन्छ। नेपालमा, कर प्रणालीमा चुहावटहरूको कारण वार्षिक रूपमा लगभग **५९७** मिलियन अमेरिकी डलरको कर चुहावट हुँदै आएको छ, जसले सार्वजनिक सेवाहरूको लगानीको स्रोतलाई कमजोर बनाउँछ। साथै, वैदेशिक ऋण न्याय भनेको विकासशील राष्ट्रहरूको ऋणको सर्तहरूलाई न्यायपूर्ण र पारदर्शी विधि–तरिकामार्फत समाधान गर्नु हो। हालै गरिएको एक अध्ययन अनुसार नेपालको कुल सार्वजनिक ऋणको **५६.४९%** बाह्य ऋण हो, जसले शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता आवश्यक क्षेत्रहरूको वित्तीय स्रोतलाई सङ्कटमा पार्छ। विश्वभरिका **५४** राष्ट्रहरूले आफ्नो कर राजस्वको **१०%** भन्दा बढी ऋण भुक्तानीमा खर्च गरिरहेका छन्, जसले सामाजिक र आर्थिक विकासमा नकारात्मक प्रभाव पारिरहेको छ।

यसरी, कर र ऋण न्यायको प्रवर्धन ले नेपालमा समावेशी र दिगो आर्थिक वृद्धिका लागि आधार तयार गर्न सक्छ। यसका लागि, बाह्य ऋण प्रदान गर्ने विश्व बैंक जस्ता वित्तीय संस्थाहरूको पुनर्संरचना गर्न आवश्यक छ भने बहुराष्ट्रिय कम्पनीहरूको कर दायित्व सुनिश्चित गर्न अनिवार्य छ। यसले सार्वजनिक सेवाहरूको गुणस्तर र पहुँचमा सुधार ल्याउने तथा दीर्घकालीन विकासका लागि स्रोतहरूको सुनिश्चितता गर्न मद्दत पुर्‍याउँछ।



## नेपालमा कर न्याय किन ?

नेपालको कर न्याय (Tax Justice) को अभियान अत्यन्त महत्वपूर्ण छ, किनकि यसले समावेशी र समान आर्थिक संरचना निर्माणमा योगदान पुऱ्याउँछ। नेपालको कर प्रणालीमा प्रगतिशील करको अवधारणाको अभाव छ, जसका कारण गरिब तथा निम्न आय भएका व्यक्तिहरूले अपेक्षाकृत बढी कर तिर्नुपर्ने अवस्था रहेको छ। उदाहरणका लागि, आवश्यक सेवा तथा वस्तुहरूमा १३% मूल्य अभिवृद्धि कर (भ्याट) लगाइएको छ, जसले गरिबीको चपेटामा रहेका आम नागरिकहरूलाई थप आर्थिक दबाबमा पार्दछ। यसरी, कर न्यायको अभावले सामाजिक असमानता र गरिबीको चक्रलाई थप बलियो बनाउँछ।

प्रतिगामी कर प्रणाली (जसमा निम्न आय भएका व्यक्तिहरूले आफ्नो आम्दानीको ठूलो हिस्सा अप्रत्यक्ष करको रूपमा तिर्नुपर्दछ भने धनीहरूले कम प्रतिशत तिर्छन्) ले सार्वजनिक सेवाहरूको गुणस्तरमा प्रतिकूल प्रभाव पार्दछ। नेपालमा शिक्षा, स्वास्थ्य जस्ता सार्वजनिक सेवाहरूको वित्तीय स्रोत सीमित छ, र यसका कारण नागरिकहरूको सर्वसुलभ पहुँचमा कमी आएको छ। यस्तो समस्याको समाधानका लागि कर न्यायको प्रवर्धन आवश्यक छ, जसले सरकारलाई पर्याप्त राजस्व सङ्कलन गर्न र सार्वजनिक सेवाहरूमा लगानी बढाउन मद्दत पुऱ्याउँछ। यसरी, कर न्यायले नागरिकहरूको जीवनस्तर सुधार्न तथा सामाजिक न्याय स्थापना गर्न महत्वपूर्ण भूमिका खेल्दछ।

नेपालको कर प्रणालीमा सुधार ल्याउनका लागि प्रगतिशील कर संरचना अपनाउनु आवश्यक छ। प्रत्यक्ष करको दायरा विस्तार गरी उच्च आय भएका व्यक्तिहरू तथा कम्पनीहरूबाट बढी कर सङ्कलन गरेर सरकारलाई सार्वजनिक सेवाहरूमा लगानी बढाउन र सामाजिक सुरक्षाको दायरालाई फराकिलो तथा सुदृढ बनाउन मद्दत पुग्छ। यसका साथै, कर चोरी र वित्तीय चुहावटलाई नियन्त्रण गर्न कडा निगरानी तथा पारदर्शिता आवश्यक छ। यसरी, कर न्यायको प्रवर्धनका लागि प्रगतिशील कर प्रणालीको अभ्यासले नेपालको दिगो विकास, सामाजिक न्याय तथा समानता सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

“ नेपालमा शिक्षा, स्वास्थ्य जस्ता सार्वजनिक सेवाहरूको वित्तीय स्रोत सीमित छ, र यसका कारण नागरिकहरूको सर्वसुलभ पहुँचमा कमी आएको छ।





## शिक्षामा लगानी किन ?

### सार्वजनिक शिक्षामा लगानी : समान र गुणस्तरीय शिक्षातर्फको पहल

**संविधानले दिएको शिक्षा अधिकार :** नेपालको संविधान २०७२ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने अधिकार सुनिश्चित गरिएको छ। तर, बजेटको अपर्याप्तता, स्रोतहरूको असमान वितरण, र प्रभावकारी कार्यान्वयनको अभावले गुणस्तरीय शिक्षा अझै पनि चुनौती बनेको छ।

**सहकार्य र स्रोत परिचालनको आवश्यकता :** शिक्षामा लगानी सुदृढ बनाउन सरकारसँगै स्थानीय तह, समुदाय, अभिभावक, नागरिक समाज, र विकास साझेदारहरूबीच सहकार्य आवश्यक छ। यस्तो सहकार्यले स्रोत परिचालन, पारदर्शिता, तथा बजेटको प्रभावकारी उपयोगलाई सहज बनाउँछ।

**दीर्घकालीन प्रभाव र भविष्य निर्माण :** सार्वजनिक शिक्षामा लगानी बढाउन कर न्याय, लैङ्गिक उत्तरदायी बजेटिङ, र समावेशी योजना निर्माण जस्ता रणनीतिहरूको प्रवर्धन गर्नुपर्दछ। यसले विद्यालय सुधार मात्र होइन, सीपयुक्त, सचेत, र समान समाज निर्माणमा पनि टेवा पुऱ्याउँछ।






# १

## सामाजिक परिचालन: अवधारणा र अभ्यास

Social Mobilisation: Approach and Practice

# ९ सामाजिक परिचालन: अवधारणा र अभ्यास

## सामाजिक परिचालन के हो ?

सामाजिक परिचालन भनेको विभिन्न सामाजिक तथा नागरिक समूहहरूलाई सङ्गठित गरी व्यक्तिगत, पारिवारिक, र सामाजिक रूपमा रहेका अन्यायपूर्ण अवस्थालाई न्यायपूर्ण बनाउने सहभागितामूलक प्रक्रिया हो। यसले आर्थिक, नागरिक, राजनीतिक, सामाजिक, र सांस्कृतिक क्षेत्रहरूमा सशक्तीकरणको माध्यमबाट व्यक्तिको अधिकार स्थापना तथा जीवनस्तर सुधार गर्न सहयोग गर्छ।

समुदायका सदस्यहरूबीच आपसी सहयोग, सद्भाव, विश्वास, र समन्वय बलियो बनाइ सामाजिक पूँजी निर्माण गरिन्छ, जसले समूहलाई आफ्नो आवाज, आवश्यकता, र प्राथमिकता सङ्गठनात्मक तरिकाले व्यक्त गर्न सक्षम बनाउँछ। यस प्रक्रियाले समुदायको आत्मबल र विश्वासको वातावरण सिर्जना गर्छ, जसबाट न्यायपूर्ण समाज निर्माण र सकारात्मक परिवर्तन सम्भव हुन्छ।

सामाजिक परिचालनले सामाजिक पूँजी निर्माण गर्छ, जसले समूहभित्र न्यायपूर्ण विश्वास र सद्भावना अभिवृद्धि गर्छ। यो प्रक्रिया केवल व्यक्तिगत सशक्तीकरणमा सीमित नभई सहभागीहरूलाई सामूहिक र सङ्गठित रूपमा सार्वजनिक नीति तथा निर्णयमा प्रभावकारी रूपमा सहभागी हुन सक्षम बनाउँछ। यस प्रक्रियामा समुदायका प्राथमिकता र आवश्यकताहरू साझा रूपमा प्रस्तुत हुन्छन् र नागरिकहरूले आफ्नो अधिकार तथा गुणस्तरीय सेवाको प्रभावकारिताका लागि निरन्तर पैरवी र पैरवी गर्न सक्षम हुन्छन्।

यसरी, सामाजिक परिचालनले स्थायी परिवर्तनका लागि जिम्मेवार, सहभागी, र आलोचनात्मक दृष्टिकोणसहितको सङ्गठित समुदाय निर्माण गर्छ, जो दिगो विकासको आधार बन्न सक्छ।

### सामाजिक परिचालनका फाइदाहरू

**सार्वजनिक सेवाको अधिकार र स्रोतको न्यायपूर्ण वितरण :** सेवा, स्रोत, र साधनको प्रभावकारी परिचालनमार्फत सीमान्तकृत समुदायका हक सुनिश्चित गर्ने उद्देश्यले सार्वजनिक सेवाहरूलाई पारदर्शी, समावेशी, र पहुँचयोग्य बनाउन जोड दिन्छ। यसले समाजमा न्याय र समानताको स्थापना गर्न मद्दत गर्छ।

**सामाजिक सद्भाव र पारस्परिक सहयोगको अभिवृद्धि :** आपसी सद्भाव, मेलमिलाप, र सहयोगका माध्यमबाट सामाजिक सद्भाव बढाउँछ। नागरिक र सामाजिक संस्थाहरूबीचको सहकार्य बलियो बन्दै गएसँगै अधिकार प्राप्तिको आन्दोलन, सामाजिक एकता, र सहयोग प्रवर्धन गर्न सशक्त आधार तयार हुन्छ।



सार्वजनिक शिक्षा: स्रोत पुस्तिका

**नागरिक सशक्तीकरण र उत्तरदायित्वप्रति जोड :** नागरिकमा अधिकारप्रति सचेतना र आलोचनात्मक चेतनाको वृद्धि भई राज्यका सेवाप्रदायक निकायहरूलाई जवाफदेही बनाउने वातावरण सिर्जना हुन्छ। निर्णय प्रक्रिया तथा स्थानीय स्तरका कार्यक्रमहरूमा आम नागरिकको सहभागिता र पहुँच अभिवृद्धि हुन्छ।

**समुदायको चेतना विकास र समस्या समाधान क्षमता निर्माण :** समुदायलाई आफ्नै समस्या आफैं समाधान गर्न सक्षम बनाउँछ, जसले नागरिकको सशक्तीकरणमार्फत समुदायमा दीर्घकालीन रूपमा दिगो, समावेशी, र प्रभावकारी विकास सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ।

## सामाजिक परिचालनका क्षेत्रहरू

- स्थानीय आवश्यकता पहिचान, प्राथमिकता निर्धारण, योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय तहलाई सहयोग गर्ने।
- विकास गतिविधिहरू पारदर्शी रूपमा सञ्चालन गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षणजस्ता जवाफदेहिताका विधिहरूको माध्यमबाट नागरिक तहको अनुगमन सुदृढ गर्ने।
- विद्यमान सामाजिक विभेदहरूको अन्त्य गर्न योगदान गर्ने; जस्तै बोक्सी प्रथा, दाइजो प्रथा, जातीय भेदभावको अन्त्य तथा सामाजिक सद्भाव अभिवृद्धिमार्फत समानता प्रवर्धन गर्ने।
- विभिन्न अभियानहरू (जलवायु तथा वातावरणीय न्याय, श्रमिक अधिकार, बालमैत्री वातावरण, सार्वजनिक गुणस्तरीय शिक्षा, महिला विरुद्धको घरेलु हिंसा नियन्त्रण आदि) मा नागरिकहरूको सक्रियता र सहभागिता वृद्धि गर्ने।

स्थानीय स्तरमा विभिन्न निकायहरूले सञ्चालन गर्ने विकास तथा सेवा प्रवाहको संयोजन र सहजीकरण गर्ने।

### सामाजिक परिचालन किन ?

- नीति निर्माण र कार्यान्वयनमा सीमान्तकृत वर्गको (राज्यले लक्षित वर्ग भनी किटान गरेका) आवाज अभिवृद्धि र पहुँच सुनिश्चित गर्न।
- सार्वजनिक सेवा तथा स्रोत-साधनको परिचालनबाटप्राप्त हुने लाभको बाँडफाँडमा सीमान्तकृत वर्गको अधिकार स्थापित गर्न।
- नागरिकप्रति राज्यको जवाफदेहिता बढाउन।
- स्थानीय तहमा रहेको वित्तीय सुशासन जोखिम न्यूनीकरण गर्न।
- स्थानीय निकायको कामकारबाहीप्रति आम नागरिकको अपनत्व बढाउन।

> “ सामाजिक परिचालनले स्थायी परिवर्तनका लागि जिम्मेवार, सहभागी, र आलोचनात्मक दृष्टिकोणसहितको सङ्गठित समुदाय निर्माण गर्छ, जो दिगो विकासको आधार बन्न सक्छ।

## सामाजिक परिचालनका प्रकारहरू

### कारोबारीय सामाजिक परिचालन

नवउदारवादी आर्थिक प्रणालीमा बजारकेन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिइन्छ, जहाँ आर्थिक सशक्तीकरणलाई राजनीतिक तथा सामाजिक सशक्तीकरणको पूर्वावस्था मानिन्छ। यस अवधारणावादी संरचनाले गरिबीलाई संरचनात्मक असमानताको परिणामभन्दा पनि स्रोत-साधनको अभाव मात्रको रूपमा व्याख्या गर्दछ। यसले गरिबीलाई अधिकारको उल्लङ्घनको रूपमा हेर्ने दृष्टिकोणलाई भन्दा केवल भौतिक सुविधासम्बन्धी समस्यालाई मात्र महत्व दिन्छ। साथै, आर्थिक वृद्धि र बजार विस्तारलाई गरिबीको मुख्य समाधान वा विकल्पको रूपमा प्रस्तुत गरिन्छ, जसले दीर्घकालीन संरचनात्मक न्याय र समानताको लक्ष्यलाई प्राथमिकतामा राख्दैन।

यस सन्दर्भमा, पैरवी र अभियानका पहलहरूले स्रोत, साधन र सेवामा पहुँचमा सुधार आवश्यक भए पनि यसले राजनीतिक अधिकार, सामाजिक न्याय र संरचनात्मक समानतासम्मको पहुँच विस्तार गर्ने विषयलाई त्यति महत्व दिँदैन। नवउदारवादी नीतिले गरिबीसम्बन्धी बहसलाई केवल प्राविधिक विषयमा सीमित राख्दछ, जसले दीर्घकालीन गरिबी अन्त्यको अवसरलाई कमजोर बनाउँछ।

नेपालमा गरिबीका कारणहरू विभिन्न सूचकहरूले देखाए पनि त्यसका अन्तर्निहित कारणहरूको विश्लेषण पर्याप्त रूपमा भएको पाइँदैन। जीविकोपार्जनका बाधक स्रोत, साधन तथा सेवाको अभावलाई पूर्ति गर्ने प्रयास मुख्य रहेको छ।

### रूपान्तरणीय सामाजिक परिचालन

समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै समुदायको संस्थागत क्षमता विकासमार्फत पैरवीका मुद्दाहरू पहिचान र निर्धारण गरिन्छ। यस प्रक्रियाले सीमान्तकृत समुदायलाई विद्यमान शक्ति संरचनाको रूपान्तरणतर्फ प्रभावकारी रूपमा काम गर्न सक्षम बनाउँछ। यस सन्दर्भमा राजनीतिक, नागरिक तथा सामाजिक सशक्तीकरणलाई आर्थिक सशक्तीकरणको मूल पूर्वसर्तका रूपमा लिइएको छ। गरिबीलाई केवल आर्थिक अभावको समस्याका रूपमा मात्र नभई अन्याय र मानव अधिकार उल्लङ्घनविरुद्ध आवाज उठाउने क्षमता, सङ्गठित नागरिक समूहहरूको निर्माण, स्रोत–साधनको कमी, तथा राजनीतिक अस्थिरताजस्ता संरचनात्मक कारकहरूसँग जोडेर व्याख्या गरिन्छ।

लोकतान्त्रिक प्रक्रियाको कमजोरी र आपसी एकताको अभावले गरिबी तथा वर्गीय विभेदका प्रभावलाई अझ गहिरो बनाउँदै नागरिकमाथि दोहोरो प्रतिकूलताको अवस्था सिर्जना गर्दछ। यसले सामाजिक असमानता झन गहिरो बनाउँछ र समावेशी विकासको बाटो अवरुद्ध गर्छ।

समाजमा समानता र समतामूलक सम्बन्ध स्थापना गर्न सबै पक्षबीच सङ्गठित एकता अपरिहार्य हुन्छ। यसका लागि संवैधानिक अधिकार तथा कानूनी दायित्वको पालना गरी नागरिकलाई आफ्ना सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थाका मूलभूत कारणबारे अवगत गराउन विभिन्न सहभागितामूलक विधि र प्रक्रियाहरू अवलम्बन गरिन्छ। सामाजिक तथा राजनीतिक शक्ति संरचनाको पहिचान, विश्लेषण तथा त्यसको प्रयोगबारेको गहन र समलोचनात्मक अध्ययनले नागरिकको सचेतना वृद्धि गर्न निर्णायक भूमिका खेल्दछ।

सहभागितामूलक विश्लेषणका विधि–प्रक्रियाले गरिबीका अन्तरनिहित तथा संरचनागत कारणहरूबारे साझा, व्यापक र गहिरो बुझाइ निर्माण गर्न सहयोग पुर्‍याउँछ। यस अन्तर्गत समाजमा विद्यमान असमान शक्ति सम्बन्ध र विभेदका मुद्दामा खुला छलफलका लागि आवश्यक अवसर प्रदान गरिन्छ। यस्तो सामूहिक अभ्यासले समुदायमा समान आवाज, पारदर्शिता र आमसहमति निर्माण गर्दै दिगो सामाजिक रूपान्तरण तथा न्यायपूर्ण विकास सुनिश्चित गर्न महत्वपूर्ण पहल गर्दछ।





### मिश्रित सामाजिक परिचालन

आर्थिक सशक्तीकरणमार्फत समुदाय तथा व्यक्तिको सामाजिक, आर्थिक र राजनीतिक अवस्था परिवर्तन गर्ने उद्देश्यलाई केन्द्रमा राखिन्छ। यस प्रक्रियाले व्यक्तिलाई आत्मनिर्भर बनाउने मात्र नभई उनीहरूको सामाजिक पहिचान, स्वाभिमान तथा निर्णय क्षमताको अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। जब समुदाय आन्तरिक स्रोत र सीपको सदुपयोग गर्दै आय वृद्धि र जीवनस्तर सुधारतर्फ अग्रसर हुन्छ, त्यसले समाजभित्रको हैसियत तथा सहभागितामा दीर्घकालीन रूपान्तरण सम्भव बनाउँछ।

साथै, आर्थिक सशक्तीकरणले समाजमा समान अवसरको वातावरण निर्माण गर्न सहयोग पुर्‍याउँछ। यसले महिला, अल्पसङ्ख्यक तथा पिछडिएका वर्गलाई आफ्नो अधिकार र पहिचानको संरक्षण गर्ने क्षमता प्रदान गरी समावेशी र दिगो विकासको लक्ष्य हासिल गर्न योगदान पुर्‍याउँछ।

### स्थानीय तहमा सामाजिक परिचालन किन ?

स्थानीय तहको संवैधानिक संरचनाअनुसार, एक पाँच-वर्षे कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिलाई सो अवधिभित्र विघटन वा हटाउन नपाउने व्यवस्था रहेको छ। यसले निर्वाचित पदाधिकारीको स्थायित्व, स्थानीय सरकारको निरन्तरता तथा जनप्रतिनिधित्वको अधिकार सुनिश्चित गर्छ। तथापि, नगर तथा गाउँसभामा विपक्षी दलको संसदीय अभ्यासको अभावले निर्णय प्रक्रियामा आवश्यक समालोचनात्मक र सन्तुलित लोकतान्त्रिक अभ्यास कमजोर रहेको देखिन्छ। परिणामस्वरूप, स्थानीय तहका प्रमुखबाट कार्यकारी अधिकारको असन्तुलित प्रयोग हुने जोखिम रहन्छ, जसले सार्वजनिक खर्च र नीतिको पारदर्शिता तथा नागरिकप्रतिको जवाफदेहिता कमजोर बनाउँदै कानूनी चुनौती उत्पन्न गर्न सक्छ।

यस सन्दर्भमा, पदाधिकारी, कर्मचारी र नागरिकबीच सहजीकरणको कानूनी तथा प्रशासनिक महत्व अत्यन्तै उच्च छ। प्रभावकारी सहजीकरणले नीति निर्माण, सेवा प्रवाह तथा स्थानीय शासन व्यवस्थामा सहभागी र पारदर्शी प्रक्रियाको सुनिश्चितता गर्दछ। निर्वाचित प्रतिनिधि, प्रशासनिक संयन्त्र र नागरिकबीच सहकार्यको अभाव भयो भने लोकतान्त्रिक अभ्यास कमजोर बन्ने सम्भावना रहन्छ। त्यसैले, सबै सरोकारवालाबीच स्पष्ट भूमिकाहरू, जवाफदेहिता, र सहभागितामूलक संरचना सुनिश्चित गर्नु संवैधानिक दायित्वसँग प्रत्यक्ष रूपमा सम्बद्ध प्रमुख सरोकार हो।

लोकतान्त्रिक प्रणालीको माध्यमबाट स्थानीय तहको जवाफदेहिता सुनिश्चित गर्नु तथा सेवाग्राहीका माग र आवश्यकताहरूको प्रभावकारी सम्बोधन गर्नु अत्यन्त आवश्यक छ। यसका लागि सरकारका प्रतिगमन वा अलोकतान्त्रिक निर्णय र प्रक्रियाप्रति प्रश्न उठाउने अधिकारको प्रयोग गर्न सकिन्छ। यसले शासन प्रणालीमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्दै नागरिक सहभागितालाई प्रभावकारी बनाउँछ।

साथै, जनसङ्गठन निर्माण तथा सङ्गठित आवाजको प्रवर्धन गर्न सचेत पहल आवश्यक हुन्छ। आलोचनात्मक दृष्टिकोणसहित रचनात्मक सुझाव तथा आवश्यक पृष्ठपोषण प्रदान गर्न सकिएमा नीति निर्माण र सेवा प्रवाहमा नागरिकको सक्रिय सहभागिता सुदृढ हुन्छ। यसले लोकतान्त्रिक पद्धति तथा संस्कृतिलाई मजबुत बनाउँदै समाजमा समानता, उत्तरदायित्व, र नागरिकमैत्री शासनको वातावरण सिर्जना गर्दछ।

## सामाजिक परिचालनको केही विधि, पद्धति र प्रक्रिया

**लोकतान्त्रिक जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्नु :** स्थानीय तह र सम्बन्धित निकायहरूले नागरिकका आवश्यकता र मागअनुसार सेवाहरू प्रदान गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्दछ। यस क्रममा सरकारको प्रतिगमन, अलोकतान्त्रिक निर्णय वा प्रक्रियाविरुद्ध प्रश्न उठाउने, पारदर्शिता कायम राख्ने र सार्वजनिक हितको संरक्षण गर्ने कार्य अत्यन्त महत्वपूर्ण हुन्छ।

**सामाजिक चेतना र जनसंगठन निर्माण :** सामुदायिक संस्था, जनसंगठन, नागरिक समूह तथा सहभागिता मञ्चहरूको विकास गरी संगठित आवाजको प्रवर्धन गर्नु आवश्यक हुन्छ। यसले गरिबपक्षीय नीति निर्माण तथा स्थानीय विकास प्रक्रियामा नागरिकको समावेशी सहभागिता बढाउँछ र समाजमा सशक्त, जिम्मेवार तथा सचेत नागरिक संरचना स्थापना गर्न सहयोग पुऱ्याउँछ।

**सिर्जनात्मक आलोचना र गरिबपक्षीय सुझाव प्रवाह :** सरकारी नीति, कार्यक्रम तथा सेवाहरू सुधार गर्न आलोचनात्मक र सिर्जनात्मक सुझाव प्रदान गर्नु अनिवार्य हुन्छ। यसले निर्णय प्रक्रियालाई न्यायपूर्ण बनाउँछ, कार्यान्वयनमा गुणस्तर सुनिश्चित गर्छ, र लोकतान्त्रिक शासन प्रणालीप्रति नागरिकको विश्वास तथा उत्तरदायित्वको संवर्धन गर्दछ।

## सामाजिक परिचालक र सहजकर्ताले ध्यान दिनुपर्ने विषयहरू

**व्यक्तिगत अध्ययन र क्षमता अभिवृद्धि :** आफूलाई निरन्तर अध्ययनमा संलग्न राख्नु र नयाँ ज्ञान तथा सीपहरूको जानकारी निरन्तर अद्यावधिक गर्नु आवश्यक हुन्छ। यसका लागि राज्यको दायित्व, प्रतिबद्धता, मापदण्ड र स्तर, मानव स्रोत व्यवस्थापन, जवाफदेहिताका विधि तथा सम्बन्धित अध्ययन सामग्रीको नियमित अध्ययन अनिवार्य मानिन्छ। यसले जिम्मेवार र नतिजामुखी कार्यसम्पादन सुनिश्चित गर्दछ।

**स्थानीय तहको नीति र असल अभ्यासबारे जानकारी :** स्थानीय तहका नीति, नियम, बजेट तथा कार्यक्रमको गहन बुझाइ हुनु अत्यावश्यक हुन्छ। साथै, सेवाप्रदायक र स्थानीय तहले गरेका उत्कृष्ट कार्यहरूको दस्तावेजीकरण गरी अन्य जनप्रतिनिधि, सेवाप्रदायक तथा साझेदारहरूसम्म पुऱ्याउनुपर्दछ, यसो गर्नाले पारदर्शिता तथा जानकारीको प्रवाह सुनिश्चित गर्दछ।

**अधिकार संरक्षण र समुदायको अवस्था विश्लेषण :** सरकारको वार्षिक कार्यक्रम, योजना तथा अधिकारवालाको अवस्था र मागलाई निरन्तर पैरवी गर्नुपर्दछ। साथै, स्थानीय समुदायको अवस्थाको आवधिक विश्लेषण गरी नीति निर्माण, कार्यक्रम सुधार र सामाजिक विकासका लागि तथ्यप्रमाणमा आधारित सान्दर्भिक सुझाव प्रस्तुत गर्न सकिन्छ।





**कार्यको समीक्षा र कार्ययोजनामा सुधार :** संस्थागत कार्य, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आफ्ना क्रियाकलाप तथा उपलब्धिहरूको तेस्रो पक्ष र सहकर्मीहरूसँग नियमित रूपमा समीक्षा तथा सुझाव लिनुपर्दछ। आगामी कार्यक्रम सञ्चालनका प्रक्रिया तथा चरणहरूबारे व्यवस्थित छलफल गरी सुनिश्चितता गर्नु आवश्यक हुन्छ, जसले लक्ष्यअनुरूपका गतिविधिहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउँछ।

**संगठनात्मक सिकाइ र पूर्ण समीक्षा :** बैठक तथा समीक्षा कार्यक्रममार्फत भिन्न क्षमता भएका व्यक्तिहरूको अनुभव तथा सिकाइको आदान–प्रदान गर्नुपर्दछ। संस्थागत दक्षता र निरन्तर सुधारमा सहयोगका लागि असल अभ्यास, चुनौती तथा असफलताको विश्लेषण गरी साझा सिकाइको वातावरण निर्माण गर्नु आवश्यक हुन्छ।

**दैनिक कार्य व्यवस्थापन तथा दस्तावेजीकरण :** मासिक कार्यसूची तयार गरी दैनिक रूपमा अद्यावधिक गर्नुपर्दछ। साथै, अधिकारवाला व्यक्तिहरूको तथ्याङ्क विवरण तथा समुदायमा देखिएका परिवर्तनहरू (सफलता वा असफलता) व्यवस्थित रूपमा अभिलेखन गरी दस्तावेजीकरण गर्दा पारदर्शिता, जवाफदेहिता तथा आफ्नो कार्यसम्पादनको मूल्याङ्कनमा महत्वपूर्ण सहयोग पुऱ्याउँछ।




# १०

## लैङ्गिक उत्तरदायी बजेट: बुझाइ, प्रतिबद्धता र नागरिक संस्थाको भूमिका

**Gender Responsive Budget: Understanding, Commitment and Role of CSO**

# १० लैङ्गिक उत्तरदायी बजेट: बुझाइ, प्रतिबद्धता र नागरिक संस्थाको भूमिका

## १. लैङ्गिक उत्तरदायी बजेट : समतामूलक सार्वजनिक बजेट

लैङ्गिक उत्तरदायी बजेट भन्नाले बजेट निर्माण प्रक्रियामा लैङ्गिक समानता र संवेदनशीलता सुनिश्चित गर्ने दृष्टिकोणलाई जनाउँछ। यो महिलाका लागि छुट्टै बजेट बनाउने प्रक्रियाभन्दा फरक छ; यसले सरकारी लगानी र खर्चले विभिन्न समूहहरूमा पार्ने प्रभावको विश्लेषण गर्छ र नीतिगत सुधारमार्फत लैङ्गिक अन्तर हटाउँदै महिलाको सशक्तीकरण तथा समावेशी अवसरका विकल्पहरू प्रदान गर्छ।

सङ्घ, प्रदेश र स्थानीय तहका आर्थिक नीतिहरूमा लैङ्गिक समानतालाई प्राथमिकताको रूपमा समावेश गर्दा सरकारले महिलाका अधिकारको प्रवर्धन तथा लैङ्गिक असमानता न्यूनीकरणका लागि आवश्यक स्रोत व्यवस्थापन र बाँडफाँड गर्न सहयोग पुग्छ। विभिन्न अध्ययनहरूले पनि लैङ्गिक समानताका लागि गरिएका सकारात्मक पहलहरूले आर्थिक वृद्धि, स्थिरता र गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने पुष्टि गरेका छन्। लैङ्गिक उत्तरदायी बजेटको पूर्ण कार्यान्वयनले सरकारी कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा रूपान्तरण ल्याई समावेशी समाज निर्माण, दिगो अर्थतन्त्रको विकास तथा न्यायपूर्ण र समतामूलक सामाजिक संरचना निर्माण गर्न मद्दत गर्दछ।

## २. नेपालमा लैङ्गिक उत्तरदायी बजेट : अभ्यास र प्रक्रिया

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको औपचारिक सुरुवात २०६२/६३ को बजेट भाषणबाट भएको देखिन्छ। सरकारले आफ्नो बजेट प्रक्रियामा लैङ्गिक समानतालाई बजेट कार्यक्रममार्फत सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो। यस रणनीतिक कार्यलाई प्रणालीगत बनाउने उद्देश्यले अर्थ मन्त्रालयका सहसचिव प्रमुख रहने बजेट तथा कार्यक्रम महाशाखाको संयोजकत्वमा लैङ्गिक उत्तरदायी बजेट निर्माण समिति गठन गरिएको थियो। यस समितिले विभिन्न मन्त्रालय र राष्ट्रिय योजना आयोगको वित्तीय योजनाहरूमार्फत लैङ्गिक उत्तरदायी बजेटलाई प्रक्रियागत प्रणालीमा ल्याउने तथा समन्वय गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

पछिल्ला केही आर्थिक वर्षमा लैङ्गिक उत्तरदायी बजेटमार्फत महिलाको सशक्तीकरण र लैङ्गिक अल्पसंख्यकहरूको हित सुनिश्चित गर्ने दिशामा भएको प्रगतिलाई हेर्दा, राष्ट्रिय योजना आयोगले १२औँ पञ्चवर्षीय योजनामा यसलाई मुख्य रणनीतिक कार्यको रूपमा समावेश गरेको देखिन्छ। सन् २०११ मा गरिएको चारवर्षे प्रगति समीक्षापश्चात् लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयन कार्यविधि तय गर्ने आधार तयार पार्न मद्दत पुग्यो। सन् २०१२ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लैङ्गिक उत्तरदायी बजेटको स्थानीयकरण रणनीति औपचारिक रूपमा तयार गरी यसको अवधारणाहरू प्रदेश सरकार र स्थानीय तहहरूको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने प्रक्रिया सुरु गरेको थियो। यद्यपि, यसको पूर्ण रूपमा आम बुझाइ, कार्यान्वयन र प्रभाव हालसम्म सन्तोषजनक देखिएको छैन।

## ३. लैङ्गिक उत्तरदायी बजेटको महत्व : असमानता विरुद्धको चुनौती

लैङ्गिक संवेदनशील लगानी तथा सम्बन्धित नीतिहरूले लैङ्गिक असमानताका मूल कारणहरूलाई चिर्न सहयोग गर्छन्। लैङ्गिक उत्तरदायी बजेट निर्माणमार्फत महिलाहरूमाथि पर्ने पारिश्रमिकबिनाको स्याहार कार्यको बोझ कम गर्ने, सबै प्रकारका लैङ्गिक हिंसाको अन्त्य गर्ने तथा राज्यले प्रदान गर्ने सार्वजनिक सेवाहरूमा सबै नागरिकका लागि गुणस्तरीय र सहज पहुँचयोग्य सेवा सुनिश्चित गर्ने अवस्था सिर्जना गर्न सकिन्छ।

यसले हानिकारक तथा संरचनागत सामाजिक मूल्यमान्यता र असमान शक्ति सम्बन्धहरूलाई न्यायपूर्ण बनाउँदै महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रहरूमा भूमिका र सहभागिताको दायरा समेत फराकिलो बनाउने काम गर्छ।





साथै, सरकारको बजेट तथा खर्च व्यवस्थापनमा शक्ति पुनर्वितरणका लागि व्यवस्थित संरचनागत प्रणालीको स्थापना गर्दछ। यस अवधारणाले लैङ्गिक असमानतामा मात्र कुरा गर्दैन, यसले लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रियामा समावेशी र समानुपातिक सहभागितालाई सुनिश्चित गर्दै विविध वर्गहरू (महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय) लगायत अत्यन्त सीमान्तकृत एवं जोखिममा रहेका समूहहरूबीच साझा अधिकारको र जिम्मेवारी संरक्षण गर्न सहयोग पुऱ्याउँछ।

यसको न्यायपूर्ण तथा प्रभावकारी कार्यान्वयनले दीर्घकालीन रूपमा लैङ्गिक समानताको वास्तविक अनुभव र रूपान्तरणीय परिवर्तनलाई प्रवर्धन गर्छ।

## ४. लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाको संस्थागत पहल : विधि, प्रतिबद्धता तथा पारदर्शिता

- योजना र बजेट निर्माण प्रक्रियाका सबै चरणहरूमा लैङ्गिक समानतालाई समावेश गर्न प्रस्तावित लैङ्गिक उत्तरदायी बजेट निर्माणका विधिहरूको अभ्यास गर्ने।
- नीति तथा बजेट खर्चको अनुगमन र प्रभाव मूल्याङ्कनका लागि लैङ्गिक केन्द्रित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्न पहल गर्ने।
- सरकारका सबै तहमा बलियो राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्न पहल गर्ने।
- नागरिक समाज तथा सञ्चारमाध्यमको सक्रिय र व्यापक सहभागिताको वातावरण सिर्जना गरी लैङ्गिक उत्तरदायी बजेटका प्राथमिकता र प्रक्रियालाई आकार दिन पहल गर्ने।
- स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयन गरी लैङ्गिक विभेद र असमानता न्यूनीकरणका लागि पारदर्शिता र जवाफदेहिताका विधि तथा अभ्यासहरू सुनिश्चित गर्ने।
- स्थानीय तहका जनप्रतिनिधि र योजना निर्माण समितिका पदाधिकारीहरूका लागि लैङ्गिक उत्तरदायी बजेटको अवधारणा तथा प्रक्रियासम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
- लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रमको कार्यान्वयनलाई जानकारीमूलक र प्रभावकारी बनाउन तथा अनुगमनका लागि लैङ्गिकतामा आधारित तथ्याङ्क सङ्कलन र संस्थागत प्रणाली सुधार गर्न पैरवी गर्ने।

## ५. समताका लागि लैङ्गिक उत्तरदायी बजेट तथा खर्च : विधि र विश्लेषण

लैङ्गिक उत्तरदायी बजेट विनियोजन र खर्चको प्रगतिशील अनुगमनले स्रोतसाधनको समतामूलक वितरण सुनिश्चित गर्नुका साथै वित्तीय नीतिहरूमा समानताको लक्ष्य निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्दछ। लैङ्गिक संवेदनशील कार्यक्रम र बजेटलाई विश्लेषणात्मक रूपमा अनुगमन गर्दा सङ्घदेखि स्थानीय तहसम्मका सरकारहरूले योजना निर्माण, कार्यान्वयन र अनुगमनको प्रत्येक चरणमा समानताको उद्देश्य र दृष्टिकोण समावेश गर्न आधार तयार हुन्छ। यस्ता पहल र प्रयासले नीति निर्माणकर्ताहरूलाई लैङ्गिक समानताको लक्ष्यसँग मेल खाने गरी आवश्यक लगानी बढाउन प्रेरित गर्छ।

प्रभावकारी बजेट विश्लेषणले लैङ्गिक सम्बन्धी विनियोजन र खर्चको समीक्षा, लक्षित वर्गको सन्तुष्टि मूल्याङ्कन तथा वास्तविक तथ्यांकलाई एकीकृत रूपमा समावेश गर्दछ। लैङ्गिक प्रभाव मूल्याङ्कन (Gender Impact Assessment) तथा लैङ्गिक उत्तरदायी सार्वजनिक सेवा कार्यढाँचा (Gender-Responsive Public Service Framework) जस्ता विधिहरूको अभ्यासले सरकारको जवाफदेहिता सुदृढ पार्छ र लैङ्गिक असमानताको खाडलहरू न्यायपूर्ण रूपमा कम गर्न सहयोग गर्छ। यस किसिमको पहलले स्रोतसाधनको व्यवस्थापनमा प्रभावकारिता, सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्ने मात्र नभई न्यायपूर्ण लैङ्गिक समानता स्थापना गर्न महत्वपूर्ण टेवा पुऱ्याउँछ।

## ६. समावेशी आर्थिक वृद्धिका लागि लैङ्गिक समानता प्रवर्धन

**सामाजिक पूर्वाधार:** सार्वजनिक सेवाहरू जस्तै शिशु र बाल स्याहार केन्द्र, स्वास्थ्य र शिक्षा **उपलब्धता, पहुँच, सर्वसुलभता र गुणस्तर,** साथै आर्थिक गतिविधिका विभिन्न पक्षमा सकारात्मक प्रभाव पार्न अत्यन्तै महत्वपूर्ण छन्। यस्ता सार्वजनिक सेवाहरूको सुधार र पहुँचले महिलाहरूको श्रम बजारमा पहुँच अभिवृद्धि गर्न उपयुक्त वातावरण निर्माण गर्न सहयोग पुऱ्याउँछ।

**श्रम बजारमा लैङ्गिक असमानता अन्त्य गर्ने:** यसले श्रम बजारमा लैङ्गिक समानताको उचित वातावरण र अवसर सिर्जना गरी समावेशी र दिगो आर्थिक वृद्धि सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ। महिलाहरूको श्रम क्षेत्रमा सहभागिता बढाउने, ज्यालामा लैङ्गिक विभेद र असमानता घटाउने, र निर्णय प्रक्रियामा समतामूलक प्रतिनिधित्व सुनिश्चित गर्ने पहलहरूले महिलाहरूको रोजगार दर तथा सामाजिक सुरक्षा सुधार गर्न योगदान पुऱ्याउँछ। साथै, सेवा क्षेत्रभित्र सुरक्षित कार्यस्थलहरू विस्तार गर्ने र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षामा सुधार गर्ने रणनीतिक तथा व्यावसायिक पहलहरूले समग्र आर्थिक प्रणालीमा रूपान्तरकारी प्रभाव पार्दछ।

**कक्षाकोठादेखि समृद्धिसम्म, बालिकाको शिक्षाको प्रभाव:** समावेशी पूर्वाधार लैङ्गिकमैत्री विद्यालय वातावरण र स्थानीय नीतिहरू जस्तै बालिकाको विद्यालय छोड्ने दर घटाउने उपायहरू मार्फत बालिकाको शिक्षामा गरिएको लगानीले सामाजिक तथा आर्थिक दृष्टिकोणबाट महत्वपूर्ण सुधार ल्याउँछ। साथै, लैङ्गिक पारिश्रमिकको विभेद घटाउने, महिलाको आर्थिक अवसर र स्रोतहरूमा पहुँच विस्तार गर्ने रणनीतिक तथा सकारात्मक पहलहरूले न्यायपूर्ण र समावेशी समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

**महिला स्वास्थ्यका लागि लगानी र प्राथमिकता:** महिलाको स्वास्थ्य, विशेष गरी मातृ तथा प्रजनन स्वास्थ्य, व्यक्तिगत तथा सामाजिक समृद्धिका लागि अत्यन्त आवश्यक छ र यसले व्यापक आर्थिक लाभ पुऱ्याउँछ। यद्यपि केही प्रगति भए पनि स्वास्थ्य, पहुँच, प्रविधि र आयको क्षेत्रमा अझै लैङ्गिक खाडल विद्यमान छन्। यस्ता समस्यालाई समाधान गर्न लैङ्गिक उत्तरदायी बजेटमार्फत पर्याप्त स्रोत परिचालन र प्रभावकारी नीतिहरू कार्यान्वयन गर्नु आवश्यक छ।

**लैङ्गिक हिंसाको अन्त्य गर्ने अभियान:** लैङ्गिक हिंसाले महिला तथा बालबालिकाको श्रम अवसरमा कमी, उत्पादन क्षेत्रमा ह्रास र मानवीय विकासमा बाधा पुऱ्याउँछ, र फलस्वरूप यसबाट ठूलो आर्थिक भार सिर्जना हुन्छ। यसको प्रभाव अन्तरपुस्तामा पनि देखिन्छ, मुख्य गरी कमजोर शिक्षा, मानसिक स्वास्थ्यमा समस्या, र हिंसाको निरन्तरताले दीर्घकालीन सामाजिक तथा आर्थिक असर पार्दछ। लैङ्गिक हिंसाको अन्त्यले आर्थिक समृद्धि, न्यायपूर्ण र सामाजिक समावेशीकरण तथा ऐक्यबद्धता सुदृढ गर्छ। यसले सम्बन्धित सार्वजनिक खर्चमा उल्लेखनीय सुधार पनि ल्याउँछ।

**नेतृत्व र निर्णय प्रक्रियामा महिलाको सशक्तीकरण:** महिलाको आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा पूर्ण सहभागिता सुनिश्चित गर्न नीति निर्माणमा सुधार र समावेशी संस्थागत सुधार आवश्यक छ। नेतृत्व तहमा लैङ्गिक समानताको प्रवर्धनले रोजगारी क्षेत्र सुदृढ गर्ने मात्र नभई श्रम उत्पादकत्व बढाउँछ। सबै तहका निर्णय प्रक्रियामा महिलाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्दा समाज र रोजगारदाताबीच समावेशी तथा न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुग्छ।

## ७. समावेशी स्थानीय योजना तथा बजेट निर्माणका लागि पैरवी

लैङ्गिक समानताका लागि रूपान्तरणीय प्रगति, महिलाहरूको आर्थिक वृद्धि तथा समग्र समृद्धिका लागि विकास प्राथमिकता, आन्तरिक स्रोत परिचालन, र सार्वजनिक सेवा क्षेत्रमा पर्याप्त बजेट विनियोजनमा केन्द्रित हुनु आवश्यक छ, विशेषतः निम्न विषयहरूमा:

- स्याहारमूलक कार्यको बोझ कम गर्न सार्वजनिक लगानीमार्फत शिशु स्याहार, स्वास्थ्य र शिक्षामा कुनै विभेद नगरी सेवा प्रवाह सुनिश्चित गर्ने।
- पारिश्रमिकबिनाको स्याहार कार्यको (विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक र आश्रितहरूको सन्दर्भमा) पुनर्वितरण र न्यूनीकरणसम्बन्धी लैङ्गिक समानतामैत्री नीतिहरूप्रति विशेष वित्तीय लगानीमा ध्यान दिनु।
- लैङ्गिक समानतालाई प्रवर्धन गर्ने उद्देश्यले विशेष रूपमा सञ्चालित प्रारम्भिक बाल शिक्षा कार्यक्रमहरूमा लगानी वृद्धि गर्ने तथा सबै बालबालिकाका लागि लैङ्गिक समान पहुँच र सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने।





- सबैका लागि आवश्यक खानेपानी र विद्युतजस्ता आधारभूत सेवाहरूमा सहज पहुँच सुनिश्चित गर्नुका साथै लैङ्गिकमैत्री मातृ-स्वास्थ्य सुविधा तथा बिदा नीतिहरूको व्यवस्था गरी स्याहार कार्यको जिम्मेवारी विभेदरहित हिसाबले बाँडफाँड हुने वातावरण सिर्जना गर्ने।
- सबै प्रकारका लैङ्गिक हिंसा अन्त्य गर्न स्थानीय तहका न्यायिक प्रणाली तथा संरचनाहरू सुदृढ गर्दै हिंसा प्रभावितहरूको न्यायमा पहुँच पुऱ्याउन आवश्यक वित्तीय तथा प्राविधिक सहयोगप्राप्त गर्न सक्ने व्यवस्था गर्ने।
- महिलाको आर्थिक सुरक्षा र स्वायत्तता बलियो पार्न मर्यादित रोजगारीको पहुँच विस्तार गर्ने, समान कामको समान पारिश्रमिक सुनिश्चित गर्न अनुगमन संयन्त्र स्थापना गर्ने तथा उत्पादनमूलक स्रोतहरूमा पहुँचको अवसर सिर्जना गर्ने।
- महिलाको आर्थिक तथा निर्णय प्रक्रियामा सहभागितामा अवरोध पुऱ्याउने संरचनागत र भेदभावपूर्ण सामाजिक तथा नीतिगत अभ्यासहरूलाई अन्त्य गर्न रूपान्तरणीय रणनीतिक कार्यहरू गर्ने।
- सबैका लागि, विशेषगरी अनौपचारिक क्षेत्रका श्रमिकका लागि, सामाजिक सुरक्षाका लागि व्यवहारिक नीतिहरूको निर्माण र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गर्ने।

## ८. लैङ्गिक संवेदनशील कर नीतिमार्फत लैङ्गिक समानता प्रवर्धन

लैङ्गिक समानता प्रवर्धन गर्ने उद्देश्यका साथ सरकारले सार्वजनिक राजस्व (कर सङ्कलन) र सार्वजनिक खर्च दुवै पक्षमा ध्यान दिँदै लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गर्छ। कर नीतिहरूले महिला र पुरुषमा फरक प्रभाव पार्न सक्छन्, जसले लैङ्गिक असमानता र अन्तर बढाउन सक्छ। त्यसैले, लैङ्गिक उत्तरदायी बजेटको अवधारणाले केवल खर्चमा मात्र होइन, कर कसरी सङ्कलन गरिन्छ र आर्थिक नीतिहरू कत्तिको समावेशी तथा लैङ्गिकमैत्री निर्णय गरिन्छ भन्ने विषयमा पनि ध्यान दिन्छ।

राष्ट्रिय राजस्वको आकार सामान्यतया कुल गृहस्थ उत्पादन (GDP) को अनुपातमा मापन गरिन्छ। सरकारको बजेट कार्यक्रमले लैङ्गिक असमानता घटाउने क्षमता यसको कर राजस्व र समाजका कुन समूहहरूले कति कर तिर्दछन् भन्ने कुराले निर्धारण हुन्छ। कर राजस्व प्रगतिशील रूपमा सङ्कलन गरिएमा र न्यायसंगत वितरण तथा खर्च गरिएमा सरकार सार्वजनिक सेवा, सामाजिक सुरक्षा र पूर्वाधारका लागि आवश्यक स्रोत जुटाउन सक्छ, जसले लैङ्गिक समानता र महिलाहरूको सशक्तीकरण प्रवर्धन गर्न सहयोग गर्छ।

सार्वजनिक राजस्वको संरचना, विशेष गरी प्रत्यक्ष र अप्रत्यक्ष करबाट कति योगदान आउँछ भन्ने विश्लेषण हाम्रो सन्दर्भमा अत्यन्त महत्वपूर्ण छ। नेपालको सन्दर्भमा महिलाहरू औपचारिक रोजगारी क्षेत्रमा सीमित सङ्ख्यामा सहभागी छन्। यस्तो अवस्थामा अप्रत्यक्ष करको प्रयोग वृद्धि र अनौपचारिक अर्थतन्त्रमा कर लगाउने प्रवृत्तिले गरिब परिवार र महिला श्रमिकहरूमा असमान असर पार्ने सम्भावना रहन्छ। त्यसैले, कर नीतिहरूले महिलाहरूको रोजगारमा सहभागिता र स्याहार सम्बन्धी जिम्मेवारीमा कसरी प्रभाव पार्छ भन्ने विश्लेषण गर्नु आवश्यक हुन्छ।

प्रत्यक्ष करहरू खासगरी न्यून आय भएका व्यक्तिहरूको हकमा कम सान्दर्भिक हुन्छन्, किनभने महिलाहरूको मुख्य सहभागिता अनौपचारिक क्षेत्रको अर्थतन्त्रमा हुन्छ। यद्यपि, नेपाल सरकारले महिलालाई आर्थिक सशक्तीकरण गर्न र उनीहरूको आर्थिक गतिविधिमा सहभागिता बढाउन विभिन्न सकारात्मक कर छुटहरू (जस्तै व्यक्तिगत आयकरमा छुट, उद्योग दर्ता शुल्कमा छुट, आयातमा कर छुट) प्रत्येक आर्थिक वर्षको बजेटमा प्रस्ताव गर्दै आएको छ, यद्यपि पर्याप्त देखिएको छैन।

जस्तै, महिलालाई व्यक्तिगत आयकरमा १० प्रतिशत छुट, महिलाका नाममा दर्ता हुने उद्योगको दर्ता शुल्कमा छुट, ती उद्योगका लागि आयात गरिने सामानमा कर छुट, र महिलाको नाममा जग्गा दर्ता गर्दा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ।

## ९. लैङ्गिक उत्तरदायी बजेटका लागि नागरिक समाजको भूमिका

लैङ्गिक उत्तरदायी बजेट निर्माणलाई लैङ्गिक समानता प्राप्तिको दिशामा अघि बढाउन नागरिक समाजको भूमिका अत्यन्त महत्वपूर्ण छ। सामुदायिक समूह, नागरिक समाज संगठन र गैरसरकारी संस्थाहरूले सरकारको नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा लैङ्गिक समानता र महिलाहरूका विशेष आवश्यकतालाई सम्बोधन गर्न दबाव, पैरवी र प्राथमिकतामा बजेट विनियोजन सुनिश्चित गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन्।

नागरिक समाजका संस्थाहरूले लैङ्गिक उत्तरदायी बजेटको पक्षमा पैरवी गर्नु, सरकारी खर्चको निगरानी गर्नु र लैङ्गिक समानताका प्रतिबद्धतामा नीति निर्माण तहलाई जवाफदेही बनाउनु महत्वपूर्ण छ। यी संस्थाहरूले बजेटमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र विविध समुदायहरूको आवाज र आवश्यकता समावेश भएको सुनिश्चित गर्न सक्छन्। यस्तो अभियानमा सहभागी सङ्घसंस्थाहरू, विशेष गरी महिलाका अधिकार र लैङ्गिक समानताका क्षेत्रमा सक्रिय संगठनहरूले बजेट निर्माण प्रक्रियामा संलग्न हुन कति महत्वपूर्ण छ भन्ने विषयमा संवेदनशील हुन आवश्यक छ।

साथै, नागरिक समाजले सार्वजनिक वित्त र लैङ्गिक समानताका लागि लैङ्गिक उत्तरदायी बजेट अवधारणाको प्रवर्धन, कार्यान्वयनमा सहयोग, र यसको दिगोपन सुनिश्चित गर्न सहजीकरणको भूमिका निर्वाह गर्न सक्छ। सार्वजनिक बजेट निर्माण प्रक्रियामा महिलाको सहभागिता आवश्यकताको महत्व र भूमिकाबारे जनचेतना अभिवृद्धि गर्ने, नागरिकको आवश्यकता सम्बोधन गर्न तथा तथ्याङ्क र प्रमाणमा आधारित नीतिगत पैरवी र पर्याप्त लगानीको माग उठाउने कार्यले लैङ्गिक समानता र स्रोत साधनको न्यायपूर्ण वितरण प्रवर्धन गर्न सहयोग पुऱ्याउँछ।

तर, स्थानीय सामुदायिक संस्थाहरूलाई आवश्यक वित्तीय स्रोतको अभावका कारण प्रभावकारी र दिगो रूपमा अनुसन्धान, पैरवी, सहजीकरण र जवाफदेहिता सम्बन्धी कार्य गर्न पर्याप्त स्रोत र क्षमता विकासका लागि लगानी आवश्यक छ। साथै, विभिन्न सञ्चार माध्यममार्फत जानकारी प्रवाह, प्रशासन र जनचेतना विस्तारमा नागरिक समाजको भूमिका महत्वपूर्ण हुन्छ। यसले सूचनालाई व्यवहारिक कार्यमा रूपान्तरण गर्न र विभिन्न तहमा नागरिकको आवाज बलियो बनाउन सहयोग पुऱ्याउँछ।

### १०. एक्सनएड र यसका साझेदारहरूले निम्न पहल र कार्यहरूमार्फत लैङ्गिक उत्तरदायी बजेटको पैरवी गर्न सक्छन् :

- लैङ्गिक समानता र सार्वजनिक वित्तमा स्थानीय सामुदायिक तथा नागरिक समाजका संस्थाहरूलाई बजेट निर्माण प्रक्रियामा निरन्तर चासो र सहभागिता सुनिश्चित गर्न आवश्यक स्रोत र सहयोग उपलब्ध गराउने।
- लैङ्गिक न्याय र समानताको अभियानमा संलग्न नागरिक समाज तथा गैरसरकारी संस्थाहरूबीच सहकार्य र सञ्जाल सुदृढीकरण गरी लैंगिक समानताको क्षेत्रमा लगानी गर्नुपर्ने प्रमुख प्राथमिकता र आवश्यकताहरू पहिचान गर्ने तथा विभिन्न तहमा निरन्तर पैरवी सञ्चालन गर्ने।
- सरकारले लैङ्गिक समानताका लागि तय गरेका नीतिगत प्राथमिकतामा खर्च विश्लेषण र अनुगमन गर्ने कार्यमा नागरिक समाजको भूमिकालाई प्रभावकारी बनाउँदै जनउत्तरदायी शासन प्रणाली प्रवर्धन गर्ने।
- बजेट निर्माण प्रक्रियामा वञ्चित र सीमांतकृत समुदाय, विशेष गरी महिलाहरूको आवाज अझ सङ्गठित गर्न नागरिक समाज र अभियानकर्मीहरूलाई समावेश गर्ने वातावरण सिर्जना गर्ने।
- बजेट तथा आर्थिक नीतिको लैङ्गिक प्रभावकारितासम्बन्धी सूचना सङ्कलन र विश्लेषण गर्ने कार्यमा स्थानीय समूह र संस्था-सञ्जालको भूमिका बलियो बनाउने।
- लैङ्गिक उत्तरदायी बजेट र यसको प्रभावकारिता सम्बन्धी स्थानीय प्रभाव अध्ययन, खर्च विश्लेषण र अन्य प्रमाणहरू संकलन गर्ने।
- सार्वजनिक बजेट र लैङ्गिक न्यायसम्बन्धी विषयमा नागरिक समाज, निर्वाचित जनप्रतिनिधि, अर्थ विज्ञ र सांसदहरू, विशेष गरी महिला सांसदहरूबीच सहकार्य र संवादको पहल गर्ने; जस्तै बजेटको लैङ्गिक प्रभावबारे जानकारी, तथ्यांक र प्राथमिकताम्बन्धी प्रमाण सामग्री उपलब्ध गराउने र छलफल गर्ने।
- समुदायिक सङ्घसंस्थाहरूलाई स्थानीय तहको बजेट निर्माण र नीतिगत विकास प्रक्रियामा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, न्यायपूर्ण स्रोत वितरणको पक्षमा सशक्त भूमिका बढाउन र सचेत पहल गर्न प्रोत्साहित गर्ने।





## मुख्य सन्दर्भ सामग्री


१. नेपालको संविधान, २०७२ – धारा ३१ (शिक्षाको अधिकार) तथा संघीय शासन व्यवस्था
https://www.lawcommission.gov.np

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ – विद्यालय शिक्षा र स्थानीय तहको जिम्मेवारी
https://www.lawcommission.gov.np

३. विद्यालय शिक्षा क्षेत्र योजना (SESP) 2022–2032 नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
https://moest.gov.np

४. राष्ट्रिय शिक्षा नीति, २०७६ (2019) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
https://moest.gov.np

५. शिक्षाको लागि १० अधिकार हाते पुस्तिका (Promoting Rights in School-PRS)
(https://nepal.actionaid.org)

६. नागरिक शिक्षा प्रतिवेदन (Citizen Education Report-CER)
(https://nepal.actionaid.org)

७. Gender Responsive Public Service Framework-GRPS (https://actionaid.org/publications/2018/framework-2018-gender-responsive-public-services )

८. Gender Responsive Budget Allocation Spending on Nepal's Education Sector
(https://nepal.actionaid.org)

९. ActionAid – Education Financing & Public Services
https://actionaid.org

१०. Global Campaign for Education (GCE)
https://campaignforeducation.org

११. सूचना अधिकार ऐन, २०६४ तथा नियमावली
https://www.lawcommission.gov.np

१२. दिगो विकास लक्ष्य ४ (SDG 4): गुणस्तरीय शिक्षा
https://sdgs.un.org/goals/goal4

१३. विद्यालयलाई प्रभावकारी बनाउने उपाय (विद्यालय सरोकारवालाका लागि हाते पुस्तिका)
https://nepal.actionaid.org

१४. एक्सनएड अन्तर्राष्ट्रिय नेपाल (ActionAid Nepal) र साझेदार संस्थाहरूका अध्ययन, अनुभव र वकालत सामग्रीहरू
https://nepal.actionaid.org

दायित्व अस्वीकरण  (Disclaimer) : यस श्रोत सामग्रीमा समेटिएका अवधारणा र अभ्यासहरू नेपाल सरकारका नीति–कानुन, अन्तर्राष्ट्रिय मान्यता तथा एक्सनएड अन्तर्राष्ट्रिय  नेपाल र साझेदार संस्थाहरूको दीर्घकालीन अनुभव र सिकाइमा आधारित छन्।

**राष्ट्रिय कार्यालय**

अप्सरा मार्ग, लाजिम्पाट
वडा नं. ३, काठमाडौं, नेपाल

पोस्ट बक्स नं. ६२५७

+९७७ (०१) ४००२१७७

mail.nepal@actionaid.org

nepal.actionaid.org

facebook.com/actionaid.nep

twitter.com/@actionaidnep

instagram.com/actionaidnepal

youtube.com/c/actionaidnepal1982